यसबाट रत्नको सिंहासनमा कमलको फूलको बीच त्रिकोणाकारको यन्त्र हुन्छ । सोही यन्त्रमा तीनै लोकका मोहिनी रूप साक्षात् देवी विराजमान हुन्छिन् भन्ने कुरा व्याख्या गरिएको छ । यसले खटमा भएको यन्त्र त्रिकोण हो भनी बुझ्न सकिन्छ । यो यन्त्र कुनै पनि खटमा पाइँदैन । लोप भइसकेको देखिन्छ । तर टोखाको चण्डेश्वरी (काली) को खटमा त्रिकोणात्मक यन्त्र अद्यापि छँदैछ । यहाँ एउटा कुरा उल्लेख गर्न आवश्यक ठानेको छु ।

टोखाका चण्डेश्वरी माईको यात्रा गरिने मूर्ति हराएको थियो । केही समयपछि जनसहभागिता जुटाई नयाँ मूर्ति महिषासुर वध गरेकी उग्रचण्डी महालक्ष्मीको प्रतिस्थापित गरेको थियो । खटको यन्त्रसंग नयाँ राखेको मूर्ति मिलेन । मन्दिर देवतास्थानमा रहेको तोरणहरूमा भएको अभिलेखमा काली उल्लेख भएको पाइन्छ । मन्दिरका अभिलेख र नयाँ प्रतिस्थापित मूर्ति अमिल्दो छ । यस्तो हुन नदिन त्यहाँका पूजारी कर्माचार्य र विशेष जान्ने बुझ्नेहरूले ध्यान दिनु पर्ने हो । सो दिइएको पाइएन ।

अब विषयतिर लागौं । वृहत् पुरश्चर्यार्णवको द्वितीयाभाग विधिमा यसरी लेखेको छ–

मञ्चकं चसमभ्यर्च्य तत्पाद चतुष्टये ।। २।३२२
धर्मज्ञान च वैराग्यमैश्वर्य च क्रमाद्यजेत ।। २।३२२

यसबाट खटका चारवटा ठाम धर्म, ज्ञान, वैराग्य र ऐश्वर्यका प्रतीक हुन् भनी थाहा पाउन सकिन्छ । काली विद्या प्रकरणमा गुह्यकालीको ध्यानमा यसरी लेखिएको छ–

उपवेदस्य शुभ्रस्य मूर्हिन सिंहासनंस्थितम् ।।
तस्य सिंहासनस्य ध्वमन्यत सिंहासनंमहत् ।। ३।५८

यसबाट खटमा समाविष्ट भएका विभिन्न काठका टुक्राहरू उपवेद आदिका प्रतीक हुन् भन्ने ज्ञात गर्न

सकिन्छ । साथै आवर्ण पूजामा यसरी लेखेको छ–

ब्रह्मी नारायणी चैव सव्ये महेश्वरी तथा ।।
चामुण्डा चापि कौमारी तथा चैवायराजिता ।।
दक्षिणे पूजयत तिस्नास्तिस्त्र पच्छिमगाअपि ।।
वाराही नारसिंही च तथेन्द्राणी प्रकीर्तिता ।। ३।९४

यसबाट पहिलो तल्लाका छानामुनि रहेका आठवटा टुँडाल अष्टमातृका गणका प्रतीक हुन् भन्ने चिन्न सकिन्छ र काली विद्याप्रकरण आवर्ण पूजामा यसरी लेखेको पाइन्छ–

असिताङ्ग रूरू चण्डं क्रोधमुन्मत्तभैरवम् ।।
कपालिनं भीषणश्च संहार भैरवं ततः ।।

यसबाट दोस्रो तल्लाको छानामुनि भएको आठवटा टुँडाल भैरवका प्रतीक हुन् भनी जान्न सकिन्छ । तथापि श्रीकुलचक्र चिन्तामणि तन्त्रबाट उद्धृत गरी कामकला रहस्यमा यसरी लेखेको छ–

पूर्वाम्नायः सृष्टिरूपः स्थिति रूपश्च दक्षिणः ।।
संहारः पश्चिमोज्ञेयो हान्तर्ली नस्तयोत्तरे ।।
उर्ध्वश्चानुग्रहोज्ञये श्वाधो विश्रान्तिको भवेत् ।। १५

यसबाट तेस्रो तल्लाको छानामुनि रहेको छवटा टुँडालहरू षडाम्नायका प्रतीक हुन् भनी ज्ञात गर्न सकिन्छ । यसपछि पशुपति सदाशिवको ध्यानमा यस्तो लेखेको छ–

चन्द्रार्काग्नि त्रिनयनं काली दुर्गा द्विपक्षकम् ।।
विद्युज्जिह्वां वज्रानखं वडवाञ्युदरं तथा ।।
व्याधिमृत्युरिपुघ्नं च चण्डवातिवेगिनम् ।।
हृदभैरवस्वरूपञ्च वैरिवृन्दनिषूदनम् ।।
मृगस्त्वर्धशरीरेण पक्षाभ्यां चञ्चुना द्विजः ।।
अधोवक्त्र श्चतुष्पादस्तूर्ध्ववक्त्रश्चतुर्भुजः ।।
कालान्त दहनप्रख्यो नीलजीमूतनीःस्वनः ।।
अरिर्यद् दर्शनादेव विनष्टवल विक्रमः ।।
सटाच्छेटोग्ररूपाय पक्षविक्षिप्तभूभृते ।।
अष्टपादाय रूद्रायं नमः शरभमूर्तये ।। ११३

यस्तै मेरूतन्त्रबाट उद्धृत गरी वृहत् पुरश्चर्यार्णवको शरममन्त्रध्यानादिमा यसरी लेखेको छ–

कालाग्नि रूद्रः शरभो देवता परिकीर्तित ।।
छन्दस्तु ध्रगती स्वाहा शक्तिर्वीजं श्वमुच्यते ।। २।४५९

यसबाट खटका कुनाकुनामा भएको टुँडाल रूद्ररूप शरभ हुन् भनी जान्न सकिन्छ । अब तीन तल्ले छानाको केही विचार गरिन्छ । शारदायामबाट उद्धृत गरी वृहत् पुरश्चर्यार्णवमा यसरी लेखेको छ–

आत्मविद्याः शिवः पञ्चाच्छिवो विद्या स्वयं पुनः ।
सर्वतत्वं च तत्वानि प्रोक्तानि त्रिपादामम: ।। १।३४५

मेरूतन्त्रबाट उद्धृत गरी यसरी लेखेको छ–

दशैव शक्तितस्वानि आत्मविद्या शिव इति ।।१।३४५

यसबाट तीनतले छाना त्रितत्त्वका रूप हुन् भनी जान्न सकिन्छ । साथै मेरूतन्त्रबाट सारी वृहत् पुरश्चर्यार्णवमा यसरी लेखेको छ-

निर्गुणंयां विना मुक्तिनं कस्यामि प्रजायते ।।
माहामाया स्वरूपायां महाकाल स्वयं जयेत् ।।३।३३२

कुमारीतन्त्रबाट उद्धृत गरी यसरी लेखेको छ–

त्रिगुणंव ततः कूर्चं युग्मं लज्जा युगं ततः ।।

यस उक्तिहरूबाट तीनतल्ले छाना तीन गुणका चिन्न हुन् भनी थाहा पाउन सकिन्छ भने अर्को पशुनामे तद्देवताराधनबाट उद्धृत गरी यसरी लेखेको छ–

दिव्यभावं वीरभावं विनाकाली नपूजयेत् ।।
पूजयेन्नरकंयाति दुःखं तस्य पदेपदे ।।
पशुभावाश्रिती देवी यदिकालीं प्रपूजयेत् ।।
रौरवं नरकं याति यावद भूतसंप्लवम् ।। ३।२४

यसबाट खटका तीनवटा छाना दिव्यभाव, वीरभाव र पशुभावका प्रतीक हुन् भनी जान्न सकिन्छ । यस अतिरिक्त गुरु चतुष्ट्ययुक्त भाव निर्णयबाट उद्धृत गरी यसरी लेखेको छ–

गुरुः परमगुरुश्चैव परापर गुरुस्तथा ।।
परमेष्टी गुरुश्चैव स्वस्वाम्नायः प्रतर्पणम् ।। १।२३९

यसबाट तेस्रो छानामाथि चारतह भएको चौपाता चार गुरुका प्रतीक हुन् भनी चिन्न सकिन्छ । साथै एउटा तन्त्रसम्बन्धी ध्यासफूमा यसरी लेखेको छ-

उमकार गृहेशाणां षडचक्र समान्विताम् ।।
मन्त्रासिद्धि समारव्यातो कुण्डलेशीं नमाम्यहम् ।।

वृहत् पुरश्चर्यार्णवको प्रातकृत्यम प्रकरणमा यसरी लेखेको छ-

एवंध्यात्वा परमात्मानमिष्ट देवी स्वरूपिणम् ।।
निवेदयेद्यथा संरव्यं क्रमणै वाजपाजपम् ।।

षटशतानि गणेशाय ब्रह्मणे षटसहस्रकम् ।।
विष्णवे षटसहस्रं च षटसहस्रं पिनाकिने ।।
सहस्रमात्मने चैव गुरवे च सहस्रकम् ।।
परमात्मने सहस्र च यथाविधि निवेदयत् ।। २।२०७

यसबाट खटमा भएको छ तहको मजूर षडचक्रको प्रतिबिम्ब हुन् र गजूरका चुचोको बिन्दु परमात्माका रूप हुन् भनी सहजै चिन्न सकिन्छ । साथै कुब्जिका पूजा विधिमा यस्तो लेखेको छ–

यासा परापरादेवि श्वेचरी श्वश्वरूपिणि ।।
सूरलोक गतासर्वः आयान्त यिह मण्डले ।।

यसबाट गजूरमाथिको अर्को तीनतहको गजूर सबभन्दा ठूला जेष्टाजेष्ट महामायाका प्रतीक हुन् भनी ज्ञात गर्न सकिन्छ । यस अलावा वृहत् पुरश्चर्यार्णवको श्रीविद्या प्रकरणमा यसरी लेखिएको छ–

ततोऽष्ट द्वारपालान पूजयेत् क्रमतो बुद्धः ।।
पछिमे योगिनीं पूर्वे क्षत्रपालं च दक्षिणे ।।
गणेशमुत्तरे चैव वटुकं पूजयत् पुनः ।।

यसबाट खटका दायाँ बायाँ रहेको दुइवटा नोल–हरू गणेश र वटुक (कुमार) का प्रतीक हुन् भनी बुझ्न सकिन्छ र गुह्येश्वरीको ध्यानमा यसरी लेखेको छ–

रत्नसिंहासनं दिव्यं हिरमुक्तादि निर्मितम् ।।
धारयन्तं चतुष्कोणे युगवेदं विचिन्तयेत् ।।
सत्ययुगं च ऋग्वेदं शुक्लवर्ण च पूर्वतम् ।।
त्रेतायुगं यजुर्वेदं पीतवर्ण च दक्षणम् ।।
द्वापरं सामवेदं च रक्त पच्छिमदिग्गतम् ।।
अथर्ववेदं च कलिं श्याममुत्तर दिग्गतम् ।।

यसबाट खटका चारैतिर नोलका टुप्पाहरूमा दुई दुई जना बसी खट बोक्नेहरू चार वेद र चार युग हुन् भनी स्पष्ट थाहा पाउन सकिन्छ । यसरी खट निर्माण र खट बोक्ने प्रक्रिया स्पष्ट बुझ्न सकिन्छ ।

यहाँ छोटो र सामान्य अध्ययनबाट देखिएको विचारसम्म प्रस्तुत गरिएको हो । यसरी विस्तृत अध्ययन र अनुसन्धान गर्दै गएमा यसभन्दा बढी तथ्यहरू उपलब्ध हुँदै जानेछन् भन्ने विश्वास गर्न सकिन्छ । वास्तविक रूपमा मूलभूत आधार नै नभेटिएला भन्न सकिन्न । जेहोस् माथि जे जति आधारहरू प्रस्तुत गरिएका छन्, ती सबै तन्त्रमै समावेश भएका हुन् । यस उसले यात्रा (जात्रा) गरिने खटको निर्माण तन्त्रकै आधारमा भएको देखिन्छ ।

यहाँ रहन गएको छ रथसम्बन्धीको कुरा । ललितपुरका रातो मच्छिन्द्रनाथको रथ र मीननाथको रथ, कान्तिपुरको सेतो मच्छिन्द्रनाथको रथ र कुमारीको रथ, भक्तपुरका भैरवको रथ र कालीको रथका साथै गंगामाईको रथहरू कुन आधारमा निर्माण गरेका हुन् ? यसमा कुन कुन तत्त्व र रहस्यहरू समाविष्ट भएको छ, थाहा पाउन सकिएको छैन । माथि अनुमान गरे झैं व्याख्या गर्न कुनै आधार पाइएको छैन । खोजीनीति गर्न बाँकी नै छ ।

साथै बनेपाको चण्डेश्वरीको खट, साँखुको खड्ग जोगिनीको खट आफ्नै तालका छन् । यी खटहरू कुन तन्त्रको आधारमा निर्माण भएका हुन् कुनै आभास मिलेको छैन । यसको पनि खोजीनीति गर्नु पर्ने भएको छ ।

यस अतिरिक्त देवपाटनका वछलामाईको खट, हाँडीगाउँका टुँडाल देवी (वैष्णवी) का खट, फर्पिङका महादेवको खटको निर्माण सम्बन्धमा भने माथि उल्लेख गरिएको तन्त्रको आधारमा नै गरिएको देखिन्छ । तर बोक्ने प्रक्रियामा धेरै अन्तर पाइन्छ । अरू खटहरू आठ-जनाले बोकिन्छ भने यी खटहरू धेरै जनाले बोकिन्छ । यो कसरी र किन भन्ने विषयमा कुनै संकेत मिलेको छैन । त्यसैले यो पनि अनुसन्धानको विषय बन्न गएको छ ।

जे होस्, यहाँ जे जति व्याख्या गरियो त्यो छोटो र सामान्य अध्ययनको आधारमा अनुमानसम्म गरिएको हो । तथ्यको रूपमा नै हो भन्न सकिदैन । खट निर्माण गर्ने प्रविधिसम्बन्धी अरू प्रमाण ग्रन्थहरू प्राप्त नभए-सम्म यो सार्थक नै होला भन्न सकिन्छ । किनभने यसरी अठोट गर्न सकिने बलियो आधारहरू माथि प्रस्तुत गरिसकेको छ । पुनः दोहराई रहनु पर्ला जस्तो लाग्दैन ।

अस्तु

नेपाल–भूटान आर्थिक सम्बन्ध : ऐतिहासिकता र सम्भाव्यता

-सुशीला मानन्धर

दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को सात सदस्य राष्ट्रहरूमध्ये नेपालको निकटतम् छिमेकी राष्ट्रको रूपमा भारत पछि पूर्वी सिमानामा भूटान रहेको छ । समान भू-राजनैतिक परिस्थितिको सामना गरिरहेका यी दुई विकासोन्मुख मुलुकहरू बीच सन् १९८३ मा कूटनैतिक संबन्ध स्थापना भयो । यसरी औपचारिक कूटनैतिक सम्बन्धको इतिहास ज्यादै सीमित छ । तापनि छिमेकी मुलुकको हैसियतले यी दुई राज्यहरू प्राचीनकालदेखि नै आपसमा सम्बन्धित रहिआएको नेपाली इतिहास र भूटानी स्रोतहरूबाट पुष्टि हुन्छ (बज्राचार्य, १९८५:२९ र ७७ । पन्त, २०४३ : ५३७-३८ । Smith, Vide, Source No. 1– परिशिष्ट । भण्डारी, भाग ४, ९२१-९२२ । हिमालचुली, १९८७ जनवरी १८ / १९८३ फेब्रुअरी ८/१९८३ जून २२ । Mehra, 1974:49, etc.) सत्रौं शताब्दीदेखि भने यी दुई राज्य बीचको सम्बन्ध बढी सुस्पष्ट हुँदै गएको कुरा देखिन आउँछ । सत्रौं शताब्दीमा भूटानका एक धर्मगुरु अवतारी लामा Damche-Pen–d-kar मार्फत् गोरखाका राजा राम शाह र भूटानका राजा नावाङ नामग्याल बीच आपसी सम्बन्ध स्थापना हुनुका साथै भूटान र गोरखा एवं नेपाल (उपत्यका) बीच धार्मिक र सांस्कृतिक सम्बन्ध मजबूत हुँदै गएको देखिन आउँछ । (Smith, Vide, Source No. 1 and 2 परिशिष्ट नं. ५ । पन्त, २०४३ : ५३७–५३८ । ज्ञवाली, २०३३:४१ इत्यादि) । यही धार्मिक एवं सांस्कृतिक सम्बन्धको माध्यमबाट अप्रत्यक्ष रूपमा यी दुई देश बीच आर्थिक सम्बन्ध पनि स्थापना हुनगएको थियो । किनकि यसपछि एकातिर नेपालमा भूटानी धर्मगुरुहरूले भूस्वामित्व पाउनुको साथै सांस्कृतिक एवं धार्मिक कार्यहरूका लागि आर्थिक सहयोग दिने गर्दै आएका प्रमाणहरू पाइन्छन् (नेपाल, २०४५:१३५–३८, परिशिष्ट–५ । Smith, Vide, Source No.1- परिशिष्ट । पन्त, २०४३: ५३७–३८ आदि) । अर्को तर्फ नेपाल भूटानको विकास निर्माण, सुसंगठन एवं सुरक्षार्थ नेपाली जनशक्तिले विविध क्षेत्रमा सहयोग प्रदान गरेका प्रमाणहरू पाइन्छ । (Mehra, 1974:49 । Rahul, 1983:55 परिशिष्ट नं. ५ । हिमालचुली, अङ्क २५ आदि) । जस्तैः राम शाहले गोरखाका पूर्वतिरको ६ घ्याङ्गहरू र जग्गा भूटानी लामालाई दिएका थिए (नेपाल:२०४५: १३६–३७ । कृष्ण शाहले (१६५६–१६७७ सन्) गोरखाका पश्चिमी बौद्ध गुम्बाहरू संचालनार्थ भूटानी लामाहरूलाई प्रशस्त गुठी जग्गा दिएका (Smith, Vide, Source No. 2 - परिशिष्ट नं. ५) थिए । नरभूपाल शाहले ल्होपा लामाको नाउँमा नकथली गुम्बा कुश वितर्ा गरिदिएका (Macdonald, 1975:6) थिए । शाके १७०८ (ई. सं. १७९५) मा नेपालका तत्कालीन राजा रणबहादुर शाहले भूटानी लामाको नाममा २० रोपनी खेत र १५-२० गाउँ समेत गुठी वितर्ा दिएका

थिए। यस खेत र गाउँको आयस्ताबाट स्वयम्भू महाचैत्यको सम्पूर्ण पूजा अर्चना गर्ने व्यवस्था गरेको थियो (शाक्य, ने. सं. १०९८:२६७)। यसरी नेपाल सरकारबाट भूटानले पाएका भूमि र ग्याङ्गहरू निम्न प्रकारका छन्— हाकविन्दु, पुण्डी, कालथावे, घुमाने, मागञ्चा लिस्यांषु, चरिकोट (नेपाल, २०४५ : १३६), लामागाउँ, नकथली, हाकु कचारी, लामागाउँ, किमडोल, सिम्बु, स्याकु, बुंगदेउ, वाङ्गथली, लिस्याखु, चरिकोट (मुस्ताङ) गुम्बागाउँ, (Smith. Vide, Document No. 1– परिशिष्ट)। यी माथि उल्लेखित भूभागहरूमा भूटानी सरकारको भू-स्वामित्व रहेको थियो भन्ने कुरा स्थानीय गाउँलेहरूले भूटानको आज्ञा पालन गर्नू र कर पनि उनैलाई वा उनका प्रतिनिधिलाई बुझाउनू भन्ने कुरा नेपाल सरकार अर्थात् तत्कालीन मन्त्रिमण्डल (४ काजीहरू) ले दिएको आदेश (Smith, Vide, Document No. 1- परिशिष्ट) बाट स्पष्ट हुन्छ।

विविध सांस्कृतिक एवं धार्मिक कार्यको लागि दुई देश बीच आपसी समझदारीद्वारा आर्थिक सहयोग गरेको एवं गुठीको आर्थिक प्रशासन सञ्चालन गर्दै आएको निम्न प्रमाणहरू पाइन्छन्। सन् १८१५ मा नेपाल आएका लामा Samgar Rgyal Norbu ले बौद्धनाथ जीर्णोद्धार गरी सन् १८१७ मा प्रतिस्थापन पूजा गरेर गएका थिए (Smith, Vide, Source No. 2 –परिशिष्ट)। १८२५ मा धर्मराजाले नेपालमा आफूले पहिलेदेखि उपभोग गर्दै आएको गुठी जग्गा पुनर्निर्माण गर्न राजमान सिंह र स्वयम्भू गुठीका तीन जना (जेष्ठ) गुठीयारहरूको नाममा रु० ३५ प्रदान गरेको (Smith, Vide, Document No. 3 – परिशिष्ट) र सन् १८२६ मा राजमान सिंहको नाममा रु० २१।– पठाएका (Smith, Vide, Document No. 5 - परिशिष्ट) थिए। सन् १८३१ मा आएर भूटानी गुठी जग्गाको आर्थिक प्रशासन संचालन Chitaidar ले गर्नुको सट्टा सोझै अवतारी लामाले (धार्मिक प्रतिनिधि) संचालन गराउने व्यवस्था नेपाल सरकारले गरेको थियो। यस अनुसार नेपालस्थित अवतारी लामाले १४८ रोपनी जग्गाबाट उठ्ती हुने ३८ मुरी १० पाथी अन्न वा रु० २१।५८ पैं० मालपोत उठाई खान पाउने हक पाएको थियो (Smith, Vide, Document No. 2 – परिशिष्ट)। नेपाल सरकारको यो नयाँ व्यवस्थालाई भूटान सरकारले पनि समर्थन गरी १८४२ मा चिताइदार पदको अन्त्य गरी धर्मालामाबाट सो कार्य गराउने गरेको थियो (Smith, Vide, Document No. 6 -परिशिष्ट)। सन् १८३४ मा धर्मालामाले स्वयम्भूका हरेक घरबाट वार्षिक २ आनाको दरले बहाल उठाउन पाउने व्यवस्था भएको थियो। (Smith, Document No. 7 –परिशिष्ट)। सन् १८५२ मा राजमान सिंहले गुठी जग्गाबाट बहाल उठाई आम्दानी हुन आएको रु. ५०।- धर्मालामा Jigme Chogyal लाई बुझाएको (Smith, Document No. 8 – परिशिष्ट) थियो। नेपाल र भूटान बीच यस प्रकारको धार्मिक एवं आर्थिक क्रिया-कलापमा सन् १८५५ मा आएर कालो बादलले ढाक्यो। किनकि १८५५—५६ मा भएको नेपाल-भोट युद्धमा भूटानले नेपालको विरुद्ध भोटलाई सहयोग दिएको आशंकामा मुस्ताङ बाहेक अन्यत्र नेपालका सीमा क्षेत्र भित्र भूटानले पाउँदै आएको सम्पूर्ण धार्मिक, सांस्कृतिक एवं आर्थिक हक नेपालले खोसी लिएको थियो (Smith, Source No. 2 –परिशिष्ट)। पछि भूटान सरकारले नेपाली मूलका तीनजना भूटानी नागरिकहरू नीनीराम सिंह, ध्वरिया र हरिसिंहको नेतृत्वमा पठाइएको अभियानद्वारा स्पष्टीकरण दिई उक्त भ्रमलाई हटाएको थियो (मानन्धर, १९८९, पृ. ७२-७३)। यसको साथै नेपालस्थित भूटानी धार्मिक प्रतिनिधिले कमाण्डर इन चीफ कृष्णबहादुर राणा समक्ष सन् १८५५ मा खोसिएको जग्गाहरूमध्ये नकथली, सिम्बु, हाकु, कल्यारी र किमदोल मात्र भए पनि फिर्ता पाएमा जय मनाई बस्ता हुँ भन्ने निवेदन पेश गरेको थियो। यसकारण ती ५ इलाकाहरूमा सन् १८५५ देखि नै पुनः भूटानको हक कायम रहने गरी वि. सं. १९१९ वैशाख वदि १ रोज (१८६२) मा श्री ५ सुरेन्द्रविक्रम शाहबाट लालमोहर प्रदान गरिएको थियो (ढुंगेल, १९८६, १२-१३)। यसपछि नेपाल–भूटान बीच धार्मिक एवं सांस्कृतिक

सम्बन्ध यथावत कायम हुनुका साथै आर्थिक क्रियाकलाप पनि सुचारूरूपले संचालित हुनथाल्यो । फिर्ता पाएको सीमित जग्गाको आम्दानीबाट गुठीको दैनिक कार्य संचालन गरी बाँकी रहेको रकमले मार्मो लाखाङ्ग (भूटानी गुम्बा) मर्मत गरिएको (Smith, Document No. 7-परिशिष्ट) थियो । वि. सं. १९७२ चैत्र वदि ३० मा स्वयम्भू जीर्णोद्धारार्थ चन्दा संकलन गर्नेबारे भोटु पाण्डेले भूटानलाई लेखेको पत्रको जवाफमा तत्कालीन राजा उगेन वाङचुकले आफ्नो तर्फबाट ४०,०००।- र देशवासीका तर्फबाट ४५,०००।- गरी जम्मा ९५,०००।- भा. रु. बराबरको चन्दा प्रदान गरेका थिए । साथै नेपालका लागि भूटानी धार्मिक प्रतिनिधि सेराव दोर्जेले यस जीर्णोद्धार कार्यको पूर्णतया रेखदेख गरेको थियो (शाक्य, १०९८ ने. सं. : ३१७-१८) ।

माथि उल्लेखित घटनाहरूबाट भूटानले नेपालमा धार्मिक क्रियाकलापका साथै आर्थिकोपार्जन गर्न भू-स्वामित्व प्राप्त गरेको प्रमाणित हुन्छ । तत्कालीन नेपालको आर्थिक क्रियाकलापमा जग्गा जमीनको प्रमुख भूमिका रहेको थियो । नेपालको आर्थिक इतिहासमा सन् १९५० सम्म भूमि आर्थिक क्रियाकलापको एउटा प्रमुख माध्यम बनेको थियो । त्यस समय कुनै पनि मानिसको जीविकोपार्जनको साधन जागीर, निवृत्तिभरण, पेन्सन आदि रकममा नभई जमीन दिने र त्यसको आम्दानीबाट जीविकोपार्जन गर्ने व्यवस्था गरिएको थियो । त्यसकारण भूटानले नेपालमा पाएको भू-स्वामित्व चाहे जुनसुकै क्रियाकलापको लागि किन भएको नहोस् प्रत्यक्ष रूपमा यसबाट नेपाल र भूटानका बीच आर्थिक सम्बन्ध कायम हुनगएको कुरालाई स्वीकार्नु पर्छ ।

त्यस्तै भूटानको निर्माण र सुसंगठन जस्ता विकास कार्यका लागि नेपालबाट प्रशस्त जनता भूटानमा विविध कार्यका निम्ति लगिएका थिए (Smith. Vide, Sourse No. 1) । नेपालबाट लगिएका यी नेपाली जनताबाट प्रशासनिक र सैनिक कार्यका साथसाथै भूटानीहरूको प्रशिक्षणबाट कृषि, पशुपालनदेखि लिएर कालीगढी शिक्षा स्थापत्य एवं वास्तुकला निर्माण (पारोहा, टासिङ्ग-याङ, देसीछोलीङ्ग जस्ता गुम्बा र प्रशासनिक कार्यालयहरू) गराउनु, बन्द व्यापारलाई अगाडि बढाउनु जस्ता क्रियाकलापद्वारा भूटानलाई आवाद गुल्जार गराइएको थियो (हिमालचुली, वर्ष २५, अङ्क १, ४ । Mehra, 1974:49/Rahul, 1983:55) । यसरी नेपालले भूटान-संगको आपसी समझदारीमा आधारित प्राविधिक, औद्योगिक, व्यापारिक एवं कृषि उत्पादनमा समेत सहयोग गर्दै आएको प्रमाणित हुन्छ । भूटानको घरेलु उद्योग र सीप विकासमा नेपालीहरूको ठूलो भूमिका रहेको कुरा नेपाली कालीगढहरूले निर्माण गरेका कतिपय धातुकला र स्थापत्यकला हालसम्म भूटानमा यथावत कायम रहनुबाट प्रष्ट हुन्छ । यी नेपाली कलाकारहरूको बस्ती Belpo वा Bebuna (Rahul, 1983:55/Mehra, 1974:46) हालसम्म यथावत रहेबाट पनि भूटानको घरेलु उद्योग विकासमा नेपालीहरूको योगदानलाई स्वीकार्न पर्ने हुन्छ । यसरी नेपाली कलाकारहरूले थिम्पु उपत्यकामा आफ्नो बस्ती बसाल्न पाउनु, पछि नेपालीहरूको नयाँ बस्ती बसाली त्यस क्षेत्रमा उनीहरूको आवासीय हक सुरक्षित गर्नुबाट नेपाली जनताले भूटानमा भूस्वामित्व पाएको मान्न सकिन्छ । किनकि उक्त नयाँ बस्तीमा कुनै पनि गैर नेपाली बस्न नपाउने र त्यहाँबाट नेपाली जनतालाई कुनै हालतमा धपाइने छैन भन्ने स्पष्ट किटान गरी त्यस नयाँ बस्तीका लागि मण्डल धनवीरको नियुक्ति पत्रमा उल्लेख गरेको छ (मानन्धर, १९८९: परिशिष्ट-१) ।

औपचारिक संझौता नभए तापनि नेपाल र भूटान बीच व्यापारिक संबन्ध पहिलेदेखि नै रहिआएको कुरा कतिपय इतिहासकारहरूले उल्लेख गरेको पाइन्छ । इतिहासकार (Stiller 1975:193 र ज्ञवाली, २०३३: ८८) को भनाइ अनुसार भादगाउँका अन्तिम मल्ल राजा रणजीत मल्लले आफ्नो खोटो टक भोटका साथै भूटानमा पनि प्रचलनमा ल्याएका थिए । यसरी टक संचालन गरिएबाट मल्लकालमा भूटानसंग आर्थिक सम्बन्ध रहेको प्रमाणित हुन्छ । आर्थिक इतिहासका ज्ञाता (Ragmi १९७८:२०) को भनाइ अनुसार, नेपाल र भूटान बीच अप्रत्यक्ष रूपमा व्यापारिक सम्बन्ध कायम

रहेको थियो । पाल्पाका एक प्रसिद्ध व्यापारिक केन्द्र बुटवलमा उत्तरी क्षेत्रका उत्पादन नून, काँस, सुन, तामा, मैन आदि जस्ता विषयवस्तु भूटान, तिब्बत र भारतका महाजनहरूले सुती कपडासंग सटही व्यापार गरिन्थ्यो । Collister (1987:48) को भनाइ अनुसार भूटानका व्यापारीहरूले ओखर, कस्तुरी, गाईको चमर, सुन्तला, पहेंलो रङ्ग, कमल आदि आफ्ना उत्पादनहरू रंगपुरमा व्यापार गर्दथ्यो । त्यहाँबाट ऊनीकपडा मोटो सुती कपडा, ल्वाङ्ग, निलम, श्रीखण्डको काठ आदि सामानहरू भारतबाट ल्याई नेपाल र आसाममा व्यापार गर्दथ्यो भन्ने छ । यसरी नेपाल र भूटान बीच सोझो व्यापारिक सम्बन्ध नभए तापनि अप्रत्यक्षरूपमा व्यापार चल्दै थियो भन्ने कुरामा धेरै विद्वान्हरू सहमत भएको पाइन्छ । यसै सन्दर्भमा इतिहासकार Hasrat (१९८० : १६४) ले आफ्नो पुस्तक History of Bhutan मा उल्लेख गरेका छन् कि १७१४ मा नेपाल र भूटान बीच करीब रु. ८,००,०००।- बराबरको अनुपातका सामान व्यापार भएको थियो । तर लेखकको यस भनाइमा आधारको कमी भएको महसूस हुन्छ । किनकि भूटानको विभिन्न देश (आसाम, बंगाल, सिक्किम, तिब्बत) संग व्यापार हुने विषय बस्तुको स्पष्ट उल्लेख गरिएको छ तर नेपालसंग हुने व्यापारिक विषयवस्तुबारे केही उल्लेख गरिएको छैन । साथै त्यसै पृष्ठमा उल्लेख गरिएको भूटानको भारतसंगको व्यापारको अनुपात नेपालसंगको भन्दा तीन गुणा कम रहेको छ जबकि परंपरादेखि नै भूटानको व्यापारिक संबन्ध नेपालभन्दा भारत र तिब्बतसंग बढी रहँदै आएको छ । यसकारण हसरतको उक्त व्यापारिक सूचीलाई अन्य प्रमाण नपाइएसम्म सत्य एवं तथ्य मान्न सकिदैन ।

यसरी नेपाल र भूटान बीच परंपरादेखि आर्थिक सम्बन्ध रहँदै आएको थियो । सन् १७५७ मा भारतमा East India Company को स्थापना भए-पछि भारतस्थित कम्पनी सरकारले हिमाली भेकमा आफ्नो व्यापार विस्तार गर्ने प्रयास गरे । यसको लागि नेपाल र भूटानबाट आवश्यक पारवहन सुविधा प्राप्त गर्न विभिन्न मिसनहरू नेपाल एवं भूटानमा पठाई बेग्लाबेग्लै व्यापारिक एवं राजनैतिक सम्बन्धहरू स्थापना गरे । यी सम्झौताहरूबाट अंग्रेजहरूले व्यापारिक सुविधा प्राप्त गर्नुका साथै हिमाली क्षेत्रमा आफ्नो व्यापारिक प्रभावको अभिबृद्धि गर्न सफल भए । परिणामतः परंपरादेखि चल्दै आएको नेपाल भूटान अप्रत्यक्ष व्यापारमा प्रतिकूल असर पर्न गई व्यापार संबन्ध टुटन गयो ।

त्यसको स्थानमा अंग्रेजहरूको व्यापार फष्टाउन पुग्यो । यसरी वाणिज्य व्यापार सम्बन्ध अन्त्य भए तापनि राणाकालमा आएर नेपाल र भूटानका शासकहरूबीच एक अर्का राज्यमा उत्पादित एवं प्राप्त हुने विषयवस्तुको एक आपसमा उपहार स्वरूप आदान प्रदान गरेका तथ्यहरू (परिशिष्ट १०) पाइएका छन् । परिशिष्ट १० का २ अभिलेखबाट दर्शाउँछ कि एक अर्का राज्यमा पाइने सामानको चाहना भए निश्चित भई माग गर्ने एवं थानका थान कपडाहरू लगायत थुप्रै सामान उपहार स्वरूप प्रदान गर्ने गरेको पाइन्छ । साथै सन् १८८३-८४ मा भोटसंग युद्धको तयारीका लागि भूटानबाट गधा र घोडाहरू माग गरिएको थियो (मानन्धर, ०४१,३५) । यो कुनै व्यापार सम्बन्ध र व्यापारिक क्रियाकलाप नभए तापनि एक अर्काको आवश्यकता पूर्तिका लागि वस्तु विनिमयको क्रम (उपहार-का रूपमा) जारी रहेको मान्न सकिन्छ । यसरी अंग्रेज-हरूले हिमाली क्षेत्रमा आफ्नो व्यापार बढाएपछि ठप्प हुन गएको नेपाल भूटान व्यापार १९७२ सम्म यथास्थितिमा रहन गयो ।

सम्भाव्यता अध्ययन र परीक्षण व्यापार

नेपाल-भूटान व्यापार सम्बन्ध स्थापना गर्ने सम्भाव्यताको परीक्षण गर्न सन् १९७२ देखि केही विषयवस्तुहरूको दुई पक्षीय व्यापार सञ्चालन गरेको छ । यस व्यापारलाई नियमितता दिन सन् १९७८ देखि दुवै सरकारबीच समय समयमा छलफल एवं सम्भाव्यता अध्ययन गर्दै आएका छन् । सन् १९७८ मा भूटानका Trade & Industrry Ministry का Secretary ओम प्रधान भूटानको कृषि उत्पादन निर्यात गर्ने सम्भाव्यता अध्ययनार्थ नेपालमा अनौपचारिक

भ्रमणमा आएका थिए (Muni, 1984 : 514) । यस समयमा द्विपक्षीय व्यापार विस्तारकालागि सोझो व्यापारिक सम्बन्ध जोड्ने इच्छा ओम प्रधानले व्यक्त गरेका थिए (Nepal Bhutan Trade by Bijaya Aryal, Rising Nepal, Dec. 1983)। त्यस्तै १९८० जुलाईमा नेपालका परराष्ट्र सचिव भूटान भ्रमणमा गएका थिए । उक्त अवसरमा उनले श्री ५ को सरकार छिमेकी मुलुकहरूसंग व्यापारिक सम्बन्ध बढाउन चाहनुको साथै (Rising Nepal, 1983 Dec.) भूटान-संग व्यापारिक एवं कूटनैतिक सम्बन्ध स्थापना गर्न चाहेको कुरा व्यक्त गरेका थिए । यसको लगत्तै पछि १९८१ नवेम्बर मा भूटानका विदेश मन्त्री नेपाल भ्रमणमा आएका थिए । त्यस समय नेपाल भूटान-बीच द्विपक्षीय सम्बन्ध विकासका लागि छलफल गरेका (Muni, 1984 : 514) थिए । १९८२ डिसेम्बर ६ देखि १९ सम्म नेपालका श्री ५ अधिराजकुमारी शान्ति सिंह आफ्नो व्यापार एवं उद्योगसंग सम्बन्धित कार्यकर्ताहरूको एक टोलीका साथ भूटान भ्रमणमा रहेका थिए (Kunsel, 20 June 1982) । हुन त यो भ्रमणको खास उद्देश्य स्पष्ट उल्लेख गरिएको पाइँदैन, तर भ्रमण टोलीमा उद्योग, व्यापार र होटेल व्यवसायसंग संबन्धित व्यक्तिहरू रहनु र भूटान रहँदा उत्पादनमूलक उद्योगहरू निरीक्षण गर्नु एवं उत्पादनबारे छलफल गरिएबाट (Kunsel, 20 June, 1982) यो भ्रमणको उद्देश्य व्यापारिक सम्बन्धको सम्भाव्यता अध्ययन हो कि भन्ने अनुमान गर्न सकिन्छ ।

नेपाल राष्ट्र बैंकको निमन्त्रणामा भूटानका Royal Monetory Authority का Managing Director वाप केशाङ्ग (Bap Kasang) एक साताको नेपाल भ्रमणमा आएका थिए । यस समय उनले नेपालका तत्कालीन अर्थ तथा उद्योग मंत्री भरतबहादुर प्रधानसंग सार्कको माध्यमबाट द्विपक्षीय आर्थिक, व्यापारिक एवं पर्यटन उद्योगको विकास गर्ने विषयमा छलफल गरेका थिए (Nepal Bhutan Economic Ties Discussed 'Rising Nepal' Vol. 23, No. 56) । Bap Kasang ले राष्ट्र बैंकको एक गोष्ठीमा बोल्दै भन्नु भयो कि भूटान वातावरणीय संतुलन र सांस्कृतिक संपदाको संरक्षणका साथै विकास र आधुनिकीकरण तर्फ अग्रसर हुनेछ । भूटानले विदेशी मुद्रा आर्जनको लागि पर्यटन उद्योगको विकास गर्न पर्ने महसूस गरेको छ । देशको सामाजिक एवं सांस्कृतिक संपदालाई अक्षण्ण राख्दै यो कार्य गर्ने भूटान (Bhutan's Development Tempo-increasing, Rising Nepal, Vol. 23, No. 56) चाहन्छ । एक साताको यस भ्रमणमा उनले नेपालका विभिन्न उच्च पदाधिकारीहरूसंग पनि नेपाल-भूटान सम्बन्ध विस्तार-बारे गहण छलफल गरेका थिए । नेपालले Dual Currency System अन्त्य गरेको नीति लगायत नेपालको वाणिज्य व्यवसाय र आर्थिक नीतिका विविध पक्षहरूमा जानकारी हासिल गरेका ("Bhutanese Official ends visit" Rising Nepal, Vol. 23, No. 63) थिए ।

यसरी आपसी छलफल गरी अथक प्रयास हुँदा हुँदै पनि यी दुई देशबीच हालसम्म औपचारिक रूपमा व्यापारिक एवं आर्थिक सम्बन्ध स्थापना हुनसकेको छैन । सन् १९७२ देखि संचालन भएको नेपाल-भूटान व्यापार केवल परीक्षणको रूपमा मात्र अगाडि बढिरहेको छ । यो पनि ज्यादै सीमित अनुपातमा मात्र कायम रहेको छ । जस्तै:–

आर्थिक वर्ष १९७२–७३ र १९७३–७४ मा नेपालबाट विविध उपभोग्य सामानहरू र केही हस्तकला उत्पादनहरू गरी करीब नेपाली रु. १२,१८२।– बराबरको सामान भूटान निर्यात गरिएको थियो । १९८०-८१ मा रु. १८,०७०।- पर्ने एक Turbine set नेपालले भूटान निर्यात गरेको थियो भने १९८१–८२ मा रु. ६०,०००।– बराबरको २२ Turbine Sets निर्यात गरेको थियो । सन् १९७२ देखि १९८३ सम्म भूटानले नेपालमा खास कुनै निर्यात गरिएको थिएन (Bijaya Aryal, "Nepal Bhutan Trade") भने नेपालबाट पनि राष्ट्रिय उत्पादनमन्दा बढी विदेशी सामान मात्र भूटान निर्यात गरिएको थियो ।

१९७८ देखि समय – समयमा भएको नेपाल भूटान-

बीचको छलफल र संभाव्यता अध्ययनको परिणाम स्वरूप सन् १९८४–८५ देखि यी दुई देशबीच एक अर्काका उत्पादनहरू आयात निर्यात गर्न शुरू गरिएको थियो। सन् १९८४–८५ मा भूटानबाट करीब रु. १४,१६,८०००।- बराबरको सिमेण्ट र जिप्सीम नेपाल आयात गरिएको थियो। सन् १९८५–८६ मा नेपालबाट भूटानमा करीब रु. ४,६००।- बराबरको सामान निर्यात गरिएको थियो भने भूटानले करीब रु. ५०,५१,६९४ ।- बराबरको सिमेन्ट र जिप्सीम नेपाल निर्यात गरेको थियो। आर्थिक वर्ष सन् १९८७–८८ मा जूटव्याग र विविध सामान गरी रु. ३,७२,०५९।- बराबरको सामान भूटान निर्यात गरिएको थियो (परिशिष्ट-क)।

भूटानका Trade Secretary बाट (Trade & Industry Ministry, Thimphu भेटवार्ता, १९८६ फेब्रुअरी २२) प्राप्त तथ्याङ्क अनुसार १९८८–८९ मा भूटानले नेपालमा ५४,८६७ अमेरिकी डलर बराबरको ६,१४,७९० Mt. Gypsum नेपाल आयात गरेको छ। तर नेपालबाट यस वर्ष कुनै पनि सामान निर्यात गरिएको छैन भन्ने बुझिएको छ।

यसरी नेपाल–भूटान बीच नियमित व्यापारको विकास हुनसकेको छैन। सन् १९७२ देखि सीमित विषयवस्तुको व्यापार भएकोमा पनि कुनै कुनै वर्ष दुवै तर्फबाट यो व्यापार ठप्प भएको पाइन्छ त कुनै वर्ष एक तर्फ आयात वा निर्यात गरिएको देखिन्छ। दुई देश बीच आर्थिक एवं व्यापारिक संबन्ध विकास गर्न चाहँदा चाहँदै पनि हालसम्म व्यापारिक संबन्धसम्म नियमित रूपमा संचालन हुन नसक्नुको कारणलाई कोट्याइँदा दुवैको भौगोलिक स्थिति प्रमुख बाधाको रूपमा रही आएको देखिन्छ। अर्को तर्फ पारवहन सुविधाको अभाव र उत्पादनमा समानतालेगर्दा पनि यस्तो स्थिति हटाउन नसकेको देखिन्छ। मुख्यतः दुई देश बीच एक सुदृढ व्यापारिक सम्झौता नहुनु पनि यसको प्रमुख कारण मान्न सकिन्छ।

नेपाल एवं भूटान दुवै भूपरिवेष्ठित हिमाली मुलुकहरूको सिमाना कतैबाट पनि जोडिएको छैन। परिणामतः पारवहनका सुविधा अप्राप्य छ। अर्को तर्फ दुवै समान भौगोलिक वातावरणका भएको हुँदा कृषि उत्पादन एवं वन पैदावार समान छन् जसले गर्दा एक अर्काका आवश्यकता पूर्ति गर्ने खालका व्यापारिक विषय-वस्तु धेरै कम मात्रामा पाइन्छ। दुवै मुलुकहरूमा औद्योगिक विकास पूर्णतया भएको छैन ताकि एक अर्काको आवश्यकता पूर्ति गर्न सकून्। यी समस्याहरूका साथसाथै दुई देश बीच व्यापारिक सम्बन्ध नभएको हुँदा व्यापार विस्तारमा ठूलो समस्या उत्पन्न भइरहेको छ। भारतको भूमिबाट भई आयात निर्यात गर्नु पर्ने हुनाले पहिलेजस्तो बिना सम्झौता व्यापार गर्न असंभव एवं अवैधानिक देखिन्छ। दुवैले सम्झौताको आवश्यकता महसूस गर्नुका साथै सन् १९८४ डिसेम्बरमा नेपाल आएका भूटानको व्यापारिक प्रतिनिधि मण्डलले वायुमार्गको प्रयोगबाट भए पनि नेपालसंग व्यापारिक सम्बन्ध विस्तार गर्ने विचार व्यक्त गरेका थिए। भूटानले तत्काल सिमेन्ट, जिप्सिम डोलोम्याट निर्यात गर्न सक्ने कुरा गर्नुका साथै १००० मे. टन सिमेण्ट पठाएका थिए। नेपालको उत्पादन चामल, जूट, तयारी पोशाक एवं अन्य औद्योगिक उत्पादनहरू भूटानले आयात गर्ने कुराहरू (Ministry of Foreign Affairs, Nepal, No Date:7) पनि गरेका थिए। सन् १९८९ फेब्रुअरीदेखि नेपाल–भूटान सोझो हवाई सेवा संचालन भएको छ। यी सबका अलावा एक निश्चित सम्झौता भएको खण्डमा औपचारिक एवं नियमित व्यापार विस्तार गर्न सकिने संभावना छ।

नेपाल भूटान व्यापारिक संबन्धको संभाव्यता

माथि उल्लिखित विवरणबाट नेपाल र भूटान दुवै एक अर्का बीच आर्थिक सम्बन्ध विकास गर्न प्रयत्नरत् छन्, तापनि हालसम्म दुई देश बीचको आर्थिक सम्बन्ध नियमित रूपमा विकास हुनसकेको छैन भन्ने प्रष्ट हुन्छ। आर्थिक क्षेत्रको विविध पक्षमा नेपाल र भूटान बीच सम्बन्ध विस्तार गर्न नसकिए तापनि दुई देशबीच व्यापारिक सम्बन्ध विकासको संभावना निकै रहेको छ। किनकि तिब्बतमा चीनको अधीनता पछि भूटानको तिब्बतसंगको परंपरागत व्यापारिक सम्बन्ध धमिलिन

गएको थियो । त्यस पछिका केही वर्षहरूमा भूटानको आर्थिक क्रियाकलाप पूर्णतया भारतसंग मात्र सीमित रहन गएको थियो । उत्तरी सीमा चीन संरक्षित तिब्बतसंगको प्रमुख सम्बन्ध नै भारतबाट आयात गरिएका सामान तिब्बतमा बिक्री गर्नुमा सीमित रहन गएको थियो । यस्तो स्थितिमा भूटानले तिब्बतसंग व्यापारिक प्रतिस्पर्धा गर्न भारतबाट आयात गरिने सामानको वैकल्पिक स्रोत नेपाललाई बनाउन (Rose, 1974:20) सकिन्छ । यसकारण सन् १९७८ देखि अर्थात् सन् १९७० का दशकदेखि भूटान–नेपाल लगायत विभिन्न मित्र-राष्ट्रहरूसंग नियमित व्यापारिक सम्बन्ध स्थापना गर्ने प्रयासमा रहेका छन् । काठमाडौं र गान्टोकले Trans Himalayan Trade को लागि महत्त्वपूर्ण भूमिका खेल्ने (Khand, 1984:144) सक्ने देखेर पनि भूटान नेपालसंग व्यापारिक संबन्ध स्थापना गर्न उत्सुक रहेको (Muni, 1984: 514) पाइन्छ । यसको लागि १९७८ देखि हाल-सम्म नेपाल र भूटान बीच व्यापार विस्तारका लागि दुवै देशले सक्रिय रूपमा प्रयासहरू (Muni, 1984:514-15) गरिरहेका छन् । अच्यूत भण्डारी (Director, SAARC, Division Thimphu) को भनाइ अनुसार हालसम्म नेपाल-भूटानबीचको व्यापार केवल परीक्षणको रूपमा चलेको छ । यसलाई सकेसम्म चाँडै नियमितता दिने प्रयासमा भूटान सरकार रहेको छ र हालसालै भएको नेपाल–भूटान सोझो हवाई संपर्क व्यापार बृद्धिको लागि आशाको किरण बन्न पुगेको छ (भेटवार्ता, १६ फेब्रुअरी १९८९) । त्यस्तै व्यापार तथा उद्योग उपमन्त्री ओम प्रधानको भनाइ अनुसार नेपाल–भूटानबीच पारवहन सुविधाको अभावले व्यापारिक सम्बन्ध स्थापना हुनसकेको छैन । यो समस्या समाधानार्थ हाल भारतबाट पारवहन सुविधा प्राप्त गर्न वार्ता गरिसकेको छ । उक्त छलफल अनुसार, पानीट्यांकी रूट सिलगुढी, काकरभिट्टा र रक्सौल नाकाबाट पारवहन सुविधा दिने निर्णय भएको हुँदा आवश्यक मार्ग अध्ययन समेत गरिएको छ भन्ने छ (भेटवार्ता, २० फेब्रुअरी १९८९) ।

यसरी एकातिरबाट दुई देशका सरकार आपसी व्यापार विस्तार गर्न उत्सुक छन् भने अर्कोतर्फ भूटानका शासक परिवारका केही सदस्यहरूले काठमाडौंसंग व्यापारिक संबन्ध स्थापना गरेका छन् (Muni, 1984: 519) । उक्त वाणिज्य सम्बन्धको परिणामस्वरूप १९८१ र १९८२ मा गरी दुई बेग्लाबेग्लै वाणिज्य व्यवसायहरू नेपाली कंपनी र भूटानी कम्पनीको संयुक्त लगानीमा नेपालमा खोलेको छ । उक्त वाणिज्य व्यवसाय र उद्योगका काठमाडौंस्थित कार्यालयबाट प्राप्त जानकारी अनुसार, ती व्यवसायहरूका स्वरूप र सम्भाव्यता यस प्रकार वर्णन गर्न सकिन्छ (S. K. B. "Jain", भेटवार्ता १९८९, ८ जून)

१) रिजाल टासी इण्डस्ट्री

सन् १९८१ मा इटहरीमा यो उद्योग खोल्यो । यसको लागि करीब २५ लाख (५१ लाखबाट दुई वटा व्यवसाय खोलेको हुनाले अन्दाजी २५ लाख हुनु पर्ने अनुमान) लगानी गरिएको थियो । यस उद्योगले फलफूलबाट जूस, जाम, स्क्वास, किट्चप, सूप, फलफूलमा कट्लेट्स आदि उत्पादन गरी बिक्रीवितरण गर्दै आएका छन् । यसको माग अधिराज्यभर छ तर यातायात सुविधाको अभावले गर्दा धवलागिरि, र कर्णाली अञ्चलमा बिक्री वितरण गर्न सकेको छैन ।

नेपालमा बागवानीको विकास नभएको हुँदा हालसम्म आवश्यक कच्चा पदार्थ (स्याउ, भूईकटहर, गोलभेडा, सुन्तला, आँप आदि फलफूल) भारतबाट आयात गर्नु परिरहेको छ । उद्योगको लागि आवश्यक कृषि उत्पादन नेपालमा नै विकास गर्न सके यो उद्योग अझ फष्टाउने छ । यस उद्योगले यसतर्फ ध्यान दिँदै नेपालमा गोलभेडा र सुन्तला उत्पादनको सम्भाव्यता अध्ययन गर्नुका साथै उद्योगले उक्त उत्पादन खरीद गर्ने गरी कृषकवर्गलाई गोलभेडा र सुन्तला उत्पादनमा प्रोत्साहन दिएको थियो । तर यातायातको राम्रो व्यवस्था नभएको हुँदा इटहरीमा कृषि उत्पादन पुऱ्याउन अपठ्यारो भएको र भारतबाट आयात गर्नु निकै सजिलो र फाइदाजनक भइरहेको छ । भारतबाट कृषि पैदावार आयात गर्नुको सट्टा नेपालमा नै उत्पादन गर्न सके विकासमा पनि ठूलो उन्नति हुने र आर्थिक विकास

गर्न सक्ने देखिन्छ ।

२) टासी नेपाल कर्पोरेशन प्रा. लि.

सन् १९८१ मा लगाणी गरिएको ५१ लाख रकम मध्येबाट १९८२ मा यो वाणिज्य व्यवसाय स्थापना गरिएको थियो । यस अन्तर्गत काठमाडौं चुच्चेपाटीमा छ वटा घरहरू निर्माण गरी त्यसका तल्लाहरू बहालमा दिने वा बेचविखन गर्ने व्यवसाय शुरू गरेको छ । हाल यस अन्तर्गत चारवटा घर निर्माण भइसकेको छ । एक घर पूर्णतया यसै कम्पनीका कार्यालय र कर्मचारीहरूको आवासका लागि प्रयोगमा ल्याइएको छ । बाँकी तीनवटा घरका सबै तल्लाहरू बहालमा दिएका छन् । यस व्यवसाय अन्तर्गत बनाइएका यी घरहरूको प्रत्येक तल्लामा दुई कोठा, एक भान्छा, एक बैठक कोठा र एक शौचालय रहेका छन् । यसको बहाल रु. २०००।– प्रति महीना लिने गरी बढीमा एक वर्षको लागि संझौता गरी यहाँ हरेक (स्वदेशी वा विदेशी) व्यक्ति वा परिवार बहालमा बस्न सकिने व्यवस्था छ । त्यो भन्दा बढी बस्नलाई संझौतापत्र पुनः नबीकरण गर्नु पर्ने हुन्छ । नेपाली नागरिक बाहेक अन्यलाई यो बेच्न नपाउने नेपालको कानूनी व्यवस्था रहेको छ । साथै हालसम्म नेपालमा फ्लाट तरीकाको भावना विकास भइनसकेको हुँदा कुनै पनि फ्लाट बेचिएको छैन । यसको बेचविखन गर्नसके कम्पनीले तत्काल अर्को घरहरू त्यसै स्थान र लाजिम्पाटमा बनाउने योजना राखेको छ । यदि नेपालमा यस्तो फ्लाट तरीकाको भावना विकास भएको खण्डमा यो व्यवसाय निकै फष्टाउने र फाइदाजनक रहेको देखिन्छ ।

यसरी भूटानको संयुक्त लगानीमा हाल नेपालमा दुई नौला उद्योगहरू खोलेका छन् । ड्रुक उत्पादनबाट हाल नेपाल अधिराज्यमा ख्याति प्राप्त गरिसकेका छन् । तर भवन निर्माण त्यति लोकप्रिय भइसकेको छैन । कारण हालसम्म काठमाडौंमा जग्गाको अभाव भइराखेको छैन, तर नेपाल अधिराज्यका विभिन्न क्षेत्रका निवासीहरू काठमाडौंमा बसोबास गर्दै गएको क्रमलाई अध्ययन गर्दा भविष्यमा जग्गाको अभाव हुने र यस व्यवसायले ठूलो स्थान पाउने पूर्ण विश्वास गरिएको छ ।

निष्कर्ष

दुवै देशको उत्पादन क्षमता बढिरहेको छैन तापनि हालको नेपाल र भूटानको उत्पादनहरूले एक आपसमा आवश्यकता हेरी व्यापार विस्तार गर्न सक्ने केहीं विषयवस्तुको उत्पादन भने अवश्य रहेका छन् । दुवै हिमाली मुलुक भएको नाताले कतिपय कृषि पैदावार एवं वन पैदावारमा समानता रहेको छ । तर कतिपय बेग्लाबेग्लै खालका खनिज पदार्थ, औद्योगिक उत्पादन एवं कृषि र वन पैदावारहरू एक अर्का बीच आयात–निर्यात गरी एक अर्कासंग व्यापार विस्तार गर्ने संभाव्यता बढ्दो छ । जस्तै, नेपालमा उत्पादित जूट, जूट व्याग, केही हस्तकलाहरू र दैनिक उपभोग्य वस्तुहरू १९७२ देखि नै निर्यात गर्दै आएका छन् । त्यसको अलावा नेपालको औद्योगिक उत्पादनमा गलैंचा, कपडा, तयारी पोशाक, साबुन, ऊनी पोशाक, चकलेट, बिस्कुट, नूडल्स, चुरोट, बिडी, भाँडाकुँडा आदि निर्यात गर्न सकिन्छ । यी सबमध्ये पनि गलैंचा व्यापारले भूटानमा ठूलो स्थान ओगट्न सक्ने देखिन्छ । किनकि भूटान एक चीसो मुलुक भएको हुँदा यो आवश्यक वस्तु हो भने भूटानको संस्कृतिमा गलैंचाको ठूलो महत्त्व पनि रहेको छ । गलैंचा बिच्छ्याउनु उनीहरूको प्रतिष्ठाको विषय बन्नुका साथै आवश्यकता नै रहेको हुँदा गलैंचाको ठूलो माग त्यहाँ छ । तर स्वदेशी उत्पादन नभएको हुँदा बंगलादेश र तिब्बतबाट निकै महंगोमा यसको आयात गर्दै आएका छन् । त्यहाँको बढ्दो मागलाई पूरा गर्न नेपाली गलैंचा उद्योगले आफ्नो बजार जमाउन सक्ने स्थिति छ । कृषि उत्पादन र पशुपालनको लागि नेपालले विभिन्न विजनहरू निर्यात गर्न सकिन्छ । हालसालै भूटानको माछापालन व्यवसाय विकासको लागि नेपालबाट प्रशस्त माछाका भूराहरू निर्यात गरेको पनि छ ।

हालसम्म भूटानबाट सिमेन्ट, डोलोम्याट, जिप्सम आदि मात्र नेपालमा निर्यात गर्दै आएकोमा

स्यहाँका वन, कृषि उत्पादन एवं अन्य खनिज पदार्थहरू पनि नेपालमा निर्यात गरी नेपालको आवश्यकता पूर्ति गर्न सक्ने स्थिति छ । जस्तै कृषि पैदावारमा धान, चामल, सुन्तला, भूईकटहर, स्याउ, आलु आदि; वन पैदावारमा काठ, जडीबुटी; खनिजमा कोइला; औद्योगिक उत्पादनमा रक्सी आदि नेपाल निर्यात गर्न सकिन्छ ।

यसको अलावा परम्परादेखि भूटानमा धातुकला र काष्टकला विकासमा नेपाली कलाकारहरूको ठूलो भूमिका रहिआएको छ । यसकारण नेपाली धातु र काष्टकलाहरू भूटानमा निर्यात गर्न सकिने संभावना छ । ओम प्रधान (व्यापार तथा उद्योग उपमन्त्री) को भनाइ अनुसार परम्परागत व्यापारिक स्थिति हालको विश्वमा उपयुक्त रहन सकिदैन । नेपालसंग कुनै व्यापारिक संझौता नभएको, हाल नेपाली कलाकारहरूलाई प्रशिक्षकको रूपमा ल्याउन निकै महंगो हुनुका साथै नेपाली कलाकृतिहरू भूटानमा आयात गर्न निकै गाह्रो (भन्सारको कारण) भएको छ । यसकारण यी व्यापार एवं प्रशिक्षण अब दिल्ली तर्फबाट उपलब्ध गराउने प्रयासमा भूटान रहेको छ । यस विषयमा भूटान र भारत बीच छलफल पनि प्रारंभ भइसकेको छ (भेटवार्ता, २० फेब्रुअरी १९८९) भन्ने रहेको छ । यसरी परम्परादेखि भूटानमा रही आएको नेपाली शैली र कलाकारिताको प्रभाव विस्तारै लोप हुने संभावना देखिन गएको छ । यसकारण यसलाई जगेर्ना गर्न नेपालले निश्चित संझौता गर्ने र हस्तकला निर्यात गर्ने तर्फ सोच्न पर्ने महसूस हुन्छ ।

यसको अलावा काठमाडौंबाट टाढा रहेको नेपालका पूर्वी सीमाक्षेत्रमा भूटानबाट सामान ढुवानी गर्न सजिलो हुन सक्ने हुँदा व्यापारिक संझौता गरी नियमित व्यापार संचालन गर्नमा दुवै सरकारलाई फाइदा हुने देखिन्छ । किनकि इटहरीस्थित नेपाल–भूटानको संयुक्त लगानीमा बनेको डुक कम्पनीको उद्योगलाई आवश्यक कृषि उत्पादन भारतबाट ल्याउनुको सट्टा नेपालमा नै उत्पादन गर्ने वा भूटानबाट ल्याएको खण्डमा नेपाल र भूटानबीचको व्यापारिक गतिविधि अझ तीव्र हुनसक्ने देखिन्छ । १९७८ देखि देखाइएको दुई देशबीच व्यापारिक संबन्ध स्थापना गर्ने तत्परता अनुरूप चाँडै नै दुई सरकारबीच व्यापारिक संझौता हुने आशा गर्न सकिन्छ । तर पारवहन सुविधा नभएसम्म यो आशाकै रूपमा रहने छ । हालसालै भएको नेपाल–भूटान सोझो हवाई उडानले यस संबन्धलाई बढावा दिनेछ भन्ने नौलो आशाको किरण अंकुरित भएको छ । यही उद्देश्य परिपूर्तिका लागि भूटानले पारोलाई ट्रान्स हिमालय ट्रेडको 'इण्टरपोर्ट' रूपमा विकास गरेको छ ।

References

Bhandari, Devi Prasad, Gautam Vajra and others (ed), *Shree Panch Prithvi narayan Shahko Upadesh*. Bhag 4, (Nepali), Lalitpur: Jagadamba Prakashan.

Collaster , Peter, 1987, *Bhutan and the British*, London: Serinda Publication.

Dhungel, Ramesh, 1986 "Nepal Bhutan Sambandha-lai Prakash Parne Thap Samagri" (Nepali), *Economic Nepal*, Vol IV,May–July. (ed Devendra Joshi), Kath: Devendra Joshi and others.

Gyawali, Surya Bikram, 2033 VS, *Prithivi narayan Shah* (Nepali), Darjeeling: Shyam Brothers.

Hasrat, Bikram Jit., 1980, *History of Bhutan: Land of the Peaceful Dragon*, Bhutan: Education Development.

Himalchuli, Various issues as mentioned at the article.

Khand, Jitendra Dhoj. 1984, *Nepal's Reltions, Co-operation and Peace; A Study of South Asia, 1971–1983*, Kath: Prava Khand

Kuensel, Various issues, as mentioned at tha article.

Macdonald, Alexander W., 1973 "Copper plate from the time of Prithvinarayan Shah's father" *Kailash*, Vol 1. No., 1.

Manandhar, Sushila, 1989, *Nepal Bhutan Sambandha: Yak Aitihashika Adhyayan: 1770-1987,* (Nepali), (unpublishd)-Project Report Submitted at CNAS, T. U., 1989.

Manandhar, Tri Ratna, 2041 VS., *Nepal Bhot Vibad: 1939 -1941 VS.,* Kath: CNAS.

Mehra, G. N. 1974. *Bhutan: Land of the Peaceful Dragon*, New Delhi, Vikash Publishing House Pvt. Ltd.

Muni, S. D., 1984, "Bhutan Steps Out" *The Wold Today*, Dec. 1984.

Nepal, Gyanmani, 2045, *Nepal Bhot China Sambandhaka Kehi Sanskritic Pachya*, (Nepali) Kath: Royal Nepal Accademy.

Panta, Dinesh Raj, 2042, *Gorkha Ko Itihash*: Bhag II, (Nepali), Kath: Dinesh Raja.

Rahul, Ram, 1983, *Royal Bhutan,* New Delhi; ABC Publishing House.

Regmi, Mahesh Chandra, 1987, *A Study in Nepali Economic History 1768 -1846,* India: Manjusri Publishing House

Rising Nepal, Various issues as mentioned at the article.

Rose, Leo E., " Bhutan's Exetrnal Relation's" *Pacific Affairs* Vol. 47, No. 2.

Shakya, Hem Raj, NS. 1098 *Shree Swayambhu* Mahachaitya (Newari), Yan: Swayambhu Vikash Mandala.

Stiller, Ludwing F., 1975, *The Rise of the House of Gorkha. A Study in the unification of Nepal 1768–1816,* Kath. The Jesait Society.

Vajracharya, Dhanvajra
and Kamal Prakash

Malla, 1985. *The Gopalraj Vansavali*, Kathmandu: Fran Steiren Verlay Wiesbunden Gmbh.

Interviews

Achyut Bhandari, Director, SAARC Division Thimphu, Bhutan.

Om Pradhan, Deputy Minister, Trade and Industry Ministry. Thimphu, Bhutan.

Pema Jungney. Dy. Secretary, Ministry of Trade & Industry, Thimphu, Bhutan.

S. R. B. Jain, Manager, Tashi Rijal Industry Pvt. Ltd., Kathmandu, Nepal.

परिशिष्ट 'क'

Nepal's Trade with Bhutan during the F. Y. 1984/85 to 1987/88

F. Y. 1984/85		F. Y. 1985/86		F. Y. 1986/87		F. Y. 1987/88	
Exports Value (Rs)	Imports Valus (Rs)	Exports Value (Rs)	Imports Value (Rs)	Exports Value (Rs)	Imports Value (Rs)	Exports Value (Rs)	Imports Value (Rs)
-	14,16,800	-	-	2,600	50,51,694	3,72,059	-

Commodities Nepal's Exports to Bhutan during the F. Y. 1984/85 to 1987/88

S. N	Commodities	F. Y. 1984/85 Value (Rs)	F. Y. 1985/86 Value (Rs)	F. Y. 1986/87 Value (Rs)	F. Y. 1987/88 Value (Rs)
1.	Jute Bags	–	–	–	3,66,231
2.	Miscellaneous	–	–	2,600	5,828
	Total:	–	–	2,600	3,72,059

Commodities Nepal's Imports from Bhutan during the F. Y. 1984/85 to 1987/88

S. N.	Commodities	F. Y. 1984/85 Value (Rs)	F. Y. 1985/86 Value (Rs)	F. Y. 1986/87 Value (Rs)	F. Y. 1987/88 Value (Rs)
1.	Cement	14,16,800	–	–	–
2.	Gypsum	–	–	50,51,694	–
		14,16,800	–	50,51,694	–

Above table shows the major Commodities of Exports to Bhutan is only Jute Bags, and major Commodities of Imports from Bhutan are Cement and Gypsum during four years (F. Y. 1984/85 to 1987/88). There is no trade between both Nepal and Bhutan in the F. Y. 1985/86.

Source:– Trade Promotion Centre

Smith, Vide–Documents

Smith, Vide, G. "Document held by Sankai Guruju, head of one of the four sub-lineages (kawa) of the Swayambhu Buddhacharya lineage (fuki) that dealt with relations between Swayambhu and the Dharmaka Lama (Raja).

माथि उल्लेखित शीर्षक अन्तर्गत २० वटा अभिलेखहरूको सारांश अंग्रेजीमा उतार गरिएका एक संग्रह डा० प्रयागराज शर्माबाट प्राप्त भएको थियो । मूल अभिलेख अध्ययन गर्न पाएको छैन । संभवतः यी अभिलेखहरू सानुकाजी गुरुज्यूसंग सुरक्षित होला । त्यसमध्ये निम्न अभिलेखहरू यस लेखमा प्रयोग गरिएका छन् ।

Document 1.

BE 1874. Issued by the four Kajis, one of whom was Bhimsen Thapa, with their Personal seal. It is a proclamation to the effect that all of the lands listed below are to be given to the Dharmaka Raja. The wording make it clear that some time in the past these lands had belonged to the Dharmaka Raja, and that they are now to be returned to him. It seems that the lands are not to be regarded as the personal property of the Dharmaka Raja, but rather as that of the Swayambhu Bhagawan Guthi and registered in the name of the Raja. The document seems to be addressed not only Swayambhu people, but to the tenants and is to affirm that they should henceforth pay their rent to the Dharmaka Raja or his representative. The lands listed are as follows:

NAKATHALI, HAKU KACHHYARI, LAMAGAU, DADAGAU, KIMDOL, SIMBHU, SHYAKU, BHUGDEU, WANGTHALI, LYSYANKHU, CHARIKOT, GOMBAGAU (MUSTANG area)

Document 2.

1888 BE. From the Nepalese Government to Shree Dharmaka Lama jimba Tharchhin 1831. It grants authority to the Dharmaka Lama to dismiss the Chitaidar (Govt. official, usually member of Swayambhu Buddhacharya lineage, who was incharge of Swayambhu forest and the collection of rent from tenants of Swayambhu Guthi land) and to himelf collect the following amounts of rent from a long attached list of farmers. He should ensure the puja materials and he should keep all the accounts as has been previously done. The list of tenants give 40 names, the amount of land they cultivate and the rice and other grains due from (tenants ?). The amount of land range from a minimum of 2 to a maximum of 50 ropanis and total 184 ropanis. Then follow further detail lists of items that the income is to be spent on. It totals in all 38 muris and 20 pathis of husked rice and 29.58 rupees.

Document 3.

NS 945. Stamp of Dharmaka Raja Chhondelovan 1825. It is addressed to Rajman Singh and other three biset of Swayambhu (biset is the title of the four most (senior?) of the Swayambhu Guthi). It states that the Dharmaka Raja is now sending a sum of 35 rupees to Rajman Singh, which is the amount still left owing after an earlier payment of 116 rupees. The money was to cover cost of repairing a field that belonged to the Dharmka Raja which was incurred by Rajman Singh.

Document 5.

NS 947 Stamp. Seal of Dharmaka Raja Lama Chhondelovan. A sum of 21 rupees the balance left out of a total 945, is sent to biset Rajman Singh.

Document 6.

1899 BE. From Dharmaka Lama to Rajman Singh authorising him to dismiss the two Chitaidar and himself collect the money rents as formerly and spend the money as economically as possible and also keep detailed accounts. (see document 2)

Document 7.

1891 BE. Stamp. From Dharmaka Lama Tharobhin to Swayambhu stating that the Lamas (probably meaning Tamang Lamas at Kimdol–or so thinks informant) are to collect 2 annas rent per annum from each head of household at Swayambhu. Again comment that this is to be done as before, either less or more in accordance with their being less or more houses.

Document 8.

1909 BE. Stamp. From Dharmaka Lama Jime Chogyal to biset Rajman Singh. A receipt for the sum of rupees 50, the balance due from rent on Swayambhu Guthi lans.

Document 9.

1906 BE. From Dharmaka Lama Jimba Tharchhin to Rajman Singh. Receipt for rent of 5 years from Guthi lands and acknowledgement that the part of the rent was used to reconstruct the roof of Santipur which was destroyed in a thunder storm. The amount left over was 43 rupees.

Smith, Vide–Source

Smith, Vide, G. "Summaries of Several Bhutanese Sources on the Relations between Nepal & Bhutan"

यस अन्तर्गत नेपाल–भूटान सम्बन्धलाई प्रकाश पार्ने दुई स्रोतहरूको सारांश अंग्रेजीमा अनुवाद गरिएका छन् । यी दुवैमा भूटानबाट विभिन्न समयमा नेपाल भ्रमणमा आएका लामाहरू र नेपालका लागि भूटानी धार्मिक प्रतिनिधि लामाहरूको क्रियाकलापको क्रमिक

वर्णन गरिएको छ। उनीहरूसंग सम्बन्धित नेपालको इतिहासमाथि पनि यी स्रोतहरूले प्रकाश पारेको छ। यी दुवै स्रोतमा गोरखाका रामशाहदेखि नेपालका जंग-बहादुर राणा प्रधानमन्त्रीको समयसम्मको नेपाल–भूटान बीचको धार्मिक र सांस्कृतिक सम्बन्धको वर्णन गर्दै त्यसै मार्फत् हुनगएका अन्य अप्रत्यक्ष (कूटनैतिक, राजनैतिक, सामाजिक एवं आर्थिक क्रियाकलापलाई) उल्लेख गरिएको छ। यी सबैमध्ये केही सम्बन्धित विषयवस्तुहरू यहाँ प्रयोग गरिएको छ।

यो अभिलेखको अनुवादका प्रति डा० प्रयागराज शर्मा सिनासबाट प्राप्त भएको हो। स्मिथले यी स्रोतहरू कहाँबाट प्राप्त गरेको हो भन्ने कुरा उल्लेख गरिएको छैन। यसकारण यस सारांशहरूमा कतिको विश्वास गर्न सकिन्छ विचारणीय छ। तर भूटान राष्ट्रिय पुस्तकालय, थिम्पुस्थित ११ पृष्ठमा भएको डकुमेण्ट (छ्योकी भाषामा लेखिएको हुँदा भूटानीबाट अनुवाद गराई सुनेको) संग स्मिथले गरेको अंग्रेजी सारांश मिलेको हुनाले (यहाँसम्म कि नेपालको इतिहासबारे उक्त अभिलेखमा पाइएको गलत कुराहरू समेत स्मिथले यथावत अनुवाद गरेको छ) संभवतः यो सोही डकुमेण्टको अनुवाद हो कि भन्ने अनुमान गर्न सकिन्छ।

परिशिष्ट नं. ५

राष्ट्रिय पुस्तकालय, थिम्पुमा संकलित यो एउटा पाण्डुलिपि (ठ्यासफू) हो। यो छ्योकी भाषामा लेखिएको छ। यसलाई उक्त पुस्तकालयका निर्देशक लेपेन पेदामालाको सौजन्यबाट हेर्ने र बुझ्ने मौका पाएको हो। यो पाण्डुलिपि लेखिएको पत्र १२।६ साइजको छ र यसमा जम्मा ११ पृष्ठ छन्। यो ११ पृष्ठभित्र नेपाल र भूटानको सम्बन्धबारे उल्लेख गरिएका छन्। गोरखा राज्यका संस्थापक द्रव्यशाहको बारेमा उल्लेख गरेर, रामशाहको शासनकालदेखि भएको आपसी सम्बन्धबारे सरसर्ती वर्णन गरिएको छ। यसमा रामशाहदेखि गीर्वाण-युद्ध विक्रम शाहको शासनकालसम्म भूटान र नेपालबीच रहिआएको मैत्रीपूर्ण सम्बन्ध र सहयोगको आदान प्रदान-बारे वर्णन गरिएको छ। नेपालमा भूटानी लामाहरू (प्रतिनिधि) आएको कुरालाई प्रधानता दिएर उनीहरू-ले गरेको वर्णनानुसार यो लेख लेखिएको देखिन्छ। यसमा उल्लिखित घटनाक्रमको वर्णन र त्यससम्बन्धी लुटिबारे तत्स्थानमा नै उल्लेख गरिसकेको छ।

परिशिष्ट नं. ७

श्री सिम्बुको लामालाई देवाधर्मा राजाले गरि-दियाको भोटे अक्षर सनदका उतार

येनतेन ग्याम्छो लामाके यथोचित ध्याङ्ग गुम्बा-हरूको उठतीले सच्याई बनाई आयाको हो आजकल धेर उठती छैन सर्कारले मडत जो रुपैया बक्सीने भया मात्र सकिने भो यहाँको उठतीबाट नसकीने भो भनेर जाहेर...यहाँबाट केही माल नगत जिन्सी जो हुन्छ बक्सीदी पठाउ भने पनि माल भन्दा मानिसलाई बाटा षर्च धेर जाने हुनाले हाल यहाँबाट बक्सीनन नेपालको जजमान रैतीहरू तिमीलाई बननेको छ... धेर थोर मालिली बनाउन.. नेपालका ठूला लामा दर्ज बक्सेको तिम्रा चिनारी पनी हनन... बनाई सकेपछि त्यसमा षर्च गयाको वेहोरा लेषि पठाउनु केही बक्स होला... वफङ्गथाङ (बुम थाङ्ग) देवाधर्मा दरबारबाट बक्स्यौ ईति सम्वत १९४० साल शुभम् (११८३)

(जैसिकोठा, स्वयम्भू पोकाबाट)

परिशिष्ट १०

(क)

श्री

श्री ३ महाराजको तर्फबाट देवा धर्माको राजाका नाममा लेखि पठाउन जैसि कोठा अडाले जाहेर गरेको साधक—

विन्ति पार्दा बक्सेको मर्जि

हुकुम–

उप्रान्त छुटेसाल ११ महिनाको अढिया मितिमा लेखि आयाको पत्र दाषिल भयो. सो पत्रमा लेषिया बमोजीमको टोपी र च्यापसा पनि आइ पुग्यो. देवाधर्मा देशमा निस्कने चीजको खोयेस भये चढाई पठाउने छु। दोस्ति प्रीतीको मेल मीलाप नविर्सी बक्से जावस भंने इत्यादि प्रेम

भरीलो कुराहरू लेखी आयाको बहुतै खसी लागने
कुरा हो. हामीहरूका बीचमा अघीदेखि रही
आयाको परस्पर दोस्ति प्रीतिको सम्झना
ताहाबाट जस्तो रही आयाको छ याहाबाट पनी
अघी बमोजिम रही रहेकै र रही रहन्यै
पनी छ. ताहा देवाधर्मा देशमा निस्कने केही
चीज हामीलाई खवायस भयेमा लेखि पठाउने छु.
ताहाका निमित्त सुनको मनुग्राम लागेको
खुकुरी– १ तास थान –१ किखाप थान – १ यसै
पत्र साथ पठाई दिएको छु. पुग्ला यस तर्फको
केही चीज चाहियेमा परस्परको दोस्ती
प्रितीले लेखि पठाउनालाई संकोच नरहोस
ज्यादा क्षम कुसल चाही छ· इति संवत् १९८८
साल मिति फागुन वदी ३० रोज छ.
(परराष्ट्र मंत्रालय– अभिलेखालय, स्वयम्भू पोका)

परिशिष्ट १०

(ख)

श्री ३ महाराजका हजुर्मा देवाधर्माका राजाले
चढाई पठाएको भोटे चीठीको तर्जुमा—
श्रीश्रीश्रीश्रीश्री सर्वज्ञानी सकलका अखतियार
पाला भै सबैलाई सुख फाईदा दिलाई
वक्सिन्या ३ सरकार महाराजका हजुर्मा–
(दुक्पा) देवाधर्माका राजा जीक्मे वाङछुकले
सलाम समेत विन्ति चढाउंछ. आजकल
महाराजाका गाथ सुर्य समान रही बक्सी
गरी बक्सेको कडावढी या भै प्रताप सुक्ल
पक्षका चन्द्रमा समान होइ गरी बक्सेका
काज फैलाई राज गरी बक्सेको बहुतै
मन्माखुशी लाग्यो. याहा पनी परमेश्वर–कन
क्रीपाले सरीरमा आनन्दै रही मेरा
राज्यको कामकाज यकोहोरो गरी रहेकै छु.
उप्रान्त हाल कालीपुङबाट
सिमपोन पेटी धोर्जेको चीठीमा अंग्रेजी
डिसिवरमा महाराज आफै कलकत्ता सवारी हुने
कुरा छ भन्ने लेखेका पीपा यहाबाट उसैवखत
खवरको १ पत्र तुरंत चढाई पठाउने ठूलो
मंसुवा थीयो तापनी सो बीचमा तेसतर्फ
सोझै जाने पर्दैसी मानिस समेत नहुदा
पत्र सम्म पनि चढाउन नसकी न अैले सफ
उत्सवको सौगात चढाउन नसकेमा पनी
सोचीतको प्रेमी मित्रता नविसि मङ्गलको
सौगात सम्ममा टोपी १ र वेना के ६५
मन्यां च्याफसार्वल्खा फोकच्याक्पा
भन्दा चांदीले मोन्याकोमा जरी चडाउ स्मेतको
दाय स्हित चढाइ पठाएको छु खुसीसाथ
मंजुर गरी बक्सीने छ याहा मेरा (दुक्पा)
देवाधर्माका देस्मा निस्कने चीज
वस्तुको डील्मा खायेस्छ भन्या याहा मलाई
हुकुमको पत्र पठाई बक्से यहाबाट चढाई
पठाउने छु. पछिलाई पनि गाथको सैसम्भार
गरी बक्सी गोखा (दुक्पा) देवाधर्मा
२· दाजुभाई समान दोस्ती प्रीतीको मेलामीला-
-प जसरी हुन्छ ठूलो गरी बक्सनामा
डील्ले नविर्सी बक्सी प्रेमको हुंकुंको
पत्रपनि बराबरसंग वग्या फै पठाई
बक्सनामा डील्मा राखी बक्से जावस
भनी पत्र चिन्हं खाता स्मेत
देवाधर्माका राजाबाट भोटे छुटेसाल्को
११ महीनाको वढिया मितिमा चढाला
(परराष्ट्र मंत्रालय–अभिलेखालय: स्वयम्भू पोका)

दक्षिणामूर्ति मन्दिर जीर्णोद्धार

—सरला मानन्धर

जीर्ण भई भत्किने अवस्थामा पुगेको पशुपति नाथको गुरु वक्त्र रूप दक्षिणामूर्ति मन्दिरको पुरानो शैली र स्वरूपलाई जस्ताको तस्तै कायम गरी श्री ५ महाराजाधिराज वीरेन्द्र विक्रम शाहदेवको राज सिंहासनारोहणको अठारौं वर्षमा पशुपति क्षेत्र विकास कोषको संयोजनमा पुरातत्त्व विभागबाट आर्थिक वर्ष २०४५।४६ मा जीर्णोद्धार कार्य सम्पन्न गरिएको हो ।

दक्षिणामूर्ति मन्दिर पशुपतिनाथ मन्दिरको पश्चिम दिशामा गुह्येश्वरी मन्दिर जाने बाटोमा अवस्थित छ ।

पशुपतिनाथका गुरु मानिने यस दक्षिणामूर्ति कालो ढुंगाले बनेको वट वृक्षको मुनि एक खुट्टा झारेर अज्ञानलाई कुल्ची राखेको, ज्ञान मुद्रामा रहेको छ । यस मूर्तिको बायाँ पीठमा ऋषिमुनिहरू ज्ञान सुनिरहेका छन् । यस मूर्तिका चार हातमध्ये बायाँ हातमा अमृत कलश, तल्लो हातमा पुस्तक रहेको छ । बायाँ माथिल्लो हातमा माला, तल्लो हात ज्ञानमुद्रामा रहेको छ । शिरमा दायाँ, बायाँ चन्द्र सूर्य भएको मुकुट लगाएको, कानमा सर्प, कुण्डल, घाँटीमा माला तथा जनै लगाएको देखाइएको छ । यस मूर्तिको बायाँ सानो शिवलिंग रहेको छ । त्यसमाथि एउटा सानो नारायण राखिएको छ । बायाँ भित्तामा नारायणको मूर्ति, अर्को सानो नारायण, घोडाको रथमाथि उभिएको सूर्यको मूर्ति रहेका छन् । यी सबै प्रस्तरका मूर्तिहरू पाञ्चायनको रूपमा स्थापना गरिएका छन् ।

दक्षिणा मूर्ति मन्दिर दुई तल्ले कर्कट पाताको छाना भएको प्रचलित छत्राकार शैलीमा बनेको छ । मन्दिरको वास्तुकला हेर्दा निर्माणकाल मल्लकालीन देखिन आउँछ । वि. सं. १९९० को महाभूकम्पपछि यस मन्दिरको छाना मर्मत गरी पहिले झिंगटी रहेकोमा पछि कर्कट पाता राखिएको रहेछ । वि. सं. २०२५ सालमा मन्दिरको बाहिरी भागहरूमा साधारण मर्मत तथा रंग रोगन भएको भनी बुझिन आएको छ । यस मन्दिरको लम्बाई ६.०३ मी., चौडाइ ४.१५ मी र उचाइ ९.२० मी. रहेको, साथै भित्ताको चौडाइ तल्लो ४८ मी., माथिल्लो ४६ मी. रहेको छ ।

संक्षिप्त ऐतिहासिक पृष्ठभूमि

दक्षिणामूर्तिको बारेमा यस मन्दिरका गुरुपुजक रमेशानन्द राजोपाध्यायसंग रहेको गुरु पुस्तक नामक नेवारी लिपिमा लेखिएको ग्रन्थमा 'नेपालमा द्विजवर देव ब्राह्मण देव शर्मा राजोपाध्याय राज पूजारी भएको बखत पशुपतिनाथ ज्योतिर्लिङ्ग भएर ब्रह्माण्ड भष्म हुनलागेको बेला सकल प्राणी हाहाकार भई श्री विश्वम्भर नारायणको शरणमा गई सुरक्षित भए । त्यसपछि प्रजागणहरूले

सहन नसक्ने गरी हावा चली भूमि सुखा भई, सम्वत ४३७ मा राजा रुद्र मल्लको पालामा देशमा प्रजा गण-हरूले यसरी नै अत्यन्त दुःख पाएकोले सल्लाह साउती गरी देव पत्तनका एकजना पशुपतिनाथका भक्त द्विजवर भन्नेले पशुपतिनाथका नै गुरु हावाका रूपमा आउँछन्। त्यसैले त्यसको निराकरण वायव्य कोणमा संस्थापना गर्नु पर्‍यो भनेर सल्लाह दिए" उल्लेख छ।

यसपछि आषाढ शुक्ल पूर्णिमामा महास्नानका दिन गुरु पूजा गरेर महास्नानको होममा वायु देवता शान्ति मात्स्य र रोहसंहिता वाईस्वत्यको सहित सदा-कालको लागि गरेछि पशुपतिनाथ साम्य हुन्छ भनेर गुरु दक्षिणामूर्ति स्थापना गरिएपछि साँचै साम्य भई दुःख पनि हट्न गए। पछि देवमल्लको पालामा पशुपति-नाथमा विधिपूर्वक पूजा नभएकोले देशमा दुर्भिक्ष भएर खान नपाएर अशान्ति भएकोले यी राजाले आफ्नो राज्यको स्थिरता कसरी हुन्छ भनी सबै विद्वान्हरूसंग सल्लाह लिदा अब यसो गरेर भएन पशुपतिनाथका नै पुरोहितबाट गुरुपूजा गराएपछि शान्ति हुन्छ भन्ने सल्लाह भएकोले त्यसो गर्दा शान्ति एवं राज्य पनि स्थिर भए। कालान्तरमा अर्वदिकहरूले विधिविधानको स्थिति बिगा-रेर गुरु दक्षिणामूर्ति पर्याकेर सोही ठाउँमा आफ्नो प्रभुत्व जमाए। यसरी अत्याचार गरेको पशुपतिनाथले सहन नसकी शङ्कराचार्य स्वामीको रूपमा प्रकट भई फेरि रक्षा गरे। गुरु दक्षिणामूर्ति नभएकोले पहिले जस्तै गरी सल्लाह गरेर पहिलेकै पूजाधिकारी द्विजवर ढुंढीराज उपाध्यायका सन्तानलाई पुज्य रहेको भनी दक्षिणामूर्ति पुनःस्थापना गर्न लगाए। स्थापनाको बेला पूजारीले देवताको आँखा झिम्काएको देखाएर जीवन्यास प्राण प्रतिष्ठा राखेर देखाएकोले स्वामी विमलानन्द अति खुशी भई उही नै पूजारीका सन्तानहरूले मात्र पूजा गर्ने गरी घर खेत पारिश्रमिकका रूपमा राखिदिए एवं पूजारीको आशौचादि परेमा पशुपतिनाथका मूल पूजारीलाई भनेर पूजा गराउने भनी नियम पनि स्वामीबाट बनाइदिए जुन हालसम्म यथावत रूपमा चली आएको बुझिन आए-को छ।

यी सबै कुराहरू प्रकाशनमा नआए तापनि वंशा-वलीमा स्वतः सिद्ध भइरहेको छ भनी पूजारीसंग भएको गुरु पुस्तकमा उल्लेख गरिएको छ। भाषा वंशावलीमा लेखिएको छ कि राजा नृपेन्द्र मल्लले विमलानन्द नामका षोढान्यासी स्वामीसित सम्मत गरी असीना निवारण निमित्त यथाक्रमले पशुपतिनाथका पश्चिम दिशामा दक्षिणामूर्ति ऋषि आव्हान गरी स्थापना गराए। आगम मूर्ति भनी चलाई गुठी राखी असीना निवारण गराए।

यसरी वंशावलीले पनि माथि उल्लिखित गुरु पुस्तिकामा लेखिएका कुराहरूको केही मात्रामा पुष्टि हुन्छ। गुरु पुस्तकमा उल्लिखित कुराहरूको प्रामाणिकता एवं मन्दिरसम्बन्धी जानकारी प्राप्त गर्न अरू अभि-लेखहरू पाइएको छैन। पशुपतिनाथका गुरुका रूपमा पूजिने भएकाले यस दक्षिणामूर्तिको महत्त्व अति नै रहेको छ। मन्दिरमा पूजारीबाट नित्यपूजाको साथै गुरु पूर्णिमा-मा पर्वपूजा गरिन्छ। गुरुपूर्णिमाका दिन पशुपतिनाथबाट चार जना भट्टहरू, आशा गुरुजु सहित बाजागाजाका साथ यस मन्दिरमा पूजाको लागि आउने चलन छ। मूल भट्टबाट पूजा भएपछि, दक्षिणामूर्ति मन्दिरको पूजारीबाट भट्टहरूलाई प्रसाद दिने चलन छ।

यस मन्दिरमा सुन मोलम्बा गजूर उपेन्द्रविक्रम शाहले राखेकोमा, माघ शुदि सप्तमीका दिन गजूरको वर्षबन्धन पूजा गरिने भएकोमा हाल गजूर चोरी भएकोले पूजा पनि आउन बन्द भएको कुरा बुझिन आए-को छ।

दक्षिणामूर्ति मन्दिरको जीर्ण अवस्था भएकोले छानादेखि पेटीसम्म नै मर्मत तथा जीर्णोद्धार गर्नुपर्ने भएको थियो।

पशुपति क्षेत्र जस्तो धार्मिक सांस्कृतिक परम्परा र जीवन्तता भएको स्थलमा कुनै पनि कार्य शुरू गर्नु अघि हरेक पक्षको लेखाजोखा गर्नु पर्ने स्थिति भएको हुनाले अन्यत्र ठाउँहरूमा काम गर्नुभन्दा त्यस्ता ठाउँमा काम गर्नु संवेदनशील भई गाह्रो हुने वास्तविकता नभएको होइन। यस क्षेत्रभित्र पर्ने दक्षिणामूर्ति मन्दिर एउटा महत्त्वपूर्ण धार्मिक सम्पदाको रूपमा रहिआएको

छ । त्यसैले यस मन्दिरको स्वच्छ र गरिमालाई बाधा नपर्ने गरी यसलाई उपयोग गर्ने विभिन्न वर्ग तथा समुदायका दर्शनार्थीहरूलाई लक्ष्य गरी जीर्णोद्धारसम्बन्धी कार्य संचालन गर्नु परेको थियो । त्यसरी उक्त कार्य संचालन गर्नको लागि विभिन्न समस्याहरू खडा भएका थिए । जस्तै,

१) पूर्व जीर्णोद्धार कार्यमा उचित र सही सिद्धान्त अनुसार नगरेको ।

२) मन्दिरसम्बन्धी अभिलेखको अभाव ।

३) जन चेतनाको अभाव ।

४) दक्ष जनशक्तिको अभाव ।

५) आवश्यक निर्माण एवं संरक्षण गर्ने सामग्रीहरू सुलभ रूपमा उपलब्ध नहुनु ।

६) विभिन्न जात्रा पर्वहरूले गर्दा कामदारहरूको निरन्तर उपस्थिति नहुनु ।

७) बजेट रकम नपुग हुनु । जीर्णोद्धारको सम्पूर्ण कार्यलाई मासिक बाँडफाँड गरी कार्य सम्पन्न गर्नु पर्ने परिप्रेक्ष्यमा आवश्यक बजेट रकम कार्य शुरू गर्नुभन्दा अघि नै ठेकिसकेको हुन्छ । तर हालको परिस्थितिमा बजार भाउ दिन प्रतिदिन बढ्दै जाने कारणले अन्तिम अवस्थामा बजेट रकम नपुग हुन जाने ।

दक्षिणामूर्ति मन्दिर जीर्णोद्धार गर्ने सिलसिलामा यी समस्याहरूले गर्दा काममा उल्लिखित प्रभाव परेका थिए–

१) पूर्व जीर्णोद्धार कार्यहरू गर्दा परम्परागत शैलीमा नगरेकोले पछि जीर्णोद्धार कार्य गर्न तथ्य पत्ता लगाई उचित संशोधन खोजी गरी काम गर्नु पर्ने समस्या खडा भएको थियो ।

२) मन्दिरसम्बन्धी अभिलेख उपलब्ध नहुँदा यसको इतिहास थाहा पाउन तथा तथ्य कुरा बुझ्न अति नै कठिन भएको थियो ।

३) संरक्षणसम्बन्धी जन चेतनाको अभावले सम्बन्धित निकायले जतिसुकै प्रयास गरे तापनि त्यहाँको वातावरणलाई कायम राख्न गाह्रो भएको ।

४) पुरातात्त्विक महत्त्वलाई कायम गर्ने मन्दिरमा परम्परादेखि चलिआएको वा सोसंग मिल्दोजुल्दो निर्माण सामग्री जस्तै काष्टकला, दची अप्पा (तेलिया ईंटा), कार्नेस ईंटा, सुर्की, टायल आदि तयार पार्ने दक्षता भएका व्यक्तिहरू सीमित मात्रामा भएको हुँदा उक्त सामानहरू समयमा उपलब्ध नभएकोले कार्य सम्पादनमा बाधा परेको थियो ।

५) यस्तै निर्माण सामग्रीहरू जस्तै काठ, तामा आदि सुलभ रूपमा उपलब्ध नभएकोले काममा धेरै नै बाधा परेको थियो ।

६) दक्षिणामूर्ति मन्दिर जीर्णोद्धार गर्दै जाँदा अनुमानित लागतमा भएका कार्यहरूभन्दा बढी नै कार्य गर्नुपर्ने भएको थियो । फलस्वरूप पुनः लगत इष्टिमेट गराउनु पर्ने समस्या खडा हुन गएको थियो, किनभने मन्दिरको जीर्णोद्धार कामको लागि नवनिर्माण कार्यमा जस्तो सबै कुराको अग्रीम लागत बनाउन सकिदैन । कारण मन्दिरको सबै भाग प्रष्ट रूपमा निरीक्षण गर्न सकिदैन ।

हालको पुरातात्त्विक महत्त्वका स्मारकहरू जीर्णोद्धार र संरक्षण गर्ने नीति अन्तर्गत कुनै पनि जीर्णोद्धार कार्य गर्दा उक्त स्मारकको आकार प्रकारको साथै मन्दिर वा स्मारक बनाउन प्रयोग गरिएका विभिन्न निर्माण सामग्रीहरू परम्परागत ढंग र शैली अनुसारको हुनु पर्ने पुरातात्त्विक नियमानुसार तपसिलमा उल्लिखित बुँदा बमोजिमको कार्य दक्षिणामूर्ति मन्दिर जीर्णोद्धार गर्दा पनि अपनाइएको थियो । जस्तै,

- जीर्णोद्धारभन्दा अगाडिको फोटोग्राफिक रेकर्ड राखियो ।
- पुरातत्त्व विभागबाट प्रकाशित स्मारक संरक्षण तथा पुरातात्त्विक लगत फाराम तयार गरियो ।
- मौजूदा र प्रस्तावित विस्तृत नक्सा तयार पारियो ।
- जीर्णोद्धारसम्बन्धी सम्पूर्ण कार्यको लागत इष्टिमेट विभागमा पेश गरी स्वीकृति प्राप्त भइसकेपछि काम शुरू गरियो ।

– जीर्णोद्धार कार्यको हरेक स्थितिको फोटोग्राफिक रेकर्ड राखियो ।

– कार्यसम्पन्न भइसकेपछि जाँचपास गराइयो ।

दक्षिणामूर्ति मन्दिरको जीर्णोद्धार कार्य २०४५ माघमा शुरू गरिएको थियो । जीर्णोद्धार कार्यको थालनी गर्न अगाडि शुभ साइत हेरी परम्परागत क्षमा पूजा गरिएको थियो ।

जीर्णोद्धार कार्यको सिलसिलामा दुवै छाना भत्काउनु पर्ने भएकोले पहिले टुँडालहरू सबै झिकी (अष्टमातृका र अष्टभैरव अंकित) सुरक्षित स्थानमा राखिएपछि भत्काउने काम शुरू गरियो ।

गजुर अडाउने काठको पूरा फ्रेम नै कुहिएको हुनाले सो सम्पूर्ण काठको फ्रेम नयाँ बनाई राखियो । गजूर ढुंगाको भएको, सो पनि मन्दिरमाथि नरहेको भुईंमा नै राखिएकोमा गजूर तामामा सुन मोलम्बा लगाई पशुपतिनाथको गजूरको ढाँचामा बनाउन लगाइयो ।

दुवै छानाका काठहरू दलिन, मुठल, फलेक, मुसी, नस आदि पूर्ण रूपमा नयाँ तयार भएपछि सबै लाई कम्तीमा २४ घण्टा मट्टीतेल, लिनसिड तेल र जेलोफिन रसायन मिलाई बनाइएको झोलमा डुबाइसकेपछि मात्र छानामा प्रयोग गरियो । नयाँ काठहरू राखिसकेपछि त्यसमाथि परम्परालाई सुहाउने र कालान्तरसम्म टिक्ने हिसाबले तामा पाता राखियो ।

पहिलो तल्लाको कलात्मक झ्यालहरू दोस्रो तल्लामा राखियो, किनभने ठूलाझ्यालहरू जहाँ पनि तल्लो तल्लामा हुने गर्दछ र सानो माथिल्लो तल्लामा । सबै झ्यालहरू आवश्यकता अनुसार मर्मत गरी रसायनमा डुबाएपछि मात्रै जडान गरियो ।

मन्दिरको दोस्रो तल्लामा चारैतिर काठको सादा कार्नेस राखिएकोमा वास्तुकलालाई ध्यानमा राखी माथिल्लो ढाँचामा काठको कार्नेस तयार पार्ने लगाई सादा कार्नेसको ठाउँमा कलात्मक कार्नेस राखियो ।

यस्तै, मन्दिरको तल्लो तल्लाका टुँडालहरू छोटो भएकोले, नपुग माथिल्लो भाग नयाँ बनाउन लगाई पछाडिबाट नदेखिने गरी मजबूतीका साथ जोडी, जडान गरियो । जमीन तल्लामा ढोकाको दायाँ बायाँ र पूर्व र पश्चिममा जहाँ पहिले आँखेझ्याल रहेको थियो, दुई थामको बीचमा लगाइएको गारोपछि मात्र थपेको देखियो, किनभने थामको चारैतर्फ कलात्मक बुट्टा कुँदिएको, गारो थामसंग मेल नखाने, पहिलेदेखि गारो भएको भए दायाँ बायाँ साधा थाम हुनुपर्थ्यो । पहिले मन्दिर खुल्ला रूपमा राखिएकोमा पछि सुरक्षाको दृष्टिले गारो लगाई ढोका राखिएको देखिन्छ । यी सबै कुराहरू ध्यानमा राखी ती कलात्मक थामको बीचमा रहेको गारो भत्काई सो ठाउँमा सुरक्षा एवं परम्परागत वास्तुकलासंग मेल खाने कलात्मक जाली खापा बनाउन लगाई जडान गरियो ।

मन्दिरको दक्षिणपट्टि रहेको पुरानो ढोका जीर्ण भएकोले अर्को कलात्मक ढोका बनाई जडान गरियो । ढोकाको जाली खापामा भित्रपट्टि नदेखिने गरी मजबूतीको लागि सुलिस पाता राखिएको थियो ।

मन्दिरको चारैतर्फको गारोको बाहिरी भागमा नयाँ ईंटा प्रयोग गरी मर्मत गरियो । ईंटाहरू घाम पानीबाट बचाउनको लागि रासायनिक प्रक्रियाद्वारा संरक्षण गरियो ।

मन्दिरको पेटी पनि सबै बिग्रेको अवस्थामा रहेकोले सम्पूर्ण पेटी भत्काई मन्दिरबाट निस्केको पुरानो दची ईंटा प्रयोग गरी पेटी बनाइयो । पेटीको बीच बीचमा 'ह्लायक ल्वंह' र चार कुनामा मजबूतीको लागि पुरानो ढुंगा राखिएको थियो । दक्षिणपट्टि पेटीको बीचमा मन्दिर जानका लागि एउटा सिंढी पनि बनाइयो, जुन पहिले थिएन ।

मन्दिरको प्राङ्गण पनि दयनीय अवस्थामा रहेकोले मन्दिरको पूर्वतिर रहेको ढिस्कोलाई मिलाई, मन्दिरको प्रदक्षिणा गर्न हुने गरी बाटो बनाई, प्राङ्गणमा ढुंगा छापियो । जमीनमा पानी जम्न नदिन व्यवस्थित किसिमले मन्दिरको चारैतिर पानीको निकास बनाइयो ।

यस दक्षिणामूर्ति मन्दिरको सम्पूर्ण काष्ठकलाहरूमा विभिन्न रंगरोगन लगाइएकोमा, रासायनिक प्रक्रियाद्वारा सफा गरी प्राकृतिक स्वरूपलाई कायम

दक्षिणामूर्ति



जीर्णोद्धार पश्चातको दक्षिणामूर्ति मन्दिर



जीर्णोद्धार गरिरहेको दक्षिणामूर्ति मन्दिर



जीर्णोद्धार पूर्वको दक्षिणामूर्ति मन्दिर

गरियो । उक्त रंगरोगन पठाउन अत्ति नै मुश्किल परी रसायनहरू तीन चार पटकसम्म लगाउन परेको थियो ।

मन्दिरभित्र भूईंमा पहिले ढलान गरी त्यसमाथि टेराकोटा टायल छापियो ।

यस दक्षिणामूर्ति मन्दिरभित्र पहिले रहेको काठको बार, मर्मत गर्नको लागि झिकदा खेरी, पुनः प्रयोगमा ल्याउन नसकिने गरी जीर्ण अवस्थाका पाइएको साथै गर्भगृहभित्र पस्ने ढोका पनि त्यस्तै भएकोले यी कामहरूको लागि पुनः थप लगत इष्टिमेट गराई, स्वीकृति लिई नयाँ जालीबार र ढोका (सुलिस पाता भित्तपट्टि हाली) मजबूतीका साथ जडान गरियो ।

दक्षिणामूर्ति मन्दिरको जीर्णोद्धार कार्य गर्दा सो मन्दिरको पूजारी तथा पशुपतिनाथका भट्टहरू बाहेक अन्य कुनै पनि व्यक्ति गर्भगृहभित्र पस्न नहुने भएकोले पूजारीबाट नै डकर्मीहरूको निर्देशनमा भित्री भागको काम एवं छरिएका मूर्तिहरू व्यवस्थित एवं सुरक्षित साथ जडान गर्ने काम गराउनु परेको थियो, जुन ज्यादै मुश्किलका साथ सम्पन्न गरियो ।

यस्तै, मन्दिरको गजूर प्रतिस्थापना गर्ने कार्य धार्मिक परम्परा अनुसार शुभ साइतमा मात्र गर्नु पर्ने भएकोले आषाढ मसान्तसम्ममा सम्पन्न गर्नु पर्ने परियोजनाको कार्य, गजूर प्रतिस्थापन गर्ने कार्यले गर्दा उक्त कार्य श्रावणको २७ गते मात्र पूरा गर्ने बाध्यता भएको थियो ।

यस दक्षिणामूर्ति मन्दिरको सम्पूर्ण जीर्णोद्धार कार्य कूल लागत ७,५४,००० ।- (सात लाख चौवन्न हजार) मा गरिएको थियो ।

अन्त्यमा यस्तो किसिमको जीर्णोद्धार काममा समयको पावन्दी हुन नहुने यस लेखिकाको धारणा रहेको छ । तर यसको मतलब यी कार्यहरू गर्दा कुनै अनुशासनमा बस्नु पर्दैन भन्ने अवश्य होइन । सरकारी नियम अनुसार, समयमा कार्य सम्पादन गर्ने नियमको अनुशासनमा बसेर नै काम गर्नु नितान्त आवश्यक छ । तर स्तरयुक्त कामको उपलब्धि हुनु एउटा अर्को महत्त्वपूर्ण पक्ष रहेको छ । यसले कामको गम्भीरता र जटीलतालाई दृष्टिगत गरी अधिकारीहरूले समय र नियमको पावन्दीलाई अलि खुकुलो गरिदिएको खण्डमा यी कार्यहरू अवश्य स्तरिय हुनेछ । साथै कुनै पनि काम सम्बन्धित व्यक्तिहरूको बीचको समन्वय र दृढता विना सम्भव हुँदैन र कुनै पनि काम सबैको सम्पूर्ण सहयोग विना पूर्ण रूपमा लागू हुन सक्दैन । त्यसैले सबैसंग समन्वय राखी सक्दो सहयोग लिएर सबैलाई उत्तिकै सहभागी बनाई, साझा प्रयासले ठोस नतिजा उपलब्ध गर्न सक्ने विश्वास लिन सकिन्छ ।

प्रधानमन्त्री जंगबहादुर राणाका समयको नेपाल–भोट युद्धको ऐतिहासिक सामग्री

(गताङ्कको बाँकी)

तामुसुवाट कायास्यां जांदा १७।। घडिमा वासपुग्यो वासदेषि निस्कनि वित्तिकै लंगुर चढनु पर्न्या ठाडो उकालो घडि ।।। ठाडो तेर्छो वह्रालो घडि ।। आहावाट षर्‍यामा साघु तरि अर्को लंगुर चढनु पर्न्या ठाडो तेर्छो उकालो घडि १ ठाडो वह्रालो घडि ।। फेरि वह्रालो तेर्छो घडि ३ ठाडो वह्रालो घडि ४ गै किल्लाभित्र सहर १ रहेछ यस्मा घर १००० होला फाफुं १ पनि वस्याको छ आहावाट अलिक वाटो गै ठुलो षोलामा नाउ तरि तिरैतिर उकालो वह्रालो तेर्छो मैदान गरि तिरैमा वाससम्म घडि ८ किल्लाभित्र र वाहिर पनि सहर छ घर ९००० होला सहर मनाक गुलजार रहेनछ फाफुं १ ताल्वे २ चुई २ सिपाहि १५० वस्याका छन् वीचमाका षोलादेखि उसो वस्ति पातलो छ षोला देषिय सो वस्ति निकैछ . काहि षेत उपर सवै वारि वाटो ढुंग्याले छाप्याको षोलाका तिर वास– ११५

कायास्यांवाट स्यासुयान्याइ जांदा २ ।। घडिमा वास पुग्यो वासदेषि षोलाको तिरैतिर तेर्छो उकालो वह्रालो घडि १२।। आहावाट लंगुर चढनु पर्न्या ठाडो तेर्छो उकालो घडि २ तेर्छो वह्रालो घडि १।।। तेर्छो वाटो घडि १ आहावाट अर्को लंगुर चढनु पर्न्या तेर्छो उकालो घडि २।।। ठाडो तेर्छो वह्रालो घडि २।। गै वास पुग्यो सहर सानु छ घर १२० होला वस्तिमा फिकैछ काहि वैरान उपर वारि षोलाको तिरतिरमा षोरिया छ वास– ११६

स्यासुयान्याइवाट निछटौ जांदा २२।। घडिमा वास पुग्यो वासदेखि षोलाको तिरैतिर तेर्छो उकालो वह्रालो काहि मैदान गरि घडि ६।।। येस षोलामा फट्क्या साघु २ तरि षोलो छोडि लंगुर चढनु पर्न्या ठाडो तेर्छो उकालो चढनु पर्न्या घडि ।। ठाडो वह्रालो घडि ।। सानु षोलामा फट्क्या साघु तरि अर्को लंगुर चढनु पर्न्या तेर्छो तेर्छो उकालो गरि घडि १। ठाडो वह्रालो घडि ।। गै फेरि अर्को लंगुर चढनु पर्न्या तेर्छो तेर्छो उकालो घडि २ ठाडो तेर्छो वह्रालो घडि १। षहर्‍यामा फट्क्या साघु तरि तेर्छो वाटो घडि २ गै फेरि अर्को लंगुर चढनु पर्न्या तेर्छो उकालो घडि ।। ठाडो वह्रालो घडि ।। तेर्छो उकालो वह्रालो काहि मैदान वाटो गै सानु षोलाका तिरमा वाससम्म घडि ६।।। किल्लाभित्रका सहर पुरानु किल्लाका वाहिर पनि सहरै रहेछ घर ३०० सै होला फाफुं १ ताल्वे १ चुई २ सिपाहि ५० वस्याका छन् सहर गाउं वस्ति माफिकैछ . काहि वैरान उपर कमोत छ वाटो ढुंगाले छाप्याको वास– ११७

निछटौवाट तांताइ जांदा १७।। घडिमा वास पुग्यो वासदेखि षोलाको तिरैतिर काहि षेत काहि वगर मैदान वाटो घडि ३।। आहादेषि षोला छोडि अर्को षोलाको वगर मैदान काहि उकालो घडि ३ गै षोला छोडि लंगुर

चढनु पर्‍यो तेर्छो उकालो अपठाडो वाटो घडि १।। गै भज्याङमा किल्ला भयाको ढोकावाट भित्रपसि तेर्छो तेर्छो वह्रालो घडि २।। गै भज्याङमा किल्ला भयाको ढोकावाट भित्रपसि तेर्छो तेर्छो वह्रालो घडि २।। गै अर्को षोला पुगि तिरैतिर काहि तेर्छो उकालो वह्रालो काहि भीर मैदान गरि घडि ७ गै तेसै षोलाको तिरमा वास पुग्यो सहर सानु छ घर २ सै होला सिपाहि ४ वस्याका छन् वाटो आधा ढुंग्यान आधा ढुंगा छाप्याको असल वाटो बीचमा गाउं वस्ति ठिकै छ सबै षेत कमोत छ वास– ११८

ताताइवाट स्यास्यां जांदा १६। घडिमा वासदेषि षोलाको तिरैतिर षेतै षेत मैदान वाटो घडि ३ उकालो वह्रालो तेर्छो भंज्याङ ५ नाघि षोलासम्म घडि ४।।। तिरैतिर मैदान वाटो काहि उकालो वह्रालो तेर्छो काहि भीर वाससम्म घडि ८।। येसै षोलामा नाउ लाग्न्या रहेछ . सहर किल्लाभित्र छ घर किल्लाका भित्र बाहिर गरि २ हजार होला फाफुं १ ताल्वे १ चुई २ सिपाहि ४०० सै वस्याकाछन् बीचमा सहर गाउं वस्ति कमोत वाक्लो छ वाटो ढुंगाले छाप्याको वास– ११९

स्यास्यांवाट पौठिस्यान जांदा १५।। घडिमा वास पुग्यो वासदेषि षोलाको तिरैतिर वाटो घडि १२ आहावाट येसैमा मिलन आउन्या अर्को षोलामा फट्क्या साघु २ षह्‌यामा साघु २ तरि वाससम्म घडि ३।। किल्लाभित्रको सहर किल्ला ठुलो छ वस्ति माफिकै छ घर १२ सै होला फाफुं १ ताल्वे १ चुई १ सिपाहि २ सै वस्याका छ वाटो सबै मैदान षेतैषेत विचमा सहर गाउं वस्ति वाक्लो छ वास– १२०

पौठिस्यानवाट माताउइन जांदा २० घडिमा वास पुग्यो वासदेषि निस्कनि वित्तिकै लंगुर चढनु पर्‍यो तेर्छो ठाडो उकालो काहि भीर गरि घडि २।। आहा भज्याङमा वह्रालामा १ उकालामा १ विचमा फलामको १ जमा ढोका ३ छन् माथिमारू भयाको घर ४।५ पनि छ आड सबै छ आहावाट तेर्छो ठाडो वह्रालो काहि भीर गरि आहावाट षोलामा ढुंगाको पूल तरि अर्को षोलाको तिरैतिर धेर तेर्छो अलि अलि उकालो वह्रालो काहि भीर गरि घडि १६। आहावाट कहि षोरिया उपर वैरान ढुंगा छाप्याको अमलवाटो घडि ।। गै वासमा पुग्यो सहर सानु छ घर १५० होला चुई १ सिपाहि ४ वस्याका छन् विचमा ४।५ घर वस्ति छ वास– १२१

माताउइनवाट लिउपाजांदा १६। घडिमा वास पुग्यो वासदेषि निस्कनि वित्तिकै षोलामा फलाम साघु तरि अर्को षोलाका तिरैतिर साघु १ तरि तेर्छो उकालो वह्रालो काहि भीर गरि फेरि तेसैमा मिलन आयाको षोलामा काठको साघु तरि तिरैतिर गरि बाटो घडि ९।। आहादेषि षोलामा छोडी येसै षोलामा मिलन आउन्या षोलाको तिरैतिर उकालो वह्रालो तेर्छो काहि भीर काहि मैदान षोलामा साघु १ तरि वाससम्म घडि ६।।। किल्लाभित्र वारिपारि गरि सहर छ घर ५ सै होला फाफुं १ ताल्वे १ चुइ १ इनै भारदारहरूले दर्माहा दिनु पर्‍यो दर्माहा दार सिपाहि ६०० सधै आहा रहन्या सिपाहि ३० वस्याका छन् विचमा गाउं वस्ति माफिकै छ . आरावैरान आधा कमोत छ वाटो असल १ षंड ढुंग्यान अपठ्यारो २ षंड वास– १२२

लिउपावाट लायार्सिजांदा १६ । घडिमा वास पुग्यो वासदेषि षोलाको तिरैतिर तेर्छो वाटो ७ घडि षोला छोडी लंगुर चढनु पर्‍यो तेर्छो उकालो घडि २ काहि ठाडो उपर तेर्छो वह्रालो घडि १।।। सानु षोलाको तिरैतिर काहि तेर्छो मैदान गरि वाससम्म घडि ७।। येस षोला षह्‌यामा तर्नु पर्‍यो साघु ८ विचमा गाउं वस्ति वेसै छ काहि काहि जंगल उपर कमोत छ सहर सानु छ घर २ सै होला वाटो ढुंगा छाप्याको आधा नछाप्याको आधा वास– १२३

लायार्सिवाट फुस्यां जांदा १७ । घडिमा वास पुग्यो वासदेषि षोलाको तिरैतिर तेर्छो मैदान काहि भीर घडि ४। येस षोला छोडी अर्को षोलामा काठको साघुतरि षोलैषोला गरि तेर्छो वाटो घडि २ फेरी अर्को षोलामा तेर्छो वाटो घडि १ येसै षोलाको तिरैतिर गै . लंगुर चढनु पर्‍यो तेर्छो उकालो वह्रालो भीरमा साघु ४ तरि अपठ्यारो वाटो घडि २।। षोला छोडी ठाडो तेर्छो उकालो घडि २।। तेर्छो ठाडो वह्रालो कहि कहि भीर अपठ्यारो वाटो गरि षह्‌यामा साघु १ तरि वाससम्म घडि १।

माटाका किल्लाभित्रको सहर ठुलो पुरानु छ घर २००० होला फाकुं १ ताल्वे १ चुई २ सिपाहि ५ सै वस्याका छन् विचमा गाउं वस्ति माफिकै छ कमोत कहि कहि उपर वैरान वास– १२४

फुस्यांवाट ष्वानेउ जांदा २४ घडिमा वास पुग्यो वासवाट तिस्कनि वित्तिकै सानु षोलामा फट्क्या साघु ४ तरि . तिरैतिर काहि मैदान काहि तेर्छो गरि घडि २ यो षोला छोडी अर्को षोलावाट मैदान तेर्छो कहि उकालो वह्रालो कहि भीरमा फट्क्या साघु ३ तरि वासैसम्म घडि २२ वीचमा गाउं वस्ति असल कहि जंगल उपरि पौषरिमा वारि आधावाटो ढुंग्यान आधावाटो ढुंगा छाप्याको सहरमा घर २ सै होला वास– १२५

ष्वानेउवाट पाउचिस्यान् जांदा २३ । घडिमा वास पुग्यो वासदेषि षोला छोडी यसैमा मिलन आउन्या सानु षोलाका तिरवाट साघु २ तरि काहि मैदान तेर्छो काहि उकालो वह्रालो गरि घडि ५।। आहावाट लंगुर चढनु पर्‍यो तेर्छो उकालो घडि १ कहि तेर्छो कहि ठाडो वह्रालो गरि अर्को षोलासम्म घडि ४ कहि तेर्छो कहि षोलाले येकुवार पर्‍याको ठाउठाउंमा साघु ४ तरि भंज्याङ काटि काहि तेर्छो काहि उकालो वह्रालो भीर गरि घडि १० आहावाट मैदान वाटो षेतैषेत गरि घडि २ आहावाट ठूलो षोलामा काठको सानु पूल तरि वाससम्म घडि ।। माटाको किल्लाभित्रको सहर घर ३ हजार होला फाकुं १ ताल्वे १ चूई १ सिपाहि ५ सै वस्याका छन् वीचमा गाउं वस्ति कमोत वेसैछ वैरान कहि कहि मात्र छ वाटो ढुंग्यान् ढुंग्या छाप्याको आहादेषि वगि चढन्या ठुलो षोलाको तिरैतिर सहर रहेछ वास– १२६

पाउचिस्यान्वाट फुस्यांफु जांदा १६ घडिमा वास पुग्यो वासदेषि आधावाटो षोलाको तिर फट्क्या २ तरि आहा-देषि षोला छोडी वासैसम्म आधावाटो मैदान वीचमा ठाउंठाउ वस्ति वगैचा गाउंहरू छन् . टार हुनाले षेत छैन . सबै वारि माटाका किल्लाभित्रको सहर घर ३५ सै होला फाकुं १ ताल्वेमन्दा ठुला याच्यां १ सिपाहि ५ सै वस्याका छन् वास– १२७

फुस्यांफुवाट छिस्यास्यान् जांदा १०।। घडिमा वास पुग्यो वासदेषि किल्ला वाहिरको षोलामा ढुंगाको पूलतरि १ घडिको वाटो सहर हिडि वासैसम्मको वाटो मैदान छ. विचमा १।२ घर वस्ति छ षोलामा काठको साघु १ षह्यामा ढुंगाको साघु तर्नु पर्छ माटाका किल्ला भयाको सहर ठुलो छ घर २ हजार होला फाकुं १ ताल्वे १ सिपाहि ५ सै वस्याका छन् वास– १२८

छिस्यांस्यान्वाट फुंफु जांदा १०।। घडिमा वास पुग्यो वासदेषि मैदानको वाटो विचमा सहर १ उपर २।४ घर वस्ति छ वासैसम्म षेत नभयाको टार छ वाहिर किल्ला भयाको सहर घर १५ सै होला फाकुं १ ताल्वे १ सिपाहि ५२ वस्याका छन् वास– १२९

फुंफुवाट उकुम्स्यान जांदा ९।। घडिमा वास पुग्यो किल्ला वाहिर सानु षोलामा साघु तरि मैदान वाटो टारैटार वासैसम्म विचमा १०।१२ घर गाउं वस्ति भयाको षेत नभयाको टारवारि किल्ला भयाको सहर घर १२ सै होला फाकुं १ चुई २ सिपाहि ५२ वस्याका छन् वास– १३०

उकुम्स्यान्वाट स्येफेस्यान् १५ घडिमा वास पुग्यो वासदेषि किल्ला वाहिर सानु षोलामा साघुतरि मैदान वाटो टारैटार षेत नभयाको सवै वारि वासैसम्म वीचमा वस्ति १५।२० घर भयाको माटाका किल्ला भयाको सहर घर १२ सै होला फाकुं १ ताल्वे १ चुई १ सिपाहि ५ सै वस्याका छन् वास– १३१

स्यफेस्यान्वाट सिंहाफु जांदा २० घडिमा वास पुग्यो वास-देषि मैदानवाटो वीचमा गाउं वस्ति वगैचा वाक्लै छ घडि १० गयापछि सिफ्रिस्यान् भन्याको माटाका किल्ला भयाको सहर १ रहेछ येस्मा घर ३ हजार होला फाकुं १ ताल्वे १ सिपाहि ४ सै वस्याका छन् आहावाट नाउ नागन्या षोलाका विचमा पटेला राषि वाध्याको काठको पूल तरि अलिकति हिंडि फेरि अर्को षोलामा काठको पूल तरि वासैसम्म मैदान वाटो. विचमा गाउं वस्ति वगैचा-हरू ठाउं ठाउंमा छ घडि १० गै ईंटको किल्ला भयाको सहर छिन्दफुं भन्या सानु चारपाट्या किल्ला चारै तर्फ फलामको ढोका लाग्याको मजुगुति ढोका ३ छ येस ढोकावाट भित्रपसि सहर चारैतिर येहि डबल वीच

सहरमा पनि ४ ढोका भयाको सहरका गल्लिमा , पनि वगि चलन्या आहा वस्न्या मानिस सुपि १ च्यान्चुं १ भुध्यांसि १ डाठांसि १ इ चार जनाका दर्जा यकै हुन् सुपिरच्यान्चुं मुषतियार डाठांसि विचारि काम काट-मारको हुकुम दिन्या जंगि भुध्यांसि १ सेठे १ स्युपि १ चुजि २ पाच्यु ८ सिपाहि २ हजार इ सधैं आहि रहन्या मुलुकको आम्दानी वुझन्या तहसिलदार र दर्माहादिन्या सिहाफु १ ठानास्याको फाफुं १ सिलिस्यां भन्याको फाफुं १ येति सिहाफुमा रहन्या वास- १३२

सिहाफुवाट लिन्थुंग्यान् जांदा १३।। घडिमा वास पुग्यो वाटो सवै मैदान येका ठाउं अलिकति ढुंग्यान् थुम्का थुम्कि पन्याको विचमा षोलामा पूल २ मध्ये १ ढुंगाको सान्है लामो छ यहावाट गै विचमा माटाको किल्ला भयाको सहर १ गाउं वस्ति माफिकै छ घर १५ सै होला फाफुं १ चुई १ सिपाहि ५० वस्याका छन् किल्ला वाहिर जंगल भयाको सानु पर्पाल १ पनि छ वेस डवलसंग कुंकान् १ वनायाको छ . येस्मा भित्र कोठा कोठामा तातापानिको पोषरि वनायाको छ वास- १३३

लिथुस्यान्वाट वइलास्यान् जांदा १५। घडिमा वास पुग्यो वासदेषि मैदानै मैदान वास पुग्न्या ठाउंमा अलिकति ढुंग्यान छ विचमा गाउं वस्ति निकै छ वासैसम्म कमोत ठाउंठाउंमा गरि तर्नु पर्न्या पूल साघु छ माटाका किल्ला भयाको सहर घर १५ सै होला फाफुं १ चुई १ सिपाहि ४ वस्याका छन् वास- १३४

वइल्यास्यान्वाट ष्वांटु जांदा ९।। घडिमा वास पुग्यो वास-देषि घडि २ को वाटो गै नाउ लागन्या ठुलो षोलो १ रहेछ . यसैको तिरैतिर अलिक वाटो गै षोला छोडी जानु पर्न्या वाटो सवै मैदान विचमा सहर १ गाउं वस्ति माफिकै छ पूल तर्नु पर्न्या ४ छ माटाको किल्ला भयाको सहर वस्ति पातलो छ घर २ हजार होला फाफुं १ चुई १ सिपाहि २० वस्याका छन् वास- १३५

ष्वाटुंवाट ष्वाइस्यौ जांदा १३ घडिमा वास पुग्यो वाटो सवै मैदान षेतैषेत अलि कति वाटो ढुंग्यान् षोलामा र कुलामा तर्नु पर्न्या पूल ४ वीचमा वस्ति गाउं वेसै छ किल्ला भयाको सानु सहर १ छ आहादेषि घडि १।। को वाटो गै फेरी अर्को सहर सहरको वीचमा किल्ला चारैतिर ठुलाठुला हवेलि तेसको वीचमा चिनियाको देउता थाप्याको छ तलाउ इनार पनि रहेछ तेसैमा वास गुम्वा सहरमा गरि घर २००० होला फाफुं १ चुइ १ सिपाहि ३० वस्याका छन् वास- १३६

ष्वाइस्यौवाट थुक्यांसान् जानलाई ज्मा घडि ८ लाग्यो वाटो सवै मैदान छ विचमा गाउं वस्ति माफिकै छ षह्न्यामा ढुंगाको पूल २ मदिहरा ढोका भयाको डांडा स्मेत घेरियाको किल्ला भयाको सहरमा ज्मा घर ४००० होला आहादेषि सिहाफुको अम्वल सकि ष्वासिको अम्वल लाग्यो ष्वांजो भन्याको लालदरियावले येस किल्लालाई रेति गयाको लालदरियाव पनि यसैलाई भन्दा रह्या छन् येस सहरमा रह्या फाफुं मुगाको गजुर भयाको १ ताल्वे १ चुई सिपाहि ६ सै आहादेषि ८ दिनका वाटागालडाई आइ पुगनाले यस सहरमा चौकि वस्न आयाको सिलिकका अम्वलको ताल्वे १ चुई १ सिपाहि ४०० ढोकामा पाला तागि वन्दुकको गारत् तोप षजाना स्मेत तयार गरि वस्याका छन् वास- १३७

थुक्यांस्यांवाट वाइस्यास्यां जानलाई ज्मा घडि १५।। लाग्यो वासदेषि तेहि ष्वांसो भन्याको षोलाको तिरैतिर काहिकाहि रेति पन्याको मैदान उपर वसि गयोको पर्वत रहेछ तेस्मा गलछिजो पारि वनायाको १ वगि माल चलन्या सडक वासैसम्म छ विचमा गाउं वस्ति माफिकै छ कमोत सवै पाषा वालिको तेहि षोलाको तीरमा पुरानु भत्क्याको किल्ला भयाको सहरमा घर १३०० होला किल्ला वाहिर वास षन्या ३ मा तर्नु पर्न्या फट्क्या ३ छन् फाफुं १ चुई १ सिपाहि २५ छन् वास— १३८

वाइस्यास्यांवाट लिपाउस्यान् जानलाई घडि १६ लाग्यो वासदेषि तेहि षोलाको तिर वाटो माथिको जस्तो गलछिजो काहि काहि गाउं भयाको ठाउं मैदानमा षोला २ भगालो समेत ३ मा साघु ३ तरि किल्ला भयाको सहरमा ज्मा घर २५०० होला फाफुं १ चुई १ सिपाहि ९२ छन् तेहि षोलाको तिरमा वास किल्ला वाहिरका सहरमा तलाउ २ माकुलो हालि इटले पर्षाल चिल्लि-राष्याको छ वास- १३९

लिगाउस्यान्वाट स्यान्दुस्यान् जानाजाई जमा घडि ११।। लाग्यो वाटो माथिको जस्तो गलछिजो पन्याको विचमा गाउं वस्ति माफिकै छ तेहि षोलाको तिरवाट वास पुग्या ठाउ निस्कनिनेरा अलि अलि मैदान छ . वेस किल्ला भयाको सहरमा ढोका ३ तेहि षोलाको आधा कोस वर सहर छ . वाटो काहि काहि ढुंग्यान साना षोलामा फट्क्या ३ छन् तेस सहरमा जमा घर ३००० होला तौथै १ फाफुं १ चुई १ सिपाहि ३००० छन् वास– १४०

स्यान्दुस्यान्वाट स्यांसि जाँदा जमा घडि १४।। लाग्यो वासदेषि वाटो माथिकै जस्तो गलछिजो वीचमा गाउंसम्म घडि ११ ताहादेषि कहिकहि उकालो जस्तै वह्रालो वह्रालो तेर्छो अलि अलि ढुंग्यान कहिकहि वगि चलन्या विचमा ठुलाठुला गाउं वस्ति वेसै रहेछ साना साना षहर्‍या ८ मा ढुंगाको साघु ८ छ . वासैसम्म घडि ३।। छ सानु गाउं रहेछ तेस गाउंमा जमा घर ३०० होला माथिका फाफुंको अम्वल रहेछ चिनिया सिपाहि छैनन् वास– १४१

ऐ का लालदरियाव मन्याको आहादेषि कोस १० उत्तर रहेछ—

स्यांस्यिवाट स्यान्ठिस्यान् जांदा १३।।। घडि लाग्यो वासदेषि लंगुर चढनु पर्‍या ठाडो उकालो घडि १ ताहादेषि काहि काहि उकालो उपर तेर्छो डाडै डाडा घडि १।। ताहादेषि तेर्छो वह्रालो घडि १ ढुंग्यान वाटो वगि चल्दो रहेछ ताहादेषि तेर्छो वह्रालो घडि १ ढुंग्यान वाटो वगि पनि चल्दो रहेछ ताहादेषि वासैसम्म घडि १०। कहिं कहिं थुमको थुमकि पन्याको मैदान वाटो असल षोला २ छ तेस्मा ढुंग्याको साघु १ जंघार १ षहर्‍यामा साघु ढुंग्याको ४ काठको ४ जमा ९ षोलाको तीरमा वास ठाउंठाउंमा भत्क्याको किल्ला भयाको सहरमा घर जमा १५०० फाफुं १ ताल्वे १ चुई १ सिपाहि ५० छन् आहादेषि लालदरियाव कोस १० उत्तर पर्दो रहेछ वास– १४२

स्यान्थिस्यान्वाट सिङास्यान् जांदा जमा घडि १८ लाग्यो वासदेषि वसि गयाको डाडो तेस्मा षोल्सा षोल्सी गड्यांगुडुं पन्याको काहि काहि मैदान अलि अलि ढुंग्यान् वाटो षोला २ मा काठको साघु २ साना षोलसा जस्ता षहर्‍या ८ मा ढुंगाको साघु ८ जमा १० विचमा गाउं वस्ति वेसै रहेछ . किल्ला भयाको सहरमा जमा घर १००० होला फाफुं १ चुई १ सिपाहि ३२ पुराना भत्क्याको किल्लामा वास– १४३

सिङास्यान्वाट ष्वालिफुं जांदा जमा घडि १४ लाग्यो वासदेषि मैदान वाटो काहि काहि अलि अलि ढुंग्यान् उपर असल विचमा सहर गाउं वस्ति कमोत वेसै रहेछ षोला ५ मा ढुंगाको साघु ४ ढुंगाको पूल १ साना साना षोला ४ मा काठको साघु ४ जमा साघु ९ किल्ला नभयाको सहर ठुलो रहेछ . जमा घर १२००० आहा वस्न्या मालिक छान्च्यान् १ ताल्वे १ चुई १ सिपाहि २५० येति जंगी अरू तहसिलदार षोलांफु १ फाफुं १ स्यान्ठुन् १ फाफुंभन्दा तल्लो मान षोला येनको अम्वल मध्येको मुल अडा मालिक वस्न्या ष्वालिफु वास– १४४

ष्वालिफुवाट मुस्यान्दा जमा घडि १२।। लाग्यो वासदेषि घडि १०।। गै ताहा ठुलो गाउ स्याषो भन्याको १ छ तेस्मा फाफुं १ सिपाहि १० ताहावाट ष्वाट्षो भन्याको नदि पुग्न घडि ४ ताहा ठुला ठुला पटेला लाग्दा रह्या छन् चौडाई ठुलो रहेछ . मनाक गैह्रो रहेनछ माझमा भन्या गैह्रो उपर ५।७ हात गैह्रो छ क्वांटाको वाटो गरि समुद्रमा मिलन गयाको रहेछ. वारिवाट पारि जानलाई घडि ३।। मा तरिदो रहेछ . ताहादेषि धेर रैति हिडी अलिकति कमोत हिडि वाससम्म घडि ४।। दोहरि ढोका भयाको ठुलो किल्ला रहेछ . विचमा चौवाटो भयाको ढोका रहेछ सहर ठुलो छ वस्ति पातलो छ वजार पनि ज्यादा रहेनछ तल्लो ढोकावाट पल्लो ढोकासम्म घडि १ को वाटो रहेछ तेस्मा घर ६००० फाफुं १ ताल्वे १ चुई सिपाहि ५० छन् वास– १४५

सुस्यानवाट षोइचिनफु जांदा १२ घडि लाग्यो वासदेषि वासैसम्म मैदान वाटो विचमा गाउं वस्ति सहर पाषा वालीको कमोत ठाउं ठाउं वगैचा वेस रहेछ वरिपरि पानिको षावा भयाको इटको किल्ला अलि अलि भत्क्याको दोहरि ढोका भयाको सहर ठुलो रहेछ वाहिर भित्र गरि जमा घर ८००० षोलामा ढुंगाको पूल १ षहर्‍या

२ मा ढुंगाको साघु २ ज्मा ३ येस सहरमा रहन्या थिचो अम्वा १ औचि ताल्वे १ सौ पिताल्वे २ ध्यां चुचुइये २ पाइचुइ २ वावैफुय १ गैवाइफुये १ सिपाहि ९६० येति जंगी तहसिलमा ष्वाइसिफुं ताल्वे १ फाफुं १ स्यान् छिलैचि १ कमोत कहिं कहिं धान रोपिन्या उपर गहुं वालि वास– १४६

षोइचिन्फुवाट लिकोइ जांदा १३ घडि लाग्यो वासदेषि वासैसम्म वाटो मैदान सवै षेत कहि कहि धान रोपिन्या अरू गहुं छर्न्या ठाउं ठाउंमा इनार तेसमा घोडाका कलले पानि झिकन्या विच विचमा गाउं वस्ति खुपै रहेछ विचमा ठुलो षोला १ छ तेसमा काठको पूल तरि साना षहन्यामा ढुंगाको साघु १ तरि वरिपरि माटाको पर्षाल भयाको इटको ढोका फलामको माटाको ढोका भयाको सहरमा ज्मा घर ४०० होला आहादेषिको ३।। दक्षिणमा किल्ला भयाको सहर छ तेस्मा फाफुं १ वावफुये १ सिपाहि ३० छन् तिनिहरू आइ सवै सराजाम आहा पुऱ्याउन आउदा रहऱ्या छन् वास– १४७

लिकोइनवाट स्याउसिस्यान् जांदा ज्मा घडि १०।। लाग्यो वासदेषि वासैसम्म मैदान वाटो विचमा गाउं वस्ति वेसै रहेछ सवै कहिं कहिं षेत धान रोपन्या उपर गहुं वालि छर्न्या किल्ला भयाको सहर पस्नलाई वरिपरि पानिको षावा तेस्मा साघु १ तरि सहर भित्र पस्नु पर्न्या सहरमा ज्मा घर २००० होला फाफुं १ चुई १ सिपाहि ५० ताल्वे १ स्युपि १ रहऱ्याका छन् वास– १४८

स्याउसिस्यान्वाट षोचास्यान् जांदा ज्मा घडि ९ लाग्यो वासदेषि किल्लाको पानिका षावामा ढुंगाको साघु १ तरि सहरवाट निस्कनु पर्न्या वाटो असल मैदान सवै षेत धान रोपन्या धेरै अरू वालि छर्न्या वासमा किल्ला भित्र पस्न्यालाई पानिको षावामा ढुंग्याको साघु १ तरि इटको किल्ला भयाको सहरमा ज्मा घर २५०० होला फाफुं १ चुई १ सिपाहि ५० छन् वास– १४९

षोचास्यान्वाट स्यासिस्यान् जांदा ९ घडि लाग्यो वासदेषि किल्लाका पानिको षावामा ढुंगाको साघु १ तरि वाटो मैदान विचमा गाउं वस्ति माफिकै रहेछ · सवै कमोत वासमा आई पुग्नि नेरा किल्लाको चारैतिर वर पानिको षावा रहेछ तेस्मा ४ दोवाटो भयाको ढुंगाको पूल तरि अलि अलि मारू भत्क्याको इटको किल्ला भयाको सहरमा वस्ति पातलो छ. ज्मा घर ३००० होला फाफुं १ चु १ सिपाहि ४० छ वास– १५०

स्यांस्यिनस्यान्वाट वैफु जांदा १० घडि लाग्यो वासदेषि किल्ला वाहिर पानि भयाको षावामा ढुंगाको पूल तरि ताहादेषि घडि १ को वाटो नाउ लाग्न्या षोलो भेटिदो रहेछ तेहि षोलाको तिरैतिर वाटो सवै मैदान वाससम्म घडि ९ मा किल्ला भयाको ठुलो सहर रहेछ विचमा गाउं वस्ति वेसै रहेछ . किल्ला वाहिर वजार वस्ति गुलजारै छ त्यो किल्लाको र वाहिरि वजारको विचवाट गयाको रहेछ त्यो खोलामा ढुंगाको पूल तरि वासमा ज्मा घर ६००० होला यस्मा रहन्या जागिर दार जंगिछ्याच्यां ताल्वे १ स्युपिता लोय १ चुई २ सिपाहि ३६० मुलुकि तहसिलदार वावैफुये १ सूफुताल्वेय १ फाफुं १ स्यान् ठिन १ वास– १५१

वैषैफुवाट छिस्यान् जांदा १०।। घडि लाग्यो वास वस्याका सहर वाहिर किल्लाको षावामा ढुंगाको पूलतरि वाटो सवै मैदान विचमा कुलामा ढुंगाको साघु २ षाडिमा ढुंगाको पूल १ सहर किल्लामा पस्न्यालाई पानिको षावामा ढुंगाको साघु १ ज्मा ४ माटाको भत्क्याको किल्ला सहर उजार भयाको वाहिर समेत ज्मा घर १८०० फाफुं १ चुई १ सिपाहि ४० छन् विचमा गाउं वस्ति माफिकै रहेछ कोस १।। वाटो ढुंग्यान अरू असल छ वास– १५२

छिस्यानवाट निकौइ जांदा ज्मा घडि १२ लाग्यो वासदेषि किल्ला वाहिर षाडिमा ढुंगाको साघु तरि घडि ६ मा षोला १ भेटियो तेस्मा ढुंगाको पूल तरि वाससम्म घडि छ विचमा गाउं वस्ति माफिकै रहेछ वाटो मैदान काहि काहि ढुंग्यान उपर सडक किल्ला नभयाको सानु सहर रहेछ ज्मा घर ८०० होला वास आहि पर्छ आहादेषि कोस २ का वाटो आई आहा सिधा सराजाम दिन आउदो रहेछ वास– १५३

निकौइनवाट ठानठैफु जांदा १३ माडिलाग्यो वासदेषि घडि ५ मा पानि सुक्याको षाडिमा साघु छ ताहावाट

ईटको पुरानु कहि कहि भत्क्याको किल्ला भयाको सहर रहेछ तेस्मा ज्मा घर ८०० फाफुं १ पाचुई १। सिपाहि ४० छन् छाडि आयाको बासमा सिधावै वस्तु र येसैले दिदो रहेछ यसैको अम्वल हो ताहादेषि वाससम्म घडि ८ विचमा गाउं वस्ति वेसै छ वाटो सवै मैदान काहि काहि ढुंग्यान षोला २ मा डुंगाको पूल सानु १ ठुलो १ षाडिमा पूल १ ज्मा ३ छन् वाहिर सहरमा फलामको ढोका भित्रपसि किल्लाको ढोकासम्म पुगनालाई घडि ।। ताहा वरिपरि पानिको षावा भयाको इंटको दोहरा ढोका भयाको ईटको किल्ला विच सहरमा ढोका ३ चार पाट्या किल्ला लमाई घडि ।।। गज घडि ३ पाउका वाटो रहेछ किल्लाको ढोका वाहिरका सहरको ढोकासम्म घडि ।। वाहिर भित्र गरि लगाई घडि १।। गज घडि ।।। को वाटो छ सहर ठुलो रहेछ सिंहाफु भन्दा सानु वजार वेस रहेछ किल्लाभित्र ठाउंठाउंमा षेत कमोत तलाउ पनि रहेछ अंदाज ज्मा घर ५००० होला जंगिछाज्यां ताल्वे १ स्यौपि ताल्वे १ पुताल्वे १ फाफु ताल्वे १ फाफुं १ मुलुकि तहसिलदार हुन वास– १५४

टानटैफुवाट सटौ जांदा घडि १४ लाग्यो वासदेषि घडि १ मा षोलो १ छ . तेस्मा ढुंगाको पूल तरि ताहादेषि घडि ६ मा फुल्याठ्यां भन्याको सानु गाउं रहेछ तेसैको वाहिर षोलो १ छ तेस्मा काठको पूल १ तर्नु पर्छ वर्षामा नाउं लाग्छ पानिले हिउदमा छोड्याको रेति हिडनु पर्न्या पाउ भर होला येस गाउंसम्म ष्वालिफुको अम्वल रहेछ आहादेषि पाउचिनफुको अम्वल लाग्यो आहासम्म तौथैले पुग्याउन आउदो रहेछ ताहादेषि वाससम्म घडि ७ किल्ला वाहिरका सहरका वीचमा षोलो १ छ . तेस्मा ढुंगाको पूल भक्ति काठको पूल हाल्याको छ डेवढो वावढो पर्याको ढोका ३ भयाको षावा स्मेत साह्रै भत्क्याको ईटको ठुलो किल्ला रहेछ. वाहिर भित्र गरि सहर ठुलो छ . ठाउंठाउंमा भत्कि उजार भयाको ठाउंठाउं किल्ला भित्र षेति कमाई तलाउ स्मेत भयाको किल्ला भयाको सहर किल्लाभित्र वीचमा ढोका १ छ घर ज्मा ६००० छ्यांचु ताल्वे १ स्युपि ताल्वे १ फाफुं १ सिपाहि १३० छन् वास– १५५

सतौवाट षातास्यान् जांदा १३ घडि लाग्यो वासदेषि विचमा कोस १।। जति अलि अलि थुम्का थुम्का भयाको गगेर वाटो रहेछ उपर सवै मैदान कहि वलौठो कहि मत्याइलो पर्याको सडक गाउं वस्ति वाक्लै छ घर उजार भयाको धेर कहि कहि धान रोपिन्या षेत उपर पाषा षेत यस तिर मुंडा घर पनि रह्या छन् . साना षोला २ मा ढुंगाको साघु २ छ . ताहावाट किल्ला भत्क्याको सहर छ. षाइपनि भयाको वस्ति मन्या वाक्लो उजार भयाको इटको देउढो वाउढो पर्याको ढोका ३ भयाको भत्क्याको वाहिर भित्र गरि घर ४००० फाफुं १ सानु फाफुं १ चुई विचारि काम गरन्या १ सिपाहि ५० द्वान्या जस्ता तहसिल्दार २ छन् वास– १५६

षान्तान्स्यान्वाट सुरेन्देफु जांदा २३।। घडि लाग्यो वासदेषि असल मैदान वाटो सवै कमोत विचमा गाउं वस्ति वाक्लै भयाकोवाट घडि ९ गया पछि षह्यामा ढुंगाको साघु २ गयापछि ताहा लिसिक वान भन्याको ढोका ३ वाट भित्रपसि माटाको भत्क्याको किल्ला भयाको सहर छ विचमा ठुलो ढोका १ भयाको उजार पनि होइन साह्रै गुलजार पनि होइन माफिकै छ तेस्मा घर ३००० होला आहाको दैदस्तुर दिन आहादेषि पूर्व कोस ४ मानास्यांफु भन्याको किल्ला भयाका सहर छ तेस्मा ससन्या मालिक चिन्थै अम्वा १ जंगितौथै १ युचिताल्वे १ तुसताल्वे १ स्युपिताल्वे ४ छ्यांचुई ४ पाचुइ ६ सिपाहि ३६०० ताहा तहसिल्दार अदालति काम गर्न्या चिडस्फु ताल्वे १ फाफु १ पावैफुये ८ सिलिकवान्देषि जांदा षह्र्या १ छ वर्षामा वाढि आउंदा सवै वालुवाले पुर्दो रहेछ कमोत पनि नभयाको वालुवै वालुवा हिडनु पर्न्या घडि ७ यस्को विचमा किल्ला नभयाको ढोका भयाको सानु सहर छ . ताहा दोहरि ढोका भयाको इनका भत्क्याको किल्ला भयाको स्यषो– स्यान् भन्याको सहर अलि अलि उजार भयाको यस्मा फाफु १ छ्यान्च्युचुओ १ सिपाहि ३०० यसले दैदस्तुर दिनु पर्दो रहेछ . घर २००० होला विचमा किल्ला नभयाको सानु सहर १ छ ताहादेषि घडि ३ को वाटोसम्म सवै वालुवाले पुग्याको रहेछ पानि नभयाको वर्ष्या षह्र्या

१ छ कहिं कहिं कमोत उपर वालुवाले पुऱ्याको नासपाति मेहेलका रूष माथि वस्ति नभयाको ताहादेषि असल मैदान वाटो सवै कमोत वाससम्म घडि ३।। गाउ वस्ति वेसै रहेछ सहर ठुलो छ वरिपरि पानिको षाई भयाको ईटको किल्ला ४ छन् ढोका भित्र पसनु पर्न्या विच सहरमा ठुलो ढोका १ छ . किल्ला भित्र वारिदेखि पारिसम्म घडि १। को लमाइ चार पाट्या किल्ला ठाउं–ठाउं भत्क्याको सहर गुलजार वस्ति वाक्लो छ वजार पनि गुलजार छ. ठाउंठाउं कमोत पनि छ . किल्ला भित्र वाहिर गरि ज्मा घर ८००० होला तेस्मा वस्न्या चिदपु ताल्वे १ फुनफुये ताल्वे १ फाफुं १ छ्यांचा ताल्वे १ छ्याच्युंच्युन्नी १ वावैफुये १ सिपाहि १६० छन् वास– १५७

सुरन्देफुवाट ल्युछिउस्यान् जांदा १६ घडि लाग्यो वाटो सवै मैदान ठाउंठाउं वर्षामा पर्वतवाट षह्न्या वाढि आइ सडकमा वलौटोले पुऱ्याको सवै कमोत जगा कहि कहि वालुवाले पुऱ्याको सानु षह्न्यामा ढुंगाको पूल २ छ . विचमा वस्ति पातलो ईटको दोहरि ढोका भयाको पानि सुक्याको षाइ वरिपरि रहेछ . ज्मा घर ३००० होला वजार माफिकै रहेछ तेस्मा फाफु १ चुन्नी १ सिपाहि ६० छन् वास– १५८

ल्युछिउस्यान्वाट पैस्यास्यान् जांदा ज्मा घडि ११। लाग्यो वासदेखि मैदान असल वाटो छ येका ठाउंमा अलिकति ढुंग्यान वाटो विचमा पानि भयाको षाडिमा ढुंगाको पूल १ छ फेरि विचमा षोलो १ छ तेस्मा काठको साघु १ छ . पाहाडवाट आयाको हुनाले वालुवाको रेति धेरै पऱ्याको विचमा गाउं वस्ति ठिकै छ . वासमा आइ पुग्न्या ठाउं वाहिर सहरको ढोका नेरा षाइमा ढुंगाको पूल १ तरि ठुलो वाहिर ढोकावाट भित्र पस्नु पर्छ ईटको किल्ला दोहोरी ढोका भयाको भित्र वाहिर गरि घर ३५०० होला फाफुं १ वावै १ सिपाहि ५३ छन् वास– १५९

पैस्यास्यान्वाट टाटौ जांदा १४ घडि लाग्यो वासैदेखि मैदान वाटो वीचमा पानि नभयाको षाइमा ढुंगाको पूल १ षोलामा ढुंगाको पूल १ छ रेति निकै भयाको वर्षामा नाउ लाग्न्या तेस्मा काठको साघु १ ज्मा साघु ३ विचमा ठुलाठुला गाउं वस्ति वेसै रहेछ दोहरि ढोका भयाको पुरानु माटाको किल्ला कोस ।। कागज लमाई भयाको १ षंड वस्ति ३ षंड षेत वजार पनि माफिकै रहेछ घर ज्मा २००० फाफुं १ चुई १ सिपाहि ३० छन् वास– १६०

टाटौवाट लाठिस्यान् जांदा ७।।। घडि लाग्यो वासदेषि किल्ला वाहिर सडकमा वलतिर पर तिर तलाउ २ छ . वाटो सवै मैदान विचमा षह्न्या छ तेस्मा ढुंगाको पूल १ साना षह्न्या षाइमा ढुंगाको साघु २ ज्मा ३ विचमा गाउं वस्ति वेसै रहेछ सवै कमोत दोहरि ढोका भयाको माटाको किल्ला पुरानु भयाको सहर छ . किल्ला भित्र वाहिर गरि ज्मा घर २५०० फाफुं १ चुन्नी १ सिपाहि ३० छन् वास– १६१

लौठिन्स्यान्वाट टाटेन्फु जांदा १५ घडि लाग्यो वासदेषि मैदान वाटो ठाउंठाउंमा गाउं वस्ति भयाको घडि १२।। को वाटो छ ताहा वर्षामा ढुंगा लाग्न्या षोलो रहेछ . तेस षोलामा काठको लामु पूल वाध्याको तर्नु पर्न्या रहेछ. ताहा देषि कमोत भयाको फाट वाससम्म घडि २।। छ . किल्ला नेराका षाडिमा ढुंगाको पूल १ षोलामा काठको पूल २ डेउढो वाटो गरि पस्नु पर्न्या तेहरि ढोका भयाको इटको मजगुति किल्ला छ पुरानु भै काहि काहि अलि अलि भत्क्याको छ वारि ढोकादेषि पारिसम्म लमाई घडि १। गज घडि ।।। सहरका विचमा ढोका १ छ . सहर गाउं उजार भयाको वस्ति वाक्लो ठाउंठाउं तलाउ कमोत छ ज्मा घर ४००० यस्मा वस्न्या जंगी ठिठ्य भन्या अम्वा १ इउची ताल्वे २ तुसताल्वे १ सौपिताल्वये २ छ्यांच्युंचुई २ षाच्युंचुई छ वावैफुय ८ लिवाईफुये ८ सिपाहि ३००० हजार छन् औटाटेन्फु भन्याको मुलुकि १ ताल्वे १ फाफुताल्वये १ फाफुं १ छन् वास– १६२

टाटेंन्फुवाट सिलौस्यान् जांदा १५।। मा वास पुग्यो वासदेषि मैदान वाटो विचमा गाउं वस्ति वेसै छ . कहिं कहिं सुषा परि वैरान अरू सवै कमोत विचमा किला छ तेस्मा ढुंगाको साघु १ छ ताहा पछि वर्षामा नाउ लाग्न्या षोला १ छ . हिउदमा काठको पूल १ छ . ताहा पछि वास आइग्न्यै नेरा वर्षामा नाउ लाग्न्या षोलामा

हिउदमा काठको पूल १ छ ज्मा साघु ३ दोहरा ढोका भयाको सहर ईटको किल्ला वाहिर भित्र गरि ज्मा घर २००० फाफुं १ ताल्वे १ पाचुई १ सिपाहि ४६ छन् वास– १६३

सिलौस्यान्वाट तिन्जु जांदा ९ घडि लाग्यो वासदेषि मैदान वाटो विचमा ठुलो ठाउ १ छ . अरू पुराना साना गाउं वस्ति माफिकै छ . विचमा पानि नभयाको षह्न्यामा ढुंगाको साघु १ छ . माटाको ठुलो किल्ला भित्र पस्नु पर्न्या डेउढो वाउढो पन्याका चार पत्र ढोका दुई दिशा मात्र भयाको सहर उजार छ. वाहिर भित्र गरि ज्मा घर ३००० ताल्वे १ तुसताल्वे १ फाफुं १ पाचुइ १ सिपाहि ३६० छन् वास– १६४

तिन्जुवाट वाटुस्यान् जांदा ११ घडि लाग्यो वासदेखि मैदान वाटो विचमा सानु सहर १ गुलजार छ . वजार पनि वेसै छ . वासदेषि घडि २ को वाटो गै वर्षामा नाउ लाग्न्या षोलो १ छ . तेस्मा काठको साघु १ छ . कुलामा ढुंगाको साघु छ वासदेषि घडि १।। को वाटो वलौटो पन्याको वरिपरि पानिको षावा भयाको दोहरि ढोका भयाको ईटको सानु किल्ला भयाको सहर उजार भयाको भित्र वाहिर गरि ज्मा घर १५०० फाफुं १ ताल्वे १ चुञी १ सिपाहि ७२ छन् वास– १६५

वाटुस्यानवाट पाउचिन्फु जांदा १६ घडि लाग्यो वासदेषि वाटो सवै मैदान वासदेषि घडि ५ मा माखांफुक्षौ भन्याको किल्ला नभयाको सानु सहर छ . ताहाको सिधा सराजाम अन्तैका फाफुंले दिन आउछ . ताहादेषि वासस्म्म घडि ११ षोला ३ मा ढुंगाको पूल ३ छन् कुला षाडिमा ढुंगाको साघु ७ ज्मा १० षाइ दोहरि ढोका भयाको ईटको ठुलो चार पाट्या किल्ला रहेछ . वजार सहर सिहाफु भन्दा गुलजार छ . किल्लाको वारि ढोका देषि पारि ढोकासम्म जान घडि १। किल्ला भित्र वाहिर गरि ज्मा घर १२००० होला आहा वस्न्या मुलुकि तुथां १ वुधिर्सि अम्वर भरको तहसिल्दार १ डाङासि निसापका मालिक अम्वा भन्दा सानु १ छिष्वा ताउ फाफु पजनि गर्न्या १ पाउतिन्फु १ छिवैस्या १ सेठे १ चुञी ४ तुसि १ स्युपि ४ छ्यांचु ४ पाच्यु १६ वयेउइ २४ सिपाहि ३६०० छन् वास– १६६

पाउचिन्फुवाट डावास्युस्यान् जांदा घडि ११ लाग्यो वासदेषि मैदान वाटो विचमा गाउं वस्ति माफिकै छ वीच षाडीमा ढुंगा पूल २ वर्षामा नाउ लाग्न्या षोलो १ छ तेस्मा काठको साघु १ कुलामा ढुंगाको साघु २ छ . वास नैरा सानु षाईमा ढुंगाको पूल १ ज्मा सानु २ येकोहरा ढोका भयाको ईटको किल्ला वरिपरि पानिको षाइ अलिक उजार भयाको सहर भित्र वाहिर ज्मा घर ३५ सै फाफुं चुई २ सिपाहि ७२ छन् वास– १६७

डावास्युस्यान्वाट पेषो जांदा ११। घडि लाग्यो वासदेषि मैदान वाटो विचमा गाउं वस्ति ठिकै रहेछ षाईमा ढुंगाको ४ काठको १ ज्मा साघु ५ किल्ला नभयाको सानु गाउं रहेछ तेस्मा घर ज्मा ३ सै होला वास– १६८

पेषोदेखि टोटुवा जांदा १६।।। घडि लाग्यो वासदेषि गाउं वाहिर नाउ लाग्न्या षोला १ मा काठको साघु १ छ वासदेखि घडि ३।। को वाटो आई भेञोस्या इटको किल्ला छ तेस्मा फाफुं १ चुञी १ सिपाहि ३२ छन् . वास वसि आयाको गाउंमा सिधा सराजाम येसैले वुझाउनु पर्छ ताहादेषि वासस्म्म घडि १३। साघु ढुंगाको षाइ षह्न्यामा गरि ७ दोहरि ढोका भयाको ईटको किल्ला विचमा पनि ठुलो ढोका भयाको सहर वजार गुलजारै छ . भित्र वाहिर गरि ज्मा घर ५००० ताल्वे १ फाफुं १ स्युपि १ छ्यांचुं २ पाच्यु ४ सिपाहि ४ सै छन् वास– १६९

टोटुवावाट लास्यास्यान् जांदा १५।। घडि लाग्यो वासदेषि सहर वाहिर सानु षोला छ वर्षामा नाउ लागन्या तेसमा तेहरा वगि चलन्या ढुंगाको लामु पूल तर्नु पर्न्या ताहादेषि घडि ६ मेतिस्तै डवलका षोलामा तेस्तै डवल को पूल तर्नु पर्छ . ताहावाट घडि १ का वाटो ढुंगाले छाप्याको रहेछ . ताहावाट वासस्म्म घडि ८।। विच षाडिमा ढुंगाको साघु २ छ . पूल ज्मा २ विचमा वजार वस्ति भयाको ठुलो गाउं छ. उपर साना गाउं वस्ति वाक्लै छ . कमोत पनि निकै छ . षाइ भयाको देहोडा पन्याको दोहोरि ढोका भयाको पुरानु ईटको किल्ला भयाको सहर वस्ति पातलो उजार भयाको वाहिर भित्र

गरि ज्मा घर ३००० फाकु १ पाच्यु १ सिपाहि ६० छन् वास– १७०

लास्यास्यान्वाट पैंचिनका किल्लाको ढोकासम्म जांदा १२ घडि लाग्यो वासदेषि मैदानको वाटो ठाउंठाउंमा ढुंगाको पूल नाउ लाग्न्या षोला १ मा ठुलो पूल १ छ. पानि जम्याको षाइसा पूल १ छ . कुलामा ढुंगाको साघु २ तरि गै ठुलो गाउं वजार वेस भयाको छ . ताहासम्म घडि ५ ताहादेषि कहि कहि कमोत रहेछ उपर वलौटो ढुग्यान पन्याको वाटो घडि ३ ताहा नाउ लाग्न्या षोला १ रहेछ तेस्मा ढुंगाको ठुलो पूल वारिपारि जति आउन्या वेपारिहरूसंग भारिको वगिको दस्तुर लिन्यामा लिलग्रम्वा १ त्यो षोला पारि दोहरी ढोका भयाको ईटको किल्ला भयायो सहर छ . घर पातलो माफिकै रहेछ . तेस्मा ज्मा घर ३००० छ . तेस्मा ताल्वे १ चुओ १ सिपाहि ३२ छन् . त्यो पूलदेषि घडि ३ का वाटो तेस्तै वलौटो पन्याको ढुंग्यान १ हिडि ताहादेषि ढुंगा छाप्याको वाटोदेषि ढोकासम्म २।४ घर भयाको कमोत ढोकैसम्म जोरियाको छ वास– १७१

४०) चीनको अहेवाल भन्याको महाचीन भित्रका नापि ज्मा मानिसको ज्मा मुलुकि आम्दानीको ज्मा मानिस पिछे लागन्या महसूल औ सुवाई पीछेका इलाका भित्र येस येस चिज वस्तु पनी भन्या विस्तारको—

लाटिटिउड भन्याको सूर्य मण्डलको उत्तरायण दक्षिणायन हो . तस्को गिति कहादेषि गर्नु भन्या उत्तरायण दक्षिणायनका विचाविचदेषि गिति गर्नु तेस विचाविचलाई अंग्रेजीमा एकुइटर भंछन् सूर्यका गति ताहावाट विचमा पर्दछ . ताहादेषि उत्तर पट्टिलाई नार्थलाटिटिउड भंछन् दक्षिणपट्टिलाई सौठ लाटिटिउड भन्छन् . ताहादेषि दुवैपट्टि अंश ९०।९० पर्दछन् अंसापिछे ६०।६० भाग हुन्छ—

ठाउंठाउं का सुवाईको नाम	लाटिटिउड सुमौका ठुलान गरको	सुवाइस हरपेचिन देषि कति माइल टाढा पर्दछन्	सहर ए कसुवाई भित्र कति माइलको अंदाज जमिन पर्दछ	सुवाईपिछे कति मानिस वस्याका छन्	मायिल पिछे कति मानिस छन्	हर ए मुलुकि आम्दानी पौंड	कसुवाईको पगरिपिछे कति महसूल सर्कारिलाग्छ पौंड सिलि पेन्स	सुवाई पिछे कति फौज रहेछन्
पेचिली	२९।।	×	५९७००	३५०४०३८	५८	९२३९३१	० ५ ३	
क्याइनान्	३२	८६२	८५०००	३०४०५२५८	३५७	२४५८४७६	० १ ७	
क्येङसि	२८।	१०२४	७२०००	५९२२१६०	८२	९८१३७४	० ३ ३	
फोचिङ	२६	२२०२	५७१५०	१६८४५२८	२९	३७७५०७	० ४ ५	
चेकिएङ	३०।	११८५	३७२००	१८९७५०९९	१५०	१३५७५९३	० १ ५	
हौकाङ	३०।	११३३	१६८००	३३७०२३७९	२००	७३८१२३	० ० ५	
होनाङ	३४।।	५५३	६२०००	२६६२९६९	४३	१०५२८२६	० ७ १०	
सांटाङ	३६।।	२८७	५६८००	२५४४७६३३	४४८	१२३१६०७	० ० ११	
शांसि	३७।।	४३१	६२५००	१८६०८१६	२९	१०६१९१६	० १४ ४	
शिन्सी	३४	९५२	१६७७०१	२५७७०४	११	४९७६१०	० १८ ७	
सेच्युइन	३०।	२०४८	१७५६००	७७८९७८२	४४	१९५४८४	० ० ९	
क्यांटन	२३	२७२०	९७१००	१४९१२७१	१५	४२४७६७	० ५ ९	
क्याङसि	२५	२६८०	८७८००	२५६९५१८	२९	१४६८२८	० १ १	
यूनान्	२५	२९४६	१३१४००	२२५५४५९	१७	१९५३०६	० १ ५	
कोएच्यु	२६।	२७४५	५१२००	२९४१३९१	५७	३६७६४	० ० ६	

माहाचिनको भित्रि नाप अंग्रेजी माइल जमा १३७२४५० तेह्र लाख बहत्तर हजार चार सै पचास माइल

जमा मानिस– १४१४७०००५ चौध क्रोड चौध लाख सत्तरी हजार पाच

माइलपिछे जमा मानिस– १०३

मुलुकि जमा आम्दानि पौड– ११६४९९१२ येक करवर सोह्र लाख उनचास हजार नौ सै बाह्र

मानिसपिछे महसूल– पौड सिलि पैन्स

० १ ७

जमा फौज– ११८२०००

रेयत पिछे सिपाहि

११९ १

चिनको अहेवाल

पेन्स १२ को १ सिलि

सिलि २० को १ पौंड

पौंड १ को कल्दार रू

पैया १० हुन्छ

सुवाइपिछे कुन कुन चीज डब्ज छन् कुन कुन चीज

वनाउदछन्

जस्ता सिसा अंगुर कोयला षानि संगमर्वर सोरा जवा षार्षानि

अनाज निमक कपास रेशम चिनिया भांडा चिया वेपार

सुन चांदि सिसा लोहा जस्ता कसीस निलातुथा अनाज फटकिसि. चिनिया भाडा

पारो . लोहाको दस्तकारि लोहाजस्ता रेशम चिया वेपार पर्देस संगमर्वर

अनाज रेशम चिया वेपार पर्देस रेशमका कपदा

पारा . राङ . अनाज चिया . कागज सिग्रीफ

तावा अनाज

अनाज वेपारी पर्देसी

पत्थरका कोइला वनात् तोसनुन् . दाष . भेडी . सिग्रीफ

पत्थरको कोइला सिग्रीफ देवन्द चिनि कस्तुरी भेडी नुन वालको दस्तकारि

राङ लोहार तावो सुन सिसा कहरूवा कस्तुरी घोडा रेशम मिश्री रेवचिनि निमक

तावा लोहा. राङ. सिसा. पारो. मिश्रि. कर्पूर. वेपारि पर्देसि . संगमर्वर

तावा . राङ . चादि तर्ज भेडी

सुन. चांडि. राङ. जस्ता. रेशम. निमक. चियावेपारि ब्रह्माका स्याम् देसका कस्तुरी

सुना. चांदि. कपरा. पारो. तामाको कपरा. तावो

वास चिनियाहरू– १४१४७०००५ पद्मसुवाजात षास चिनमा वस्याका मानिस

चिनकिङ्गका मानिस वा ४८६६४३

कानुसुका मानिस वाहि ३४००८५

टार्टारिका मानिस १२०००००

४१) श्री प्राइम मिनिष्टरवाट श्री कम्याडर इन चिफ जरनल रणउद्दिपसिंह कुवर राणाजीलाई लेषि गयाको भर चैत्रमा हेटौडावाट उठि नसकन्या रसद अन्दाज गरि मधेस जौल्ला जील्लामा अव रसद ल्याउनु पर्दैन भनि उर्दी दि पठाउन्या काम गर्नु . उर्दि नपुगि जिल्ला जिल्लावाट आयाको रसद वुझि लिन्या काम गर्नु . हातिहरूलाई घाटा वोकाइ वयल टटुलाई षुवाउन्या तजविज वेस गर्न्या छौ . भींफेदी नसक्ये भैंस्यासम्म गाढा चलन्या वाटो वनाउनालाई मेजर कपतान सताराम षतूलाई पठायाको छु वाटो वनाउन्या हतियार . पिपा चाहिन्या सवै कुराको मदतदि वाटो वनाउन लाउन्या काम गर्नु त्यो वाटाको सुखसिसक्यापछि चाहिन्या मानिस राषि तिमि र मेजर कपतान समेत आउन्या काम गर्नु सहरका काठ षरिद गरि राषनु . गोला वनाउनु पर्न्याछ ११ साल माघसुदि ७ रोज शुभम—

माघ सुदि ९ रोज ६ मा

ताहापछि श्री कम्याण्डर इन चिफ जनरल कृष्ण वहादुर कुवर राणाजीका हजुरमा श्री कम्याण्डर इन चिफ जनरल रणउद्दीप सिंह कुंवर राणाजीवाट लेषि चह्राई पठायाको भिफेदिसम्म गाडा चलन्या गरि ३ दिनसम्म तजवीज गरि आउनु भनि मेजर कपतान् सताराम षतू वाटो वनाउन आयाका छन् इनले भन्या वमोजिम चाहिन्या मानिस दिन्या काम गर्नु भनि लेषि आयाका कुरालाई अरू मानिस मसंग छैन . इनै रसद वोकन्या पिपा छन्

देउ भनि मर्जि आया दिन्या काम गरौंला धर्मनारान् पनि आज हिडछ . धर्मनारन् मार्फत षरिद भयाको अमानत् भयो नाफा उसले पाउदैन. ताहा आई पुग्यापछि जस्ता फलाम आजसम्म किन्याको किनियो नकिन्याका लाई किफायेतसंग लिन्या र अंत षरिद गरि किफायेतसंग मिलन्या वन्दोवस्त ति-ीले बांधनु भन्या श्री प्राइम मिनिष्टर दाज्यैज्युवाट मर्जि भयाको छ . सोहि माफिक काम गर भनि लेखिक्सनु भयाका कुरालाई आहा मैले वन्दोवस्त गरिकन हुन्या कुरो होइन मैले जान्या र बुझ्यासम्मका कुरा हजुरमा जाहेर गरि विन्ति चढाई पठाउंला हजुरका तजवीजमा जो ठहर्छ रसदका चावल जति सक्यो मैस्या भिफेदी चाडो उकालन्या काम गर्‍या पछि काठमाडौं उतारन सजिला होला . सो माफिक मेजर कपतान महारूद्र षतृ दलजित विष्टहरूलाई लगाई पिपाको वन्दोवस्त बाधीदिनु भनि लेषि वक्स्याका कुरालाई हेटौडामा आयाको चावल तेस तरफ उकालन पाया मलाई सजिलो होला भनि भरमगदुर गर्दैछु . मेजर कपतान महारूद्र षतृ दलजित विष्टलाई तेस तर्फ चलान गर्नुलाई मैले पनि चाहिन्या कुराको तजविज गरी मिलाई दियाकै छ उनहरूले पनि भरमग्दुर गर्दैछन् भडरूवामा गोलि ढाल्न्या विस्तार लेषि पठायाछौ . विन्ति गर्दा षुसि हुनु भयो . गोलि ढालन्या काम भड-रूवामा थामि वनाउनु पर्ला मेजर कपतान सम्सेर जंग षतृलाई केहि दिन ताहा रापि वक्सनु होला भन्या झै लागिरहे छ . गोला ढालन्या काम सरासर चलाउनालाई क्या क्या चाहिन्छ . धमनारानसंगका रूपैया . फलामको चांजो मिलाई दिन्या काम गरि तिमिले पनि आउनु भनि लेषि वक्स्याका कुरालाई भडरूवा मेगजिनमा गै हेरि च्वाफुले देष्याको कुरो विन्ति चह्राई पठायाको हो . भडरूवामा मेगजिन थामनालाई विस्तार विन्ति गर्नु पर्न्याछ म ताहा आइ विन्ति चढाउला जस्ता र फलाम धमनारानसित नलिन्या काम वेस भयेछ . ढालन्या फलाम चाहिन्या हुनाले जस्ताको काम फलामले पुगला भनि जस्ता लिन्या कुरो विन्ति गरि पठायाको हो धोक्राहरू सान्है चावल छिर्न्या वोराका वनायाका रह्या छन् आहा धोक्रा पुगेनन् भनि षन्याई हेर्दा कसैमा १२ माना कसैमा १०।८।६ मानासम्म पाथि १० मा पुगेन. ढोक्रामा कति कति हाल्याका छन् भनि लेषि वक्स्याका कुरालाई धेरै धोक्रा १० पाठि हाल्याका हुन् धोक्रा सानु मै कामले हरकट् हुन जांदा ८।९ पाठि पनि छन् सोहि धोक्रामा लाल्गेरूले ८।९ अंक लेषियाको छ. दिनमा ३ हजार २५ सये थैलामा चावल भर्नु पर्दा र वाटामा लैजांदा चुहि छिरि घटन गयेकि कसो भयेछ. आहा भन्या आफ्ना आफ्ना काममा षवर्दारी सित काम गर्नु भनि अह्रायाको छ १० पाठिका थैलामा अंक लेख्याको छैन सुवेदार अजप्सी थापाले किन्याका थैला वलिया रह्याछन् केरू कुति डिगर्चासम्म पुग्याउदा ठहर्न्या चावल नछिर्न्या रह्याछन् भन्या किफायेत भयाको वढिया हो धमनारान सित आया-को छ. उससंगका मला अघि इजारा थियो अव नाफा नषानु भनि अमानत भंयाको छ . तेसवाट रूपैया लौ टाटको थैला १० पाठि अटाउन्या डोरिले मुष वांनु हुन्या थैलाको वन्दोवस्त गर्नु भनि लेषि वक्स्याको कुरालाई कर्णेल हेमदलसि थापाले भडरूवामा जांदा उनले ल्याायाको थैला येहि हो यसलाई षरीदि र हेटौडासम्मको भाडा सिलाई गरि १० पाथि जान्या थैला १ कोलाठसाही रूपिया सम्म-मा येक लाष थैला सुवेदार अजर्फसि थापाले नसिलाई षरिद गरि थुप्राई राष्याको रहेछ . हेटौडासम्म चलान गर्नाको भाडा र सिलाई गर्नाको मंजुरी दिनालाई आटन नसकि अलमलि रह्याको रहेछ. भनि कर्णेल हेमदलसि थापाले विन्ति गर्‍या र जाहेर गरि पठायाको हो . पांच पैसा लाठसाहि-ले षरीदी सिलाई हेटौडासम्म ल्याउनाको भाडा मिल्ला होला . चाडो तयार गरि पठाउन्या काम गर भनि दस्षत पठाआ सुवेदार अजप्सी थापाको र केशवका नाउका ८ हजार चट्टी षरिद गरि १० पाठि चावल अटाउन्या र चावल नछिर्न्या गरि ढोक्रा सिलाई पठाउनु भनि असोज-मा रूपिआ दियाका हुन् . तेसमध्ये हेटौडा दाषिल भयाका यसै नमुनाका चट्टी ज्मा ३१३० चट्टीको ३ थैलाका दरले ९३९० दाषिल भयो चट्टी पठाउन ढिल भयो भनि १।२ फेरा जरीवाना पनि गर्‍या ताकितिको चिठी वरावर पठाउंदा हारमानि रह्याछु अस्ती आयाको चिठीमा भन्या यस मितिदेषि अघी धमनारानसित वोरा जो लियाको लियों अव नलिनु टाटको लिनु भन्या चिठी पठाई वक्सनु

भएछ . टाटका थैला कैले आउंछ र काम चलाउन वयेल टटु पिपा हातिलाई २।४ दिन चलान गर्नलाई पुग्ला २।४ दिन पछि भारि चलान गर्न अडकन जान्याछ . येस्मा कसो गर्न्या हो ताहावाट भन्या धमनारानले जो काम इजारा लियाको थियो अमानत भो धमनारान ताहा आयाको छ . तिनसंगको रूपिआ ली थैलाको वन्दोवस्त गर्नु भनी लेषि वक्स्याका कुरालाई धमनारानसंग कार्तिक वदी ३ रोज ५ मा वन्दोवस्त हुंदा पनि थैला पुऱ्याउंनालाई येस्तो हाहा परिरहेछ आजकल धमनारानसंग रूपिआ ली थैला किनि आहा झिकाई चावल भरि तेस तर्फ चलान गर्न्या काम मवाट होइसकन्या छैन मैले ऐले विन्ति चढ्ायाको छु आहा काम हर्कट नहुन्या गरि हजुरवाट वन्दोवस्त भया वढिया होला मुकाम हेटौंडा शुभम—

माघ शुदि ९ रोज ६ मा

श्री प्राइम मिनिष्टरवाट श्री कम्याण्डर इन चीफ जनरल रण उद्दीपसिंह कुवर राणाजिलाई लेषि गयाको . धर्मनारानवाट आयाको वोराको थैला चिठि पुग्याका मिति-देषि नलिनु वाकला टाटका थैला लिनु भन्या मर्जि आयेछ . वाकला टाटका थैला नआइ पुग्दा रसद चलान गर्नालाई षाचो हुन जाला भनि धमनारानका वोराका थैलामध्ये छानी भारी हालन्या काम गऱ्यौ भनि लेष्याका कुरालाई चुऱ्याका वाटामा पहऱ्या राषन्या काम वढीया गऱ्याछौं चिठी पुग्याका मितिदेषि वोराका थैला नलिनु भन्या लेषि गयाको हो . धमनारान मार्फतका पटनावाट चलान भयाका मितिदेषि येसो जो आयाको वोराका थैला छन् . तेस मध्ये रसद वोकन्यालाई हुन्याजति वुझि लिनु नहुन्या फिर्ता गरिदिनु पटनावाट चलान भयाको मितिदेषि उप्रांतलाई र वोराका थैला नवुझनु वाकला टाटका थैला लिनु रसद वोकन्या जतिलाई चुऱ्यावाट र अरू आउन्यालाई अर्को वाटाको वन्दवस्त होइ सकन्या रहेछ भन्या . सोपाठहुन गया . रसद वोकाउनालाई सुभिता हुन जाला रसद वाहेकका आउन्यालाई जान्यालाई अर्को वाटो गरिदिया वढीया होला वाटाका अर्थलाई भरि सक्य दोहरा गाडी भैंस्यासम्म चलन्या गरि वनाउनु होइ सकिदैन भन्या र तिम्रा तजवीजले जो ठहरायाको छ वढीयै छ आहा काजि कपतानलाई अह्राउनु पर्न्या कुरा अह्राइ आउछु भन्या कुरालाई र धमनारान ताहा आयाको छ . येस सितको वन्दोवस्त र मेजर कपतान सताराम षतूलाई वाटो वनाउनालाई चाहिन्या मद्दत स्मेत दि रसद वरावर चलन्या वाटो वेसगरि वंन्या वन्दोवस्त सवै मिलाई आउन्या काम गर्नु . गाडाका पांग्राले मानिस मर्न र जखम हुन गयाछन् अव उप्रान्तलाई तेस्ता हुन नपाउन्या वन्दोवस्त वाधन्या काम गऱ्या वढीया होला शुभम—

माघ शुदि ११ रोज मा

श्री प्राइम मिनिष्टरका हजुरमा श्री कम्यांडर इन चिफ जनरल रणउद्दीप सिंह कुंवर राणाजीले लेषि चढ्ाई पठायाको धर्मनारान्वाट आयाको थैला माघ शुदि रोज देखि नलिन वाकला टाटका थैला लिनु भन्या मर्जि भै आयाका सिर चढ्ाआ वाकला टाटका थैला नआइ पुग्दा रोजिन्दा पिपा र वयेल टुटुलाई भारि चलान् गर्नालाई षाचो हुन जाला भनि धर्मनारान्का वोराका थैला आयामध्ये छानि भारी हालन्या काम गऱ्यौं . म सप्तरि तिर जान्दा षतू कपतानलाई र विष्ट कपतानलाई वाटो वनाउनु भनि अह्राई गयाको हो सप्तरिवाट आइ पुग्दा वाटो वनायाका रह्यानछन् र किन वनायेनौ भन्दा . येकहरो वनाउनलाई मर्जि हवस वनाउछु दोहरा गाडा चलन्या नदेख्दा नवनायाको भनि भन्या र इनिहरूले विति गऱ्याको नपत्याई रसद वोकन छुटाई वाटो वनाउन लाग्या भन्दा तैपनि प्रतित नमानि म पनि भैंस्यासम्म गै हेर्दा गाडाका दोहरो वाटो नचलन्या देषदा मैले पनि यस्मा मन्सुवा गरेन जो गाडी आयाको थियो भिछा षोरीदेषि हेटौडासम्म रैतान सित सुपत भाडा ली रैयतको चावल वोकि देउ भन्या वन्दोवस्त गऱ्या वयेल टटुको माल वाटो रहेछ गाडाका वाटोलाई याम्कम हुन जांदा पनि यस्मा किफायेत होला भनि देषिन् चुरियाका पल्लापट्टी वह्रालामा षाली गाडा लैजान्दा वह्रालामा गाडी भासि गाडाका पैयाले पाई टावैमा १ मानिस मऱ्यो येउटा मानिस अजविल भै वोकि घर लै गया आज

भोलि हेटौडा देषी विसौलीयासम्म १०।८ हजारसम्मको रसद ल्याउना मानिस आवत जावत छ. इ मानिसले हिड्याका वारिपारि रूषका पात पनि धूलैका पात जस्तै देषिन्छ. तुरीयामा आउन्या जान्याले वाटोवन्द हुंदा आउनालाई र जानालाई पनि २।३ प्रहर नभै जान नपाउदा रसद पुऱ्याई फिर्न्याले साजदेषि व्याहानसम्ममा जाई रसद ली आउन्याले व्याहानदेषि साजसम्म आइ सकनु भन्या उदि दि पहरा राषि दिया येस्तो नगऱ्यामा तलविज पर्न जाला भन्या देखियो वेहोरा वाधि दिआ आज भोलि रसद पनि रयेतसंग भरिन्या १६ सये २ हजार आउंछ. आयाको सवै भरि नसकि हाम्रो पनि भनि देउ भनि रैयत कराउदै छन्. काजि डिल्लि सिंह वस्न्यात् पनि हिजो आइपुग्या. आहा काजि कप्तानलाई अह्राउनु पर्न्या कुरा सवै अह्राई वृहस्पतिका दिन मं पनि हजुरका दर्शन गर्न आइपुग्छु शुभम—

माघ शुदि ११ रोज १ मा

यस्तै वखतमा श्री मद्राज कुमार कुमारात्मज श्री मिनिष्टर जनरलवाट श्री विर्गिडियेर जनरल षड्ग वहादुर कुवर राणाजीलाई लेषि गयाको मुलुकवाट आयाको रसद भर्दा स्याहा चह्राई रसिद गरि रसिदको नकल सारि सौपि दिनु रसिद पायेनौ भनि कोहि कराउन आया रसद नलियाको ठहऱ्यो भन्या तिनीहरूलाई दो चन्दा जरिवाना होला गोदाममा चावल वुझि वुझ्यौ भन्या कित्र्या रसिद गरि दियाको ठहऱ्यो भन्या तिमीहरूका हात कलम हुन्या छ सो वुझि काम गर भनि रसदलाई भन्र्याहरूलाई उदि दिन्या काम गर शुभम्—

येहि वेहाराको चिठी श्री मेजर जनरल कृष्ण ध्वज कुवर राणाजी मेजर कप्तान् महारूद्र षतृ प्रोहीत चतुर्भुज दत्त अर्ज्याल मेजर कप्तान भैरव वहादुर पांडे सुवाधन सुन्दरे सुवा चेतनाथ पाध्या सुवा ईश्वरी प्रसाद अर्ज्याल लेफटेन. रा. मुं. सुवा मान सरवरसि षुवु गोदाम लेफटेन नरध्वज कार्की लेफटेन चन्द्रवीर विष्टहरूलाई ठाउंठाउंका गोदाम गोदाममा लेषिगयो.

तेस्तै विचमा ल्हासाका टुंउतारिन् अम्वावाट श्री गोर्खा सरकारमा लेखि आयाको उप्रान्त यो साल ९ महिनामा ८ दिन जांदा आफुवाङवाट हामी ताठिनलाई पठायाको पत्र १० महिनाका ८ दिन जांदा आई पुग्यो अर्थ मालुम भयो पत्रका वेहोरा भोट्ये झुंपुनले वन्दोवस्त नमानि जगात लि थिचमिच लुटपिट गरि मारि आफ्ना राज्यका पर्जा पोरका मालमा नेवार प्रजा र च्यावेचनाछ्यां दुवर प्रजा दुई तिर हतियार ली झगडा गर्दा त्यो काममा जस्ताको तस्तो निसाफ गरि छिनि दिआथ्यु हामीले गऱ्याको वन्देज मन नपऱ्या जस्तो भयेछ फेर आफुवाट श्री ५ वादशाहलाई सिपाहि पठाई गुहार गरि कुल गऱ्याको भस्म गरौला भन्याको र हाम्रा लाग्याको षर्च भोट्याले तिर्नुपर्छ भन्याको यो सवै लेष्याको वेहोरा हामी तोटिनले पुराना ढडामा विस्तार विचार गरि हेर्दा भोटको केरू कुति २ जगामा वेपार गर्न्या प्रजासंग जगात् लिदा अघि छ्याङलुङ ५७ सालमा ठुला च्यानचुन् दुंथ्वाङ फुङका पालामा सल्लाह वन्दोवस्त गरि अजि चह्राई सक्या पछि २ तिरको धेरै वर्ष भयो केहि कुरा छैन पछि तौक्वाङ २६।२७ सालमा ति झुपुनहरूले मनोग्य जवरजस्ति लियाका कारणले आफु वाङवाट चिठी लेखि आउंदा र सौगात चह्राई फर्कि आउंदा काजिले यामनमा मुषजमान विन्ति गर्न आउन्या वित्तिकै अधिका ताठिन् छि अम्वारपिन अम्वाले ति दुई तिरका झुपुनलाई छुट्टाछुट्टै गरि झिकाई डंडशासना र अधिका सालमा वन्दोवस्त गरि राष्याको फेरी नआ सारि जांची आफु वाङलाई पनि दि पठायाको हो आहा पनि छ ताहाको दफदरमा पनि सहि पत्र होला हामी ताठिन आहा आई पुगि वदना काम गऱ्यापछि अधिका वन्दोवस्त मानी काम गर जवरजस्ति नगर भनी जगा २ का झुपुनलाई दस्षत लेषि पठायाको छ सदासर्वदा मानी काम गर्नुपर्छ आज हामी ताठिनलाई पठायाका चिठीमा नजर गर्दा केरू झुंगा सिकार झुं जगा २ का झुपुनले वन्दोवस्त नाघी जगात दाम चामल आफ्ना अम्वलका प्रजा गैह्रसंग मिलि एक हट्टि गरि किन्दा वेचदा अथवा लोभ गरि लिदा लाज होला भनि जान्याको छैन क्या जो भयाको दस्तर चिजविजको स्यालि लिनु हुन्छ जवरजस्ति गरि दुष दि हेमायेत गरि चढन्या

गोरूका भारि हाङफोङ प्रथम सालमा सिर झुमको झुपुन नेपादोज्र्येले षुबु आफ्ना देशका प्रजालाई कुति मान्याको फेरी ज्यू धन्या भन्याको भोट्या हाम्रा मुलुकको हो फर्कि नेपाल आउंदा चौपाया सबै लुटिदियो र . झुगा देशमा सिद्धिनारानको भारि फोरि झिक्याको र चिठि पुऱ्याउन जान्या जिउ नांचालाई किन्दुपते भन्याका जगामा षोसि लियाको र वारंवार जवरजस्ति गऱ्यो भन्याको सबै वेहोरा अचम्व भयो हामी ताठिनले विचार गर्दा भोट्या र गोर्खा इ सबै श्री ५ वादशाहका प्रजा हुन् येस्ता नहुन्यामा भारदारले विचमा मनोग्य गरि दुष दिंदा आफुवाङले पत्र पठायाको हो. हामी ताठिनले तेस्तालाई माया मान्याछौ न येस्ना दुर्जन हिमाईत्यापाली श्री ५ वादशाहवाट मायागरि टाकाका वेपारिलाई जगात ज'न किंचित् मात्र लिनु आजपनि स्वहि चिठी लेषि टक्सारमा काम काज गर्न्या लेष्ने आछि थुहु थुषे थुलामा ज्यू ज.न काजिहरूलाई आफनु विरानु नेदेषि सोझो निसाफ गर्नु भन्याको छ . आफुवाङको चिठीमा लेष्याको वेहोरा येक एक गरि जरा-देषि छुट्याई निश्चय निर्मल काम गर्नु भन्याको हो कसो ठह्न्यो उसै घडिमा रौ प्रमाण कसर नराषि पक्षेवादि भै गुप्त गरि काम नगर्नु भनि सान्है गरि निसाफ गर्नु भनि अह्राको छ . त्यो उत्तरा आयापछि हामि ताठिनले पनि फेरी वेस गरि वेहोरा विचार गरि सान्है डंड सासना गरौला र आफुवाङवाट पठायाको नेवार षाम्वालीको झगरा गऱ्याका अर्थमा भोट्याले जिम्मा लिनु पर्न्या हो . सिपाहि गुहार गर्न पठाउछौ भन्दा षर्च लाग्यो भन्याको काम वेस गरि विचार गरी लगत्तै चिठी लेषि चित्त वुझन्या गरि पठाउला यसर्थ अघि यो चिठी पठायाको हो हाङ फोङ ४ साल ११ महिनाका २१ दिन जांदा

तेस्तै विचमा श्री गोर्खा सरकारवाट ल्हासाका टुउनारिन अम्वालाई लेखिगयाको हाङफोङ ४ साल ११ महिनाका दिन २१ जांदा लेषियाको आफुहरूको पत्र माघ महिनाका दिन १७ जांदा आई पुग्यो अर्थ मालुम भयो उप्रान्त अघि आफुवाङवाट भोटले विजाई विछत गऱ्याको कुरा हामि ताठिनलाई लेषनु भयाको सबै वेहोरा लेषि येक एक गरि जर'देखि छुट्याई निर्मल काम गर्नु आफनु विरानु नदेषि सो काम गर्नु पर्छ भनि टक्सारमा काम काज गर्न्या लामा ज्यू र काजिहरूलाई लेष्याको छ भन्या विस्तार लेषनु भयाका कुरा ई अघि हामीवाट आफुहरूलाई लेष्याका चिठीको जवाव चाडै आवला भनी धेरै दिनसम्म वाटो हेरि पर्ष्याका थिइं ढिल भैजवाव नआउदा फेरी आफुहरू-का नाउंको चिठी र चार काजिको नाउंको चिठी १ श्री ५ वादशाहका हजुरमा जौन कुराको अर्जि हामिले चह्राई पठायाका छौ उस्तै काम हामीले गर्नु पर्न्या छ अर्जिमा विन्ति गर्नु येक थोक काम गर्नु अर्को थोक हामी-वाट हुन्या छैन सो वुझनु होला १९११ साल माघ शुदि १२ रोज २

माघ सुदि १३ रोज ३ मा

ताहा पछि श्री प्राइम मिनिष्टरका हजुरमा श्री मेजर जनरल कृस्न ध्वज कुंवर राणाजिवाट लेषि चह्राई पठा-याको दसषत २ पठाई दियाको छ . चैत्र मैह्लासम्ममा डेढ वर्षलाई षान पुग्न्या गरि रसद जमा गर्नु पाषिनम्वुका वषुदो चातयार गर्नु वैशाष ज्येष्ठमा सायतको कागज र वढनु भन्या हाम्रो चिठी नआउजि . आफुलाई चाहिन्या रसद षर्च जाना ताकित गर्नु रसद मुलुकलाई झारा लगाई वोकाउन्या काम गर्नु भाउका कुरालाई तिमीले अघि षरिद गर्दा क्या भाउले षरिद गऱ्याथ्यौ पछि क्या भाउ षरिद गर्न्या छौं दुवै पटकको षरिदका मेजा मिलाई क्या भाउ ठहर्छ उसै भाउमा दिनु . ताहावाट लस्कर उठ्दा झारूलिले नपुगि ज्याला मजुरी गरि लैजानु पऱ्यो भन्या ज्याला मजुरीको हिसाव गरि भाउ ठेकि दिन्या काम गर्नु भनि लेषि वक्स्याको रहेछ वहुत वढिया भयो दसषत २ आई पुग्यो वैशाष जेठसम्ममा रसद वर्ष जाना पाषिको वषुदोचा गैह्रको ताकिति पनि गरुला पल्टनलाई रसिद दिंदामा पनि तर्जुमा गरि दिन्या काम गरौला सायतका काम गर . मर्जि आयापछि वढन्या काम गरूंला . मुकाम जुमला गल्फादरा शुभम—

माघ सुदि १४ रोज ५ मा

ताहा पछि श्री प्राइम मिनिष्टरका हजुरमा कप्तान भैरव वहादुर पाडे प्रोहित चतुर्भुज दत्त अर्ज्याल सुवाचेत नाथ पाध्या सुवा धन सुंदरहरूले लेषि चह्राई पठायाका

मुलुकवाट आयाको रसद भर्दा स्याहामा चह्राई रसिद गरि रसिदको नकल सारि सौंपि दिनु रसिद पायनौ भनि कोहि कराउन आया रसिद नदियाको ठहऱ्यो भन्या तिमीहरूलाई दोचन्दा जरिवाना होला . गोदाममा चावल नवुझी वुझ्यौ भन्या कित्यां रसिद गरी दीयाको ठहऱ्यो भन्या तिमीहरूका हात कलम हुनन् सो वुझि काम गर भनि शिक्ष्या पत्र आयाका अर्थ मुलुकवाट आयाको रसद भर्दामा पल्टनका हुद्दा ज्म दार षडा राखि सिपाहिहरू-लाई भर्नु लग ई जस जस्को भरि सकियो स्याहा चह्राई रूपिया दरि रसिद लेखाई सहिछाप गरि दुनिआ दारका हातमा रूपिया रसिद दिन्या काम गर्छौं रसिद नदि दुनियादारलाई कसैलाई पठायाका छैनौ . गोदाममा चावल नवुझी वुझ्यौ भन्या कित्यां रसिद गरि दियाको ठहऱ्यो भन्या यो ज्यूधन षामिदैको हो षुसि गरि वक्सनु. केरूका ढेवा पुरानु षारेज गरि नया ढेवा भोलि पसि आइपुग्छ आजकाल माथिवाट ताहा रहन्या ढेवालाई दिन प्रति हुलाकमा वरावर चिठी आउदै रहंछन् मंछन् मुकाम टिमुऱ्या शुभम—

माघ सुदि १५ रोज ५ मा

श्री प्राइम मिनिष्टरका हजुरमा विगिडियेर जनरल षड्ग वहादुर कुवर राणाजिवाट लेषि चह्राइ पठायाको वलाङचुङ हटिया च्यांटां . हाम्रा सिवानादेषि उत्तर भोटका मुलुकमा चेवा पठाई चौरी लुलु गदाहा षचर भेदा वाषा . रसद वोक्न्या जनावर जो छन् तलास् गरि येति यस ठाउमा रहेछ भन्या तहकित गरि लेषि पठाउन्या काम गर भन्या दसखत आई पुग्नी मात्र पाका हुसियार मानिस चेवालाई षताई अघि अघि लगुर पार जानु आउनु पर्न्या हाम्रा वालाङचुङका भोटेहरू समेत अगुवा लगाई पठाउन्या काम गरन्यां इनिहरूले चेवा वुझी आया पछि हजुरमा विन्ति चह्राई पठाउन्या काम गरूला . वलाङ चुङमा लैजान्या रसद दोहागढीवाट लैंगी विजैपुरवाट लैजान्या वन्दोवस्त कस्को वुद्धिले गरिस् दोहागढीवाट विजैपुरवाट वलाङचुङलाइ टाढा नजीक कुन् वाटो रहेछ त्यो पनि हिसाव गरि सकी जसले ज्या भन्यो उसै वमो-जिम गरिस् यस्तै तजवीजले रसद पुऱ्याउन सकलाल् भन्या जस्तो देषियो दोहागढीमा १ गोला र वलाङचुङ-मा १ गोला तयार गरि रसद ताकिति गर्न्या काम गर भनि लेषि वक्स्या कार्य वाटाका कुरालाई दोहागढीवाट १७ दिनमा विजैपुरवाट १४ दिनमा वलाङचुङ भारि वोकन्या मानिस पुग्दा रहन्याछन् . विजैपुरवाट रसद चलाउन्या कुराको तजवीज र पाहाडका दुनीआले आफ्ना आफ्ना अडामा वोकनाको पनि माझ पर्न्या मधेसका रैयेतलाई पनि रसद ल्याउनाको विजैपुरमाझ पर्न्या रसद भर्न्यालाई पनि दोहागढीमा पक्का घर नहुंदा हाल वनाई तयार नहुनाले विजैपुरमा ता पिंडेश्वरको पक्का घर हुंदा पछि कदाचित् रसद उठि सकेन . केहि वाकि रहन गयो भन्या पनि जगेरा राषनालाई दोहागढीमा सिवानाको छेउ पनि पर्न्या संभार मद्दत पनि नपुग्न्या विजैपुरमा भिलि माझ पनि पर्न्या. पक्का घरमा राषि सै संभार पनि हुन्या आहावाट मद्दत पनि पुग्न्या रसद चलाउदा वाटो पनि येहि वाटो मूल सडक गरि षतियाको दुनीयाले येहि वाटो वोकनामा राजि हुंदा यसै वाटो गरि रसद पनि चाडो पुग्ला दुनिआलाई पनि सुविस्ता हुदो रहेछ भन्या आफ्नु चित्तमा ठहर्दा . सो तजवीज गरि विजैपुरमा रसद भराई यो वाटो रसद चलायाको हो येस मैल्हाका ५।७ दिनदेषि रसदका भारि रोजका ७।८ सयदेषि हजार वाह्रसै भारिसम्म वरोवर चलन लागि रहेछ . फागुन-सम्म चलाई केहि रसद वाकि रह्ये उठि सकेन भन्या सक्यासम्म धनकुटा ल्याई राषुंला भयेन भन्या पिंडेश्वरका पक्का घरमा जगेरा राखनाको तजवीज गरि रह्या छु हजुरवाट दोहागढीमा गोला तयार गरि राषनु भन्या मर्जि आयो . दोहागढीमा गोला घर वनाउन्या होकि विजैपुरमा पिंडेश्वरको पक्की घर छंदै हजुरका तजवीजमा जो ठहर्छ मर्जि आया वमोजिम काम गरूंला अघि तलाई वलाङचुङ वस्तु भन्याको हो अवर म डिगर्चा पुग्या पछि तैले पनि आउनु पर्न्याछ . ताहाका पल्टनलाई दोचा वषु मोजा हिउ जाडोमा लाउन्या लुगाहरू सवै तयार गर्न काम गर भनि मर्जि आया वमोजिम पल्टनलाई पनि आफ्नु आफ्नु चाहिन्या सवै कुराको तयारि गर भनि उर्दि पनि दी रह्याका छु आफ्नु तयारि पनि गर्दैछु सवै चाहिन्या कुराको तयार गरी हजुरका सवारि भया पछि मैले पनि आहावाट फौज लि जान्या काम गरूंला तोपका गोला ५।५ सये र १५।१५ सये गिराफ तयार गर्नु

तोप अ हावाट आउदैन . इलामको टोप झिकाई तयार गर भनि लेषि वक्स्याको अर्थ अघि हजुरवाट २ टोपको सराजाम तयार गर्नु भनि मर्जि आयाको हो मैले र आहा भयाका ४ पनिका टोप ४ लाई गोला ३।३ सये गिराफ सयेसम्म वनाउनाको तजवीज गरी येस् मुलुकमा कालिगदहरू पनि उस्तो रहेन छन् जो भयासम्मका कालिगदहरू जम्मा गरि वनाई तयार हुन लाग्यो अवर हजुरवाट गोला ५।५ सये र गिलाफ १५।१५ सये तयार गर्नु भनि मर्जि आया पछि मर्जि वमोजिम सक्यासम्म ताकिति गरि जतिसम्म सकियेला तयार गर्न्या काम गरूंला इलामको तोप १।। पनिको पुरानु कामको पनि छैन मन्दा झिकाइन तेस तरफका पल्टन कंपनिको हाजिरी गरि लेषि पठउनु भनि मर्जि आया वमोजिम पल्टन कंपनिको हाजिरी फर्द चह्राई पठायाको छ जाहेर होला नआ पल्टनलाई चाहिन्या रैवन्दि वमोजिम पिपा ज्मादार २ हवल्दार २ पिपा १०० ताहा भर्ना गर्न्या काम गर भनि मर्जि आया वमोजिम भोटे किरातीलाई झिकाई रह्याछु . भर्ना गर्न्या काम गरूंला सुषिमका राजावाट हजुरमा सौगात लि लामाहरू पठाउन्या छु भनि लेष्याको वेहोरा विति चह्राई पठायाको हो ति लामाहरू घोडा २ र अरू भारी समेत ली इलाममा आई रह्याछन् भनि सुवेदार केसर थापाले लेषि पठायो अव ति लामाहरूलाई हजुरमा पठाई दिन्या होकि जो मर्जि श्री पंचमिका दिन ताहा रह्याका र आहाका पगरिहरू सवै रोलमा वढ्यातं पनि विर्गिडियेर जनरल भइस् रोलमा वढन्या पगरिको फर्द पनि पठाई दियाको छ भनि मर्जि भै आयो तपसिलका फर्द पनि आई पुग्यो सिर चह्राई षुसि आल्हाद भआ हजुरमा भेट सुनाका माझा अर्सफि पठायाको छ दाषिल होला ल्हासाका लामालाई चिनवाट रहन्या अम्वा २ ले कयेद गरि गोर्षासित घांगछु भनि कुतितिर गया षाम्को राजा आपनु फौज लि सक्ये सहरमा आई रहेछ भन्या र लंगुर पारका सिवानामा वस्न्या रैयतहरूले गोर्षाका राज भया हामी गोर्षा सीमा-नामा हामी राजि छौं भंछन् भन्या कुरो लंगुर पारवाट आउन्या मानिसहरू गर्छन् भन्या षवर सुनिछ मुकाम धनकुट्टा शुभम्—

माघ सुदि १५ रोज ५ मा

तेस्तै वखतमा श्री प्राइम मिनिष्टर श्री जनरल वद्रि नरसिंह कुवर राणाजिलाई लेषि गयाको भोट तरफका जङ्का कुरामा थुलो काम छ . अघ्यालि पनि पार्नु पर्छ सलुकमा आयेन भन्या इन राजी गर्नु भंछन् भन्या आपना चित्तमा आयाको कुरा वढिया विन्ति गरि पठायाछौं . यो ठुलो काम छ . वषत अन्सार गर्न्या कुरामा वांकि रहन्या छैन . गरिन्यै छ . स्वास्नी मानिसहरू माझिहरू-का कुरामा लेषिया वमोजिम आपना तालुक भरका जग्गामा उंदि दिन्या काम वढिया गर्न्या छौ वरष पल्टन-का पिपा १२० सम्सेर जङ्गको झिकियाका पिपा ज्मा वारी पल्टन हिडदा हर्कत नहुन्या गरि तयारि गरि राषन्या काम गर्नु पल्टन . षटियाका वेलामा . नीज जवानहरू वाथ भिरंगि . अरू वेथाले . थलि विकम्वा भयाकालाई षोसि नआ . जवान . भर्ना गर्न्या होकि जो मर्जि भनि लेष्याका कुरालाई तिआ तजवीजले लडाजीमा जान नसकदा विरामीलाई षोसि अरू नआ जवान भर्ना गर्न्या काम गर्नु आट्या पछि वेला अनुसार काम गरि वक्सीयेछ भन्या विस्तार वढियाहो दर्माहा पाउनु पर्न्या क्या रूपिआ हो हो भनि लेष्याका कुरालाई अघि लेषि गया वमोजिमका दरले १२ साल वैशाष १ दिन १ रोज देषि मैह्नावारि मोहरू रूपिआ दर्माहा पाउन्या छन्. लेषि गया वमोजिम मानिस झिकाउनु . जगा जगामा हुदा सिपाहि षटाई पठाउन्या र दसषत् १ को मसौदा आहा पठाउन्या औ ५।७ पगरि र हुदा सिपाहि गरि ४०।५० जनालाई दर्शन गराउन्या काम . वेस भये छ दस्षतको मसौदामा छाप गरि पठायाको छ . त्यो दस्षत जगालाई देषाई मानिस झिकाई लेषि गया वमोजिम . भर्ना गर्न्या काम चाडो गर्न्या वढिया होला ताहा वसि हुंछ तापनि पोषरासम्म जानु पर्छ तापनि गै लेषिया वमोजिम भरमगदुर गर्न्यैछौ भन्या मलाई निश्चये छ मोस्ताङ तरफ रसद षरिदका कुरालाई साज सवेरमा . रसद षरिदका रूपिआ या कुराको दस्तष पनि भै आउला लेषिया वमोजिम श्री वरष पल्टनको जमादार हुदा सिपाहि समेत येक पट्टि र तेस पट्टिलाई चाहिन्या षर्चजाना स्मेत दि अह्राउन्या कुरा सवै अह्राई लेफटेन अम्वरसिं

कुवर राणाजिलाई फागुण लाग्न्या संक्रान्तिका भोलिपल्ट विदा गरि मोस्ताङ तरफ पठाउन्या काम गर्नु मोस्ताङ तर्फ चौरी झोवा भेडा ज्मा गर्न्याका जनावर गैह्रका कुरालाइ घांस पनि जस जसका वस्तु हुन् उनै उनैले षोजि षुवाउनु ज्याला मजुरि तिनीहरू पाउन्या छौ . ज्याला मजुरी दि मोस्ताङवाट रसद वोकाई लैजान्या वेलालाई हाजिर गरैला लुकाई छपाई आफ्ना आफ्ना जनावर वषत्मा हाजिर गरेनौ भन्या हाम्रा जिये धनको षुस गर्नु भन्या जस जसका चौरी झोवा तायेदात भयाका छन् उन्हेहरूको मुचुल्का लेषाई ली मोस्ताङवाट रसद वोकाई लैजान्या वेलालाई हर्षत् नहुन्या गरि ज्याला मजुरीको वन्दोवस्त गरि वोकाई झुगासम्म लैजान्या काम गर्नु झुगा पुग्यापछि केहि उजुर गर्न्या भन्या जस जस्का जनावर छ इ तिनको चित्त वुझाउला यस्ता रितसंग जनावर दवाउना छपाउना नपाउन्या गरि काम गर्नु रसदका अर्थलाई र सक्या अरू पल्टनलाई समेत पुगि आयेन भन्या . श्री वरष पल्टनलाई नअडकन्या गरि वोकाउनु मोस्ताङदेषि पल्टन झुगा तिर जान्या कुरोलाई ज्ञाहावाट चिठी गया पछि जान्या काम गर्नु रसद षरिद गर्न्या रूपियाका तहविल लेफटेनसंग रहला आम्दानी षर्च लेषन्या वहिदार १ पठाउन्या तर्जुमा गरि रह्याछु भनि लेष्याका कुरालाई आम्दानी षर्च लेषन्या १ वहिदारले मात्र पुगेन तेस्मा मैह्रा वारि पैसा रूपिआ ९ का दरले २ नौसिन्दा समेत हालि पठाउनु . षरिद गर्न्याका रसद झुगामा चलान नहुन्ज्याल ज्मा गरि राषनालाई गोदाम घर कस्ता वेहोराले वन्दछ भनि लेष्याका कुरालाई थाक थेनि ५ गाउं झार्कोट मोस्ताङ छार्का जस् तरफलाई झारा गरि गोदाम घर वनाउन लगाई संभारसंग राषन लगाउन्या काम गर्नु श्री वरष पल्टनलाई फागुनका कति दिन वाकी छ दामा मोस्ताङ तरफ पठाउन्या हो . भनि लेष्याका कुरालाई चाहिन्या षर्च जाना गैह्रको तरताकित- गरि ठिक पारि राषनु फल दिन श्री वरष पल्टनलाई रवाना गर्नु भन्या ज्ञाहावाट लेषि आयापछि येक छिन विलम्व नगरि मोस्ताङ तरफ पठाउन्या काम गर्नु शुभम—

फागुन वदि २ रोज ७ मा

यस्तै वषतमा श्री प्राइम मिनिष्टरका हजुरमा नाईक्या राम सुन्दरले लेषि चह्राई पठायाको माघ सुदि १० रोज ७ का दिन कुति पुगि ढेवालाई चिठी दिंड्यु टिगरिमा वस्न्या ताल्वेय र घांपोसंग साधि पठाउनु भन्यो टिगडीवाट जवाफ फागुण वदि १ रोज ६ मा आयो टिगडिसम्म हुल्याक दि पठाउ भनि पठायो भनि कुतिका ढेवाले फागुण वदि २ रोज ७ मा हुलाक दिंदा म टिगडि गड्यु चिनको लडाञीमा वादशाहको जित भयाको चिठी आयो भनि कुतिका ढेवा र प्रजाहरूले हर्ष वढाइ गर्न्यो . केरूंका कुरामा ल्हासाका ४ काजिका भोट्या षर्दार टिगडीमा आई जाच गर्न आया मंछन् . ल्हासाका नायेक सिद्धिराज केरूंवाटो नेपाल आयो भंन्छ शुभम्—

फाल्गुण वदि ३ रोज २ मा

श्री प्राइम मिनिष्टरका हजुरमा कप्तान् भैरव वहादुर पांडे प्रोहित चतुर्भुज दत्त अर्ज्याल सुवा चेतनाथ पाध्या सुवा धन सुंदरले चह्राई पठायाको केरूं गाउंको जीउ कुंगा भन्याको हाम्रो वोलिले हेरकोर गर्न जान्या भोट्या स्वास्नी छोरि समेत आफ्नु भयाको लट्टी पट्टीली हाम्रा सरहदमा पिछा जान्छु षेति पाति गरी वाहि वस्ंला भनि आई त्रिशूल गंगासम्म पुग्याको रहेछ उस्तै वषत्मा केरूंका ढेवाले थाहा पाएछ र ४ गोटा भोट्यालाई लह्राई जहा फेला पार्छस् वहिदेषि वांधी ल्याउनु भनि पठायाका रह्याछन् . ति भोट्याले सांघुमा फेला परेछ र ताहादेषि मुल वाटो छोडी येक वारको वाटो ल्याई गोलजुं भन्याको भोट्या गाउंमा ल्याये छ कुटपिट गर्दा छोरीलाई भगाई षाम सुम्दी ढेवा सित स्याफ्रुमा पठायेछ र वाहादेषि लोग्न्या स्वास्नी पक्रन आउन्या भोट्यालाई लिन पठाउदा ४ भोट्यामा १ भोट्या भागी केरूंमा गयेछ ३ भोट्या र लोग्न्या स्वास्नीलाई ल्यायेछ भोलि पल्ट ढेवाले ति भोट्या सवैलाई लिकन हामीहरू भयाका ठाउमा आयो हामीहरूले . श्री मिनिष्टर साहेवको मर्जि छ . शरणा पिछामा आउन्याहरूलाई संभार गरि राषनु भनि मर्जि छ ऐले हाल तेरा स्याफ्रु गाउमा लगि राषि छोड . हजुरमा विन्ति गरि पठाउला र जो मर्जि भै आउला सो वमोजिम् गरूंला भनि ढेवाका जिम्मालाई स्याफ्रुमा लगि राष्याको छ . पक्रन आउन्या भोट्या .

अब हामि पनि केरू जादैनौ पक्रन पठायाकालाई नलि गयादेषि सास्ति गर्छ जहिं पिछामा रहंछौ भंछन् जहि टिमुन्यामा वस्याका छन् तिनहरूलाई क्या गर्न्या हो जो मर्जि मुकाम टिमुन्या व्यसि शुभम्—

फागुण वदि ४ रोज ६ मा

ताहा पछि श्री प्राइम मिनिष्टरबाट मोस्ताङगी राजा आगोन् कुंगांनुर्वुलाई लेषि गयाको लेषि गया वमोजिम ताकिति गरि छार्काघेलु मोस्ताङ अम्वल भरमा चौरी १९६० झोवा ९० लुलु ३७० गदाहा ११७ भैंदा च्यांग्रा २६०६ जमा जनांवर ५१४३ भारि वोकन्या मानिस ६० यंतिज्मा भयो भन्या र वंदुक समेतका दुई सये सिपाहि तयार गर्न्या भन्या लेषि आउन्दा वषतमा काम गर्नु यस्तै हो वढिया गन्याछौं म तिमिदेखि वहुत षुसि भजा जंगि काम चलन लागि रहेछ . येस्तै रितसंग निमक समझी काम गर्नु अनाज रसद निमित्त जनावर मानिस स्मेतको नुन् भारि हजार वाह्र सये ली कागवेनि जगामा गै दसखत् देषाई तम्रा लाग्याको जगात दैदस्तुर मान लेउ थाक गै अनाज षरिद गर्छौं भन्दा दस्षत नटेढी रोक-टोक गरि नीज वाह्र गाउल्याले हुल गर्दा मोस्ताङगी जनावरलाई कुटपिट गरि रगतपछे पनि भयो येस्तो भया श्री ५ सर्कारको टहल कसो गरि गर्न्या हो भनि लेष्याका कुरालाई इ दुइ थरका झगडीको कसैको पक्षेपात र कसैको घुस नषाई अघिदेषि चलि आयाका रितमा जसले अध्यली गरि हुल गन्याको ठहर्छ येस्लाई कायेल-नामा लेषाई पक्रि नेल ठोकि राषनु अघिका रित वमो-जिम मोस्ताङगीलाई जादा आउदा षुला गरि दिनु भन्या वेहोराको कपतान् अम्वरसिं कुंवर राणाजिलाई दस्षत् गरि पठायाको छ निसाप होला येस्तै ताकितिसंग काम गरौला भनि ११ सालदेषि दान भन्सारको पनि अमानत काम गर्नु भनि तिम्रा नाउमा पट्टा गरि पठायाको हो ताहाका भारि वोकन्या जनावर गैहको ज्याला मजुरीमा वन्दोवस्त गरि जनावर जम्मा गर्न र रसद षरीद गर्ना निमित्त येक पट्टि सिपाहि ली कपतान् अम्वरसिं कुंवर राणाजि ताहा आयाका छन् इनले लाया अह्राया वमोजिम तेस तरफका सवै सामिल भै जंगि कामको रसद वोकन्या जनावर गैहको वन्दोवस्त गर्न्या काम गन्या वढिया होला शुम्भम्—

(क्रमशः)

ABOUT THE AUTHORS

Mr. Raimund O. A. Becker - Ritterspach	—Architect and Planner, West Germany
Mrs. Riddhi Pradhan	—Chief Exploration Officer, HMG, Department of Archaeology
Mr. Tirtha Lal Naaghaa Bhani (Rajbhandari)	—Research Scholar, Nepal
Miss Sushila Manandhar	—Assistant Lecturer, CNAS/TU, Nepal
Mrs. Sarala Manandhar	—Anthropologist, HMG, Department of Archaeology

'प्राचीन नेपाल' का निमित्त प्रागू–इतिहास तथा पुरातत्त्व, लिपिविज्ञान, हस्तलिखित ग्रन्थ, मुद्राशास्त्र, अभिलेख, मानवशास्त्र, संग्रहालय तथा ललितकलासंग सम्बन्धित मौलिक रचनाको माग गरिन्छ ।

रचना संक्षिप्त तथा प्रामाणिक हुनुका साथै अद्यापि अप्रकाशित हुनुपर्दछ । तर कुनै प्रकाशित विषयका सम्बन्धमा नयाँ सिद्धान्त र प्रमाण प्रस्तुत गरिएको भए तिनको स्वागत गरिनेछ ।

रचनासंग सम्बन्धित चित्रहरू पठाउन सकिनेछ । रचना पृष्ठको अग्रभागमा मात्र लेखिएको हुनुपर्नेछ । प्रकाशित लेखहरूमा व्यक्त गरिएको भावना वा मत सम्बन्धित लेखकको हो ।

महानिर्देशक
पुरातत्त्व विभाग
रामशाहपथ
काठमाडौं, नेपाल

Contribution of original nature dealing with pre-historic and field-archaeology, epigraphy, manuscripts, numismatics, archives, art, anthropology and architecture of Nepal and museum and other techniques connected with various aspects of our work are invited to **'Ancient Nepal'.**

The contribution should be concise and well-documented, and based on hitherto unpublished data, if not new interpretation of already known evidence.

The opinions expressed are those of the authors and do not necessarily reflect the views of the editor or the Department of Archaeology.

Photographs and illustrations (line drawing) may be sent. The typescript should be in double space and on side of the paper only sent to:

The Director General
Department of Archaeology
Ramshahpath
Kathmandu, Nepal.